जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २८ अंक १ २०८३ वैशाख ६ गते आइतबार (Apr. 19, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## कान्छो उमेरका प्रधानमन्त्रिका अधिकांश निर्णय त्रुटीपूर्ण

# स्थानीय र प्रदेश सरकार मुख्य चुनौती

काठमाडौं। कान्छो उमेरका प्रधान मन्त्रिकारुपमा प्रचार गरिनुभएका बर्तमान प्रधानमन्त्रि बालेन्द्र शाहका अधिकांश निर्णयहरु त्रुटीपूर्ण देखिएका छन्। जसलेगर्दा उहाँ गत चैत १३ गते प्रधानमन्त्रिमा नियुक्त भएपछि आक्रामक ढंगले प्रस्तुत हुनुभएको थियोभने हाल बिपक्षी पार्टीका चुनावी घोषणापत्रलाई समेत समेटेर मेलमिलापको राजनीतिक अभ्यासमा लाग्नुभएको देखिएको छ। अर्कातिर केन्द्र सरकारका हरेक निर्णयलाई स्थानीय र प्रदेशहरुले चुनौति दिन थालेको देखिएको छ। प्रधानमन्त्रि बालेन्द्रले शुरुमा एमालेका अध्यक्ष तथा पूर्ब प्रधानमन्त्रि केपी ओली र नेपाली कांग्रेसका नेता तथा पूर्ब गृहमन्त्रि रमेश लेखकलाई पक्राउगरेर आफ्नो शासन शुरु गर्नुभएको थियो। तर एकसातापछिनै उहाँको कदम त्रुटीपूर्ण देखिएपछि ओली र लेखकलाई रिहा गर्नुपर्‍यो। हालैमात्र सर्वोच्च



अदालतले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा पक्राउपरेका पूर्वमन्त्री एवं कांग्रेसका नेता दीपक खड्कालाई पनि थुनामुक्तगर्न आदेश दिएको छ। सर्वोच्चले खड्काको पक्राउ र म्याद थप प्रक्रिया कानूनसम्मत नदेखिएको निष्कर्ष निकालेको छ। त्यसपछि उहाँले आफ्नै सल्लाहकारको नेतृत्वमा संविधान संशोधनका लागि कार्यदल गठन गर्नुभएको थियो। जसको पहिलो बैठकमै संसदमा रहेका अन्य दलहरुले बिभिन्न प्रश्न उठाएका थिएभने हाल संयोजक तोक्ने प्रक्रियानै त्रुटीपूण रहेको देखिएपछि त्यसलाई पनि सच्याउनुपर्ने भएको छ। त्यतिमात्र नभएर रास्वपाका नेता तथा अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले लगायतले ०७२ को संविधानप्रति वर्तमान सरकारको पूर्णवफादार रहेको बताउनुभएपछि अब संविधान संशोधनको मामिला पनि तत्काल सेलाउने अवस्थामा पुगेको छ। बर्तमान सरकारले ०७२ को संविधानमा रहेका संघीयता, जातीय समाबेशी, धर्मनिरपेक्षता र समानुपातिक निर्वाचन प्रणाली लगायत कुनैपनि बुँदाहरु परिवर्तन गराउन नसक्ने अवस्था सिर्जना भएको छ। गणतन्त्र हटाएर राजतन्त्र स्थापना गराउने कल्पना बाहिरको कुरा भएको छ। मन्त्रिपरिषद्को गतसाताको बैठकले ०६२/६३ सालयता सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी र उच्च पदस्थ अधिकारीको सम्पत्ति छानबिनगर्न आयोग गठन गरेपनि त्यसमासमेत बिभिन्न कानूनी अडचनहरु देखिएका छन्। त्यसैगरी सरकारले भदौ २४ गतेको घटनाको छानविन गराउन **बाँकी ८ पेजमा**

## क्रान्तिकारीद्वारा बर्तमान सरकारको बिरोध

काठमाडौं। क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका प्रबक्ता हेमन्त प्रकाश वलीले एक बक्तब्य प्रकाशितगरी मुस्ताङमा युरेनियम उत्खनन्गर्न अनुमति दिने राष्ट्रघाती कदम रोक्न सरकारसँग माग गर्नुभएको छ। उहाँले जारीगरेको एक प्रेस वक्तव्यमा नेपालको मुस्ताङ जिल्ला अन्तर्गत उपल्लो मुस्ताङको लोमान्थाङमा नेपाली सेनाको रोहबरमा अमेरिका र अष्ट्रेलियाको संयुक्त प्राविधिक टोलीलाई सरकारले युरेनियम उत्खनन्गर्ने अनुमति दिँदैछभन्ने समाचारप्रति पार्टीको गम्भीर ध्यानाकर्षण उल्लेखगर्दै त्यस प्रकारका राष्ट्रघाती कदम रोक्न बर्तमान सरकारसँग जोडदार माग गरिएको छ। वक्तव्यमा गत तीनगते प्रकाशित एक अनलाइन पत्रिकाकाअनुसार यसबारे विस्तृत जानकारीदिँदै अमेरिकी नेतृत्वको प्याक्स सिलिका नामक गठबन्धन मार्फत यो कार्य हुँदैछ भनिएको छ। बक्तब्यमा अझ गम्भीर कुरा त उक्त उत्खननका लागि एमसीसीद्वारा निकालिने बिद्युत प्रसारण लाइन यसका लागि प्रयोग गरिनेछ। सो समाचारबारे सत्यतथ्य स्पष्ट पार्न र त्यस प्रकारका राष्ट्रघाती कदम रोक्न हाम्रो पार्टी **बाँकी ८ पेजमा**

## नेपाली कांग्रेस औपचारिक रुपमा बिभाजित

काठमाडौं। नेपाली कांग्रेस गत शुक्रबारबाट औपचारिकरुपमा बिभाजित भएको छ। सर्वोच्च अदालतले गगनकुमार थापा नेतृत्वको नेपाली कांग्रेसलाई आधिकारिता प्रदान गरेपछि शेरबहादुर देउवा नेतृत्वको समूह एकातिर छुट्टै पार्टी संगठनगर्नतिर लागेको छभने अर्कातिर गगन समूहमा रहेका देउवा पक्षका नेताहरु ४० प्रतिशत संख्या पुर्‍याएर पार्टी बिभाजनगर्ने अभियानमा जुटेका छन्। जसलेगर्दा नेपाली कांग्रेस थप अस्तब्यस्त हुनेभएको छ। सर्वोच्च अदालतका न्यायाधीश शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलाशले गत शुक्रबार कांग्रेसको विशेष महाविधेशनलाई आधिकारिता प्रदानगर्दै त्यसबाट चयन भएको नेतृत्वलाई वैध ठहर गरेको थियो। निर्वाचन आयोगले विशेष महाधिवशेनबाट चयनभएको थापा नेतृत्वलाई मान्यता दिएपछि कांग्रेसका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र तत्कालीन कार्यवहाक सभापति पूर्णबहादुर खड्का पक्ष सर्वोच्च अदालत गएको थियो। पछिल्लो आदेशसँगै तत्कालीन सभापति देउवा र कार्यवहाक **बाँकी ८ पेजमा**

## अमेरिकी सहायक विदेशमन्त्री नेपाल आउँदै

काठमाडौं। नेपालमा बिभिन्न बिषयमा बिवाद बढिरहेकै बेला अमेरिकाको दक्षिण तथा मध्य एशिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री समीर पल कपुर तीनदिने नेपाल भ्रमणका निम्ति भोली वैशाख सातगते काठमाडौं आउने हुनुभएको छ। रास्वपाको नेतृत्वमा सरकार बनेपछि नेपाल आउन लाग्नुभएका उहाँ पहिलो उच्चस्तरीय कूटनीतिज्ञ मानिनुहुन्छ। समाचार सूत्रहरुका अनुसार नेपाल भ्रमणमा रहँदा कपुरले उच्चस्तरीय भेटवार्तागर्ने कार्यक्रम छ। तर खास कार्यतालिका र भेटको तालिका सार्बजनिक गरिएको छैन। उहाँ आगामी नौगते स्वदेश फर्कने भ्रमणतालिका रहेको छ। गत फागुन २१ गतेको निर्वाचनबाट झण्डै दुईतिहाइ सिट जितेको रास्वपा नेतृत्वको सरकारसँग सम्बन्ध सुधारगर्न अमेरिकी सहायक विदेशमन्त्री नेपाल आउन लाग्नुभएको परराष्ट्र मन्त्रालय श्रोतले जनाएको छ। वाशिंटन डीसीस्थित नेपाली दूतावासका एक कूटनीतिज्ञ र परराष्ट्र मन्त्रालयका एक अधिकारीले कपुर तीनदिने भ्रमणका लागि काठमाडौं आउनलागेको पुष्टिगरेका छन्/। बताइएअनुसार कपुरले नेपाल भ्रमणकाक्रममा **बाँकी ८ पेजमा**

## बृहत कम्युनिष्ट एकताका लागि दबाव बढ्दो

काठमाडौं। बृहत कम्युनिष्ट एकताका लागि दबाव समूह बन्ने भएको छ। संभवत आगामी नौगते कम्युनिष्ट पार्टीको स्थापना दिवसका दिन त्यस्तो समूहको घोषणा हुने छ। यसैबीच नेपालका दुई संसदवादी कम्युनिष्ट पार्टी एमाले र नेपाली कम्युनिष्ट पार्टीका बीचमा पनि पार्टी एकता वा कार्यगत एकताका बारेमा छलफल भैरहेको थाहाभएको छ। त्रिबि शिक्षण अस्पतालमा उपचाररत एमालेका अध्यक्ष केपी ओली र नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल तथा नेता नारायणकाजी श्रेष्ठ बीच पटक पटक एकताका बिषयमा छलफल भएको थाहाभएको छ। शुरुमा श्रेष्ठले अध्यक्ष ओली उपचाररत त्रिवि शिक्षण अस्पताल पुगेर प्रारम्भिक छलफल गर्नुभएको थियो। भनिन्छ अस्पतालको क्याबिनमा नेताद्वयका बीचमा करिब ४५ मिनेट एक्लाएक्लै कुराकानी भएको थियो। श्रेष्ठ ओलीलाई राखिएको क्याबिनमा पुगेपछि त्यहाँ रहेका विष्णु रिमाल लगायतका नेता तथा कार्यकर्ताहरु बाहिरिनुभएको **बाँकी ८ पेजमा**

## अन्तर्राष्ट्रिय कम्युनिष्ट सम्मेलन सम्पन्न

काठमाडौ। विश्वभरका मार्क्सवादी लेनिनवादी पार्टी र संगठनहरुको द्वितीय अन्तर्राष्ट्रिय सम्मेलन हालै भूमिगतरुपमा सम्पन्न भएको थाहा भएको छ। अन्तराष्ट्रिय समाचार एजेन्सीहरुले गत मार्च १२ लण्डन आयोजित एक कार्यक्रममा घोषणा गरिएको जनाएका छन्। सम्मेलनमा नेपालबाट नेकपा (मशाल), श्रीलंका, इरान, टर्की, ब्रिटेन, अमेरिका, डोमिनिकन रिपब्लिका, कोलम्बिया, हाइटी, न्यूजील्याण्डका कम्युनिष्ट पार्टीहरुले भाग लिएको उल्लेख गरेका छन्। व्यवहारिक जटिलताका कारणले कतिपय राष्ट्रका पार्टीहरु सम्मेलनमा आइपुग्न नसकेको पनि बताइएको छ। प्राप्त समाचारमा उक्त सम्मेलनले क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलनको घोषणापत्र पारित गरेको **बाँकी ८ पेजमा**

## केन्द्रीय संयुक्त संघर्ष समिति सक्रिय

काठमाडौं। बिभिन्न कम्युनिष्ट पार्टी सम्मिलित केन्द्रीय संयुक्त संघर्ष समिति सक्रिय हुनथालेको छ। प्राप्त समाचारअनुसार क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल र नेपाल कम्युनिष्ट पार्टीका बीच गठित केन्द्रीय



संयुक्त संघर्ष समितिको बैठकले काठमाडौंमा वर्तमान राजनीतिक परिस्थिति र आगामी बाटो शीर्षकमा विचारगोष्ठीगर्ने भएको छ। समितिका संयोजक क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका संयोजक सिपि गजुरेलको अध्यक्षतामा हालै बसेको बैठकले समसामयिक राजनीतिक परिस्थितिकाबारेमा समीक्षागरी आगामी ११ गते वर्तमान राजनीतिक परिस्थिति र आगामी बाटो शीर्षकमा विचार गोष्ठीगर्ने निर्णय गरेको हो। उक्त संघर्ष समितिले यसअघि गत फागुन २१ गतेको निर्वाचन बहिष्कार गर्नुकासाथै नेपालका संसदवादी पार्टी र राजनीतिका बिरुद्ध भण्डाफोर अभियान समेत सञ्चालन गरेको थियो।

## वैदेशिक रोजगारीको बहानामा ठगी कायमै

काठमाडौं। वैदेशिक रोजगारीका नाममा ठगी कायमै रहेको देखिएको छ। यसैक्रममा प्राप्त समाचारहरु अनुसार वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमापारी बिभिन्न देश पठाइदिन्छुभन्दै रकम ठगीगरेको अभियोगमा काठमाडौं महानगर पालिका-३२ बस्ने रौतहट घरभएका अनन्त कोईराला, काठमाडौं गोकर्णेश्वर नगरपालिका-५ बस्ने इलाम घरभएका जगतबहादुर खड्का, काठमाडौं महानगरपालिका-२६ बस्ने तारकेश्वर नगरपालिका-६ घरभएका ज्ञानु श्रेष्ठ र भक्तपुरको भक्तपुर नगर पालिका-१५ बस्ने रामेछाप घरभएका विकास श्रेष्ठ पक्राउपरेका छन्। पक्राउ परेकामध्ये अनन्तले फिनल्याण्ड पठाइदिन्छुभनी एकना पीडितबाट ३१ लाख १५ हजार ८७ रुपैयाँ, जगतले कतार पठाइ **बाँकी ८ पेजमा**

## वामपन्थी नेता डा.लामिछानेको निधन

काठमाडौं। देशप्रेम साप्ताहिकका सहयोगी तथा पुराना वामपन्थी नेता तथा कानून ब्यवसायी डा. भरत लामिछानेको गतसाता बुधबार निधनको भएको छ। लामिछानेले तत्कालीन चौम, जनमोर्चा नेपाल, नेकपा (एकीकृत), नेकपा एकीकृत क्रानितकारीहुँदै नेकपा ( माओवादी केन्द्रमा आबद्धभई कामगर्नु भएको थियो। उहाँ प्रोष्टेट क्यान्सरको विमारी हुनुहुन्थ्यो। पाटन अस्पतालमा उहाँको निधन भएको हो। गत तीनगते पशुपति आर्यघाटमा लामिछानेको दाहसंस्कार गरिएको थियो। उहाँ तत्कालीन माओवादी केन्द्रको काभ्रे जिल्ला समितिमासमेत सक्रिय रहनुभएको थियो। उहाँका बिभिन्न लेख रचनाहरुसमेत प्रकाशित छन्। देशप्रेम साप्ताहिक डा. लामिछानेको असामयिक निधनप्रति गहिरो दुख ब्यक्तगर्दै शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना ब्यक्त गर्दछ। उहाँले रोगबाट थलिनुअघि बिभिन्न पार्टीहरुका बीचमा पार्टी एकता गराउन ब्यापक दौडधुप गर्नुभएको थियो।

## युवक संघले मूल्यबृद्धि बिरुद्ध आन्दोलन थाल्ने

काठमाडौं। बिभिन्न पार्टीका युवक संगठनहरु फेरी जुरमुराउन थालेका छन्। यसैक्रममा नेकपा (मसाल) सम्बद्ध अखिल नेपाल युवक संघले इन्धनको मूल्यवृद्धिबाट जनताको जनजीवन संकटग्रस्त भएको भन्दै बिरोध गरेको छ। अध्यक्ष गणेश अधिकारीले हालै जारी गर्नुभएको एक बक्तब्यमा उपरोक्त कुरा उल्लेख छ। उहाँले बक्तब्यमा देशको वर्तमान आर्थिक अवस्था, बढ्दो महँगी तथा इन्धन, पेट्रोलियम पदार्थ र एलपी ग्यासजस्ता अत्यावश्यक वस्तुमा भइरहेको निरन्तर मूल्यवृद्धिले आम नागरिकको जीवनस्तरमा गम्भीर नकारात्मक असर पारिरहेको सन्दर्भमा हाम्रो ध्यान गम्भीर रुपमा आकृष्ट भएको छ। इन्धनको मूल्यवृद्धि कुनै एक क्षेत्रमा सीमित विषय नभई समग्र अर्थतन्त्रमा

**समाचार विश्लेषण**

श्रृंखलाबद्ध प्रभावपार्ने संवेदनशील मुद्धा हो। यातायात खर्च वृद्धि भएसँगै खाद्यान्न, निर्माण सामग्री तथा दैनिक उपभोग्य वस्तुको मूल्यसमेत क्रमश: बढ्दैजाँदा यसको सबैभन्दा ठूलोमार न्यून तथा मध्यमवर्गीय जनतामाथि परेको छ, जसले उनीहरुको आधारभूत जीवनयापनलाई नै संकटग्रस्त बनाउँदै लैजाने खतरा उत्पन्न भएको छ। अन्तर्राष्ट्रिय अभ्यासतर्फ हेर्दा बिभिन्न देशले अपनाएका जनमुखी र सन्तुलित नीति उल्लेखनीय देखिन्छन् भन्नुभएको छ। उहाँले भारतले अन्तर्राष्ट्रिय बजार अनुसार कर संरचनामा लचिलोपन अपनाउँदै उपभोक्तालाई आंशिक राहत दिने प्रयास गरेको छभने इन्डोनेसियाले लक्षित अनुदान प्रणालीमार्फत कमजोर वर्गलाई प्रत्यक्ष सहयोग उपलब्ध गराउने नीति अवलम्बन गरेको छ। त्यसैगरी नर्वेले दीर्घकालीनरुपमा पेट्रोलियममा निर्भरता घटाउँदै वैकल्पिक ऊर्जाको प्रवर्द्धनमार्फत जनतामाथि पर्ने बोझ न्यूनीकरणगर्ने रणनीति अपनाएको छ। यी उदाहरणले स्पष्ट पार्दछन्, दूरदर्शी, सन्तुलित र जनमुखी नीतिविना **बाँकी ८ पेजमा**

## क्रान्तिकारी ट्रेड यूनियन आन्दोलित

काठमाडौं। क्रान्तिकारी ट्रेड यूनियन महासंघले आगामी १८ गते मनाइने मई दिवसलाई लक्षितगरी पर्चा तथा अपिल सार्वजनिक गरेको छ। जसमा चर्को मूल्य वृद्धि,रोजगारीको अभाव,लोकतान्त्रिक अधिकार कटौतीको सरकारी यो [redacted] गरिएको छ। सो संगठ[redacted] अपिलमा ०८३ बैशाख १८ गते तदनुसार मई १ तारिक १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवस विश्वका धेरै मुलुकमा जस्तै नेपालमा पनि मनाउन गइरहेका छौं। मजदुरहरुका संघर्ष र बिजयको गाथा बनेको यो दिवस सन् १९९० देखि मनाउने प्रचलन अनवरत जारी छ भनिएको छ। अपिलमा भनिएको छ- नेपाली मजदुरमाथि भइरहेको पेशागत एवं राजनीतिक उत्पीडन विरुद्ध क्रान्तिकारी संकल्प पर्वकोरुपमा आफ्ना आवाज बुलन्दगर्ने उत्प्रेरणा सिकागो सहरका मजदुरहरुले आठघण्टा काम, आठघण्टा आराम र आठघण्टा मनोरञ्जनको माग राखेर गरिएको आन्दोलनको विरता, बलिदान र विजयबाट प्राप्त भएको हो। त्यही संघर्षको इतिहासबाट प्राप्त क्रान्तिकारी संकल्पलाई जिवित राख्दै मजदुरहरु माथि हुने सबैखाले शोषण उत्पीडन विरुद्धको आवाजलाई उचो बनाउदै लैजानुपर्ने आवस्यकता छ। जेनजी बिद्रोहबाट चुनावहुँदै अहिले नयाँ सरकार बनेको छ। विकास, समृद्धि र वितरणको उन्नत नमूना प्रस्तुतगर्ने नारा दिएर आएको यो सरकारले सय दिनका सुधार कार्यक्रम [redacted]को छ। त्यसमा उल्लेखि[redacted] जनतन्त्र र जनजीविक[redacted] मुद्धाहरुमा सरकारको प्रा[redacted] ध्यान दिने होभने केहि ग[redacted]सय पैदाभएका छ। राष्ट्रियताका गम्भीर मुद्धाहरुमा सरकार मौन छ। संविधान र कानूनले दिएका मौलिक अधिकारलाईसमेत कुण्ठितगरेर मजदुर, बिद्यार्थी संघ संगठनमाथि प्रतिबन्ध लगाउने योजना सार्वजनिक भएका छन्। लगानी मैत्री व्यवस्था र कानून बनाउने नाममा श्रमिकवर्गले उपभोग गरेका सिमित अधिकारसमेत वलात खोस्ने प्रयत्नहुँदै छ। मजदुरहरुका संगठित हुने, **बाँकी ८ पेजमा**

## स्थानीय....

नसक्ने अवस्था सिर्जना भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। भदौ २४ को बिध्वंशको छानविन नगरेसम्म भदौ २३ को घटनाको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन हुननसक्ने भएको छ। बर्तमान सरकारले एमसीसी फिर्तागर्ने र एसपीपीमा संझौता नगर्ने प्रचार हुनासाथ अमेरिकाको दक्षिण तथा मध्य एशिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री समीर पल कपुर तीनदिने नेपाल भ्रमणका निम्ति भोली सोमबार काठमाडौं आउने हुनुभएको छ। उहाँसँगको वार्तामा प्रधानमन्त्रि बालेन्द्र कसरी प्रस्तुत हुनुहुन्छ भन्ने हेर्न बाँकी छ। बर्तमान सरकारले निजी सञ्चार माध्यमलाई सरकारी बिज्ञापन नदिने निर्णय गरेपछि एकातिर नेपाल पत्रकार महासंघ चरणबद्ध आन्दोलनमा उत्रने भएको छभने अर्कातिर कर्णाली लगायतका प्रदेश सरकारहरुले केन्द्र सरकारको उक्त निर्णय नमान्ने घोषणागर्दै बिभिन्न थप सहयोगको घोषणा गरेका छन्। स्वास्थ्य र शिक्षा लगायतका क्षेत्रमा केन्द्रिय सरकारको निर्देशन स्थानीय सरकारहरुले नटेरेपछि केन्द्र, प्रदेश र स्थानीय सरकारबीच मनमोटाव बढेको देखिएको छ। बर्तमान सरकारले नयाँ शैक्षिक सत्रको पठनपाठन आगामी २१ गतेबाटमात्र शुरुगर्न निर्देशन दिएकोमा भक्तपुर नगर कार्यपालिकाको गत शुक्रबार बसेको बैठकले सामुदायिक, संस्थागत तथा गुठीअन्तर्गतका सबै बिद्यालयहरु पूर्वनिर्धारित शैक्षिक क्यालेण्डरअनुसार सञ्चालनगर्ने निर्णय गरेको छ। जसअनुसार अधिकांश बिद्यालय आज आइतबारबाट खुल्दैछन्। त्यसैगरी सरकारले सरकारी अस्पतालमा आइतबार पनि ओपिडी सञ्चालनगर्न निर्देशन दिएकोमा अस्पतालहरुले नमान्ने घोषणा गरेपछि सरकार आफ्नो निर्णय बदल्न बाध्यभएको छ। जसअनुसार सरकारी अस्पतालहरुमा पनि शनिबार र आइतबार गरी दुई दिनबिदा कायम हुनेभएको छ। प्रधानमन्त्री बालेन्द्र शाहले गतसाता बिभिन्न प्रदेशका मुख्यमन्त्रीहरुसँग छलफलगर्दा प्रदेशहरुले बिभिन्न समस्या अघिसारेको देखिएको थियो। छलफलमा प्रधानमन्त्री शाहले मुख्यमन्त्रीहरुसँग प्रदेशमा देखिएका समस्या, विकास निर्माणको अवस्थालगायतका बिषयमा जिज्ञासा राख्नुभएको थियो। तर तीन तहको सरकारको समन्वय, सहकार्य र सहअस्तित्वको विषयमा बिवाद भएको थियो। मुख्यमन्त्रिहरुले प्रदेशले पाउने अनुदान यसअघिको भन्दा निकै घट्दै आएको, प्रदेशका गौरव आयोजनाहरुको निर्माण कार्यमा समस्या देखिएकोलगायतका बिषयमा प्रधानमन्त्रीलाई जानकारी गराउनु भएको थियो। त्यसैगरी नेपालमा आवश्यकताभन्दा बढी चासो राख्दै आएका चीन, भारत र अमेरिकाको दबाब पनि बढेको देखिएको छ। प्रधानमन्त्रिको कच्चा उमेरका कारण त्रुटीपूर्ण काम भएकोभन्दै आलोचना हुनथालेको छ।

## बृहत्..

थियो। नेपालका कम्युनिष्ट सिध्याउन स्वदेश र विदेशका शक्ति अन्तिम बलसहित लागेकोभन्दै ओलीले त्यसलाई परास्तगर्ने रणनीतिबारे गम्भीर भएर सोच्नुपर्ने अवस्था आएको बताउनुभएको थियो। ओलीको भनाईमा श्रेष्ठ सहमत हुनुभएको थियो। त्यसैगरी फेरी नेकपाका संयोजक दाहालले पनि अध्यक्ष ओलीसँग वार्ता गर्नुभएको थियो। अब त्यसलाई संभवत यसैसाताबाट औपचारिकता दिइने भएको छ। उक्त वार्ताकोक्रम चलेपछि एमाले नेता प्रदीप ज्ञवालीले भने संस्थागत निर्णयबीनै वामपन्थी एकताको चर्चा शुरु भएकोभन्दै अहिलेको मुख्य आवश्यकता दलहरुले आफैभित्र नियाल्ने, मन्थनगर्ने र सुधारगर्ने भएको बताउनुभएको छ। त्यसैगरी नेकपा मालेको हिजोबाट शुरुभएको केन्द्रिय बैठकमा पनि कम्युनिष्ट पार्टीहरुका बीचमा एकता गर्नेबारे बिषय प्रवेश भएको बताइएको छ।

## वैदेशिक...

दिन्छुभन्दै एकजना पीडितबाट एकलाख ३९ हजार रुपैयाँ, ज्ञानुले युएई पठाइदिन्छुभन्दै एकजना पीडितबाट तीनलाख रुपैयाँ र विकासले साईप्रस पठाइदिन्छुभन्दै एकजना पीडितबाट नौलाख रुपैयाँलिई सम्पर्कविहीन भएकोभन्ने पीडितहरुको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले जगतलाई काठमाडौं महा नगरपालिका-३ बाट तथा अनन्तलाई काठमाडौं महानगरपालिका-२९ बाट, ज्ञानुलाई काठमाडौं महा नगरपालिका-२६ बाट र विकासलाई भक्तपुर नगरपालिका-१० बाट पक्राउगरेको हो। त्यसैगरी सर्बिया पठाइदिन्छुभन्दै रकम ठगीगरेको अभियोगमा गुल्मीको धुर्कोट-३ घर भएका रामलाल राजवंशीलाई प्रहरीले पक्राउ गरेको छ। रामलालले सर्बिया पठाइदिन्छुभनी एकजना पीडितबाट दुईलाख रुपैयाँलिई सम्पर्कविहीन भएकोभन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१२ बाट पक्राउगरेको हो। त्यसैगरी ठगीसम्बन्धी कसुर मुद्धाका फरार ललितपुर महालक्ष्मी नगरपालिका-८ बस्ने पाँचथर घरभएका रामप्रसाद योङहाङलाई पनि प्रहरीले पक्राउ गरेको छ। ठगीसम्बन्धी मुद्धामा संलग्नरही फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले ललितपुरको महालक्ष्मी नगरपालिका-८ टिका थलीबाट पक्राउगरेको हो। त्यसैगरी चेकअनादर मुद्धाका फरार काठमाडौं महानगरपालिका-१६ कालधाराबस्ने अमरकेशर सिंहलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत काठमाडौंको ०७१ वैशाख नौगतेको फैसलाले उक्त मुद्धामा दुईवर्ष कैद सजाय ठहरभई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले चन्द्रागिरी नगरपालिका-८ माता तिर्थबाट पक्राउ गरेको थाहाभएको छ।

## अन्तराष्ट्रिय....

भनिएको छ। उक्त दस्तावेज अब केहीदिन भित्रै नेपाली समेतका २२ वटा भाषामा प्रकाशित गरिने भएको छ। सो सम्मेलनले चारवटा प्रस्तावहरु पनि पारित गगरेको थियो। जसमा पेरुको सच्चा मार्क्सवादी लेनिनवादी पार्टीको नेतृत्वमा चलिरहेको सशस्त्र जनयुद्धलाई समर्थन र बधाई, प्यालेष्टाइन जनताको न्यायोचित संघर्षको समर्थन र विश्वका सम्पूर्ण क्रान्तिकारी राजबन्दीहरुप्रति अभिनन्दन ज्ञापन गरिएको भनिएको छ। साथै आगामी मे दिवसलाई विश्व व्यापीरुपमा मनाउने निर्णय पनि गरिएको थाहाभएको छ।

## क्रान्तिकारी...

बर्तमान सरकारसँग जोडदार माग गर्दछ। अर्कोतिर नेपाल आयल निगम मार्फत् सरकारद्वारा पेट्रोलियम पदार्थमा मूल्य वृद्धिगरी कालो बजार चलाइएको छ। अमेरिका र इरानबीचको युद्धलाई देखाएर सरकारले भन्सार शुल्क बढेको, स्वत: ढुवानी शुल्क बढेको, पूर्वाधार र सडक मर्मत शुल्क बढेकोजस्ता बहाना बनाई पेट्रोलियम पदार्थको मूल्य वृद्धिगरेको छ। नेपालले पेट्रोलियम पदार्थ आयातगर्ने भारतबाट हो र भारतले तेलको कच्चा पदार्थ आयातगर्ने इरान र रुसबाट यसमा कुनै अवरोध भएको छैन। त्यसकारण यो मूल्य वृद्धि युद्धलाई देखाएर जनता लुट्ने प्रपञ्च हो। हामी यस प्रकारको पेट्रोलियम पदार्थको मूल्यवृद्धि घटाई सर्वसाधारण जनताका लागि यातायात र उपभोग्य वस्तु सुलभ बनाउन, कालोबजारी माथि रोक लगाउन बालेन सरकारसँग विशेष माग गर्दछौं भनिएको छ।

## नेपाली..

सभापति खड्काले दायर गर्नुभएको रिट खारेज भएको छ। रिट निवेदनमा कांग्रेसको विधान र प्रचलित कानून विपरित आयोजना गरिएको विशेष महाधिवेशन अवैध रहेको दावीगरिएको थियो। गत पुस २७ र २८ मा सम्पन्न विशेष महाधिवेशन वैध ठहरगर्दै निर्वाचन आयोगको निर्णय कानून सम्मत् रहेको फैसलामा उल्लेख छ। सर्वोच्चले विभिन्न बुँदामा व्याख्यागर्दै खडकाले दायर गर्नुभएको रिट निवेदन खारेजगरेको हो। पार्टीको १५औं महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेपनि उक्त महाधिवेशन समयमै हुनसक्ने अवस्था नदेखिएको अदालतले ठहर गरेको छ। वाध्यात्मक अवस्थामा कांग्रेसको विधानको धाराा १७ को २ बमोजिम आह्वान गरिएको विशेष महाधिवेशनको मागलाई निष्क्रिय मान्न नमिल्ने आदेशमा उल्लेख छ। दुई समूहको बिवादकै कारण नेपाली कांग्रेसले संसदीय दलको नेता समेत छान्न सकिरहेको छैन। दलको नेता छान्न गत शुक्रबारबाट आवश्यक निर्वाचन प्रक्रिया शुरु भएपनि छान्न नसकेको बताइएको छ।

## अमेरिकी.

सरकारका प्राथमिकताहरु सुन्ने र त्यसमा वाशिंटनले के कसरी सहकार्यगर्न चाहन्छभन्ने सन्देश प्रवाहगर्ने कार्यक्रम छ। सहायक विदेशमन्त्री कपुरसँगै अमेरिकी विदेश मन्त्रालयका अन्य दुई अधिकारी पनि काठमाडौं आउन लागेको भनिएको छ। भ्रमणकाक्रममा सहायक विदेशमन्त्री कपुरले अर्थमन्त्री स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल र नेपाल-अमेरिका उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्य लगायतलाई भेट्ने कार्यक्रमभने तय भैसकेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण एशियाली सुरक्षा मामिला विज्ञ कपुरलाई गतबर्ष अक्टोबरमा डोनाल्ड लुको ठाउँमा दक्षिण एशियाली मामिला हेर्ने सहायक विदेशमन्त्रीमा नियुक्त गर्नुभएको थियो। गत फेब्रुअरीमा बंगलादेशमा नयाँ सरकार बनेलगत्तै कपुरले त्यहाँको पनि भ्रमण गर्नुभएको थियो। त्यसक्रममा उहाँले सरकारका विदेशमन्त्री खलिलुर रहमान र राज्यमन्त्री शमा ओबेद इस्लाम लगायतका उच्च अधिकारी हरुलाई भेट्नु भएको समाचार बाहिर आएको थियो। गत निर्वाचन अघि पनि अमेरिकी अधिकारहिरुको नेपाल भ्रमण भएको थियो।

## युवक..


नागरिकको जीवनस्तर सुरक्षित राख्न सम्भव हुँदैन। यसैबिच, वर्तमान सरकारले बिभिन्न जनवर्गीय संगठनप्रति लिएको निरंकुश नीति इतिहासको गैरमूल्यांकन गरिनु होसाथै वर्तमान मन्त्रीको सम्पत्ति सार्वजनिक गर्ने प्रक्रियामा देखिएको सीमित पारदर्शिताले जनविश्वासमा कमी ल्याएको देखिन्छ। सम्पत्ति सार्वजनिक गर्नु सकारात्मक कदम भएपनि त्यसको वास्तविक स्रोत, वैधानिकता तथा करसम्बन्धी विवरणको स्पष्ट उल्लेख नगरी औपचारिकरुपमा प्रस्तुत गरिनु सुशासनको मर्मअनुकूल देखिँदैन। यस्तो अभ्यासले पारदर्शितालाई कागजी प्रक्रियामामात्र सीमित राख्ने र जनतामा शंका उत्पन्नगर्ने अवस्था सिर्जना गर्दछ। यही सन्दर्भमा वर्तमान सरकारले पूर्वमन्त्री तथा विशिष्ट व्यक्तित्वको सम्पत्ति छानबिनगर्न समिति गठन गरेको कार्यलाई हाम्रो संगठनले सैद्धान्तिक रुपमा सकारात्मकरुपमा लिएको छ। तर यस्तो छानबिन प्रक्रिया केवल विगतका पदाधिकारीमा सीमित हुनु उपयुक्त हुँदैनभन्ने हाम्रो स्पष्ट धारणा रहेको छ। यसलाई वर्तमान सरकार, वर्तमान मन्त्री, सार्वजनिक पदाधिकारी तथा राज्यको जिम्मेवारी सम्हालेका सबै व्यक्तिबाटै शुरु गरिनुपर्छ अन्यथा यस्तो अभियान राजनीतिक पूर्वाग्रह वा प्रतिशोधको स्वरुप ग्रहणगर्ने जोखिम रहन्छ, जसले यसको विश्वसनीयता र उद्देश्य दुवैलाई कमजोर बनाउँछ। त्यसैले सुशासन, पारदर्शिता र उत्तरदायित्व सुनिश्चितगर्न आफैबाट शुरुगर्ने सिद्धान्तलाई व्यवहारमा उतार्नुपर्दछ। बक्तब्यमा अखिल नेपाल युवक संघ नेपाल सरकारसमक्ष इन्धन तथा एलपी ग्यासको हालको मूल्यवृद्धि तत्काल फिर्ता लिन, मूल्य निर्धारणमा जनमुखी तथा दीर्घकालीन नीति अवलम्बनगर्न तथा सम्पत्ति छानबिन प्रक्रियालाई वर्तमान पदाधिकारीबाटै शुरुगरी निष्पक्ष, पारदर्शी र उत्तरदायी बनाउन जोडदार माग गर्दछसाथै गरिब तथा मध्यम वर्गलाई लक्षित राहत कार्यक्रम प्रभावकारी रुपमा लागूगर्न, बजार अनुगमन कडाइका साथ सञ्चालनगर्न तथा कालोबजारी नियन्त्रणगर्न सरकारलाई गम्भीर ध्यानाकर्षण गराउँछ भनिएको छ। बक्तब्यमा यदि सरकार जनताको यस्ता जायज मागप्रति संवेदनशील नबनेमा अखिल नेपाल युवक संघ आम जनताको पक्षमा उभिँदै सशक्त आन्दोलनका कार्यक्रम अघिबढाउन बाध्य हुने चुनौती पनि दिइएको छ।

## नेपालमा..

राजनितीक आस्था राख्नपाउने र तलब, कार्यदिन, सुबिधा, सुरक्षासँग सम्बन्धित मुद्धाहरुमा पैरवीगर्न पाउने विश्वव्यापी प्रचलित मान्यतालाई चुनौती दिने कानूनको सरकारी पुर्पक्ष उदेकलाग्दो र मजदुर बिरोधी रहेको छ। सुख, समृद्धि र वितरणमा चुस्तता एवं पारदर्शिताको चर्को नारा उठाएर गठन भएको सरकार अहिले पेट्रोलियम पदार्थ चरम मूल्य वृद्धि गराइरहेको छ। बजार मूल्य श्रमिक जनताको क्रयशक्तिको पहुचभन्दा माथि छ। प्राविधिकिकरणको नाममा सरकारले वैदेशिक ऋणको भारथप्दै गएको छ। प्राविधिकिकरण नेपालकोभन्दा ऋण दाताहरुको नव( औपनिवेशिक स्वार्थ प्रेरित रहेको देखिन्छ। ऋण लिएर घ्यू खाने सिद्धान्त बोकेकोजस्तो प्रतीत हुने सरकारको देशमा रोजगारीको वृद्धिगर्ने योजना बनाउनुभन्दा आफ्ना प्रतिद्वन्दीहरुप्रति प्रतिशोध र बेतुक गिरफ्तारीको नाटकीय चर्चा बटुल्न खोजिरहेको छ। खाडी मुलुकमा भैरहेको चर्को युद्ध र अशान्तिका कारण नेपाल श्रमिकहरुको सुरक्षा चुनौती थपिदै गएको छ। आप्रवासी नेपाली श्रमिकहरुको उद्दार र स्वदेशमा रोजगारीको ब्यबस्थापन गर्नुपर्ने बेला सरकार निरोको बाँसुरी धुन बजाइरहेको छ। उक्त अपिलमा चर्को मूल्य वृद्धि,रोजगारीको अभाव, लोकतान्त्रिक अधिकार कटौतीको सरकारी योजानको बिरोध सहित हामी बिभिन्न कारखाना, श्रम प्रतिष्ठानहरुमा मजदुरहरुका मुद्धाहरुमा छलफल र जागरण कार्यक्रमसहित अभियान सञ्चालनगर्दै बैशाख १८ गते देशका मुख्य शहरमा समापन सभागर्ने छौं। निर्धारित कार्यक्रममा सक्रिय सहभागी भएर मई दिवसको गौरवशाली परम्परा कायमगर्दै जन गणतान्त्रिक ब्यबस्था स्थापना गर्ने उद्देश्यलाई आधार बनाएर एकताबद्ध हुन देशभक्त, वामपन्थी, लोकतान्त्रिक, क्रान्तिकारी शक्तिहरुलाइ हार्दिक अपिल गर्दछौं भनिएको छ। सरकारको ट्रेड यूनियन खारेजगर्ने लगायतका निर्णय बिरुद्ध पनि आन्दोलनको तयारी थालिएको छ।







**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# नेपाल र चीनका बीचमा सहकार्यका लागि बिद्यमान बिबिध संभावनाहरु

**नेपालमा नयाँ सरकार गठन भएपछि चीन, भारत र अमेरिका लगायतका मुलुकहरुले नेपालको आन्तरिक राजनीतिमा बिशेष चासो राखेको देखिएको छ। त्यसमध्ये पनि नेपाल र चीनकाबीचमा बिभिन्न बिषयमा सहकार्यको संभावना रहेकोबारे चर्चा पनि हुनथालेका छन्। के भनिन्छभने नेपाललाई हेर्ने चिनियाँ दृष्टिकोणका जहिलेपनि तीनवटा तह रहेका छन्। जनस्तरबाट हेर्ने एउटा दृष्टिकोण छभने सरकारी तहबाट हेर्ने अर्को दृष्टिकोण छ। यी दुई दृष्टिकोणका बीचमा अर्को तह पनि छ, जुन निकै शक्तिशाली मानिन्छ। त्यो शक्तिशाली तह हो चिनियाँ थिंक ट्यांकको तह। चीनका बिभिन्न विश्वबिद्यालयहरुमा खुलेका खोजअनुसन्धान केन्द्रहरुले दक्षिण एशियालगायत नेपालबारे भूराजनीतिक तथा आर्थिक खोज अनुसन्धान पनि गरिरहेका छन्। विश्वबिद्यालयमा खुलेका त्यस्ता खोज तथा अनुसन्धान केन्द्रहरुमा पूर्णकालीन तथा आंशिक प्रोफेसरहरु संलग्न हुनेगरेको देखिएको छ। उनीहरुको काम बिभिन्न देशको राजनीतिक तथा आर्थिक अवस्थाको सुक्ष्म विश्लेषण गरेर चीन सरकारलाई परामर्श प्रदानगर्नु र चिनियाँ नीतिलाई सम्बन्धित मुलुकमा सफ्टपावरकारुपमा फिँजाउनु रहेको देखिएको छ। चीनले त्यस प्रकारका थिंकट्यांक उत्पादनमा निकै महत्व दिएको पनि देखिएको छ।**

**थोरै चिनियाँ सर्वसाधारणलेमात्र नेपालबारे जानकारी राख्नेगरेको बिभिन्न अध्ययनले देखाएका छन्। चीन सरकारले आवश्यक पर्दा औपचारिकरुपमा मात्र नेपालबारे धारणा व्यक्तगर्ने गरेको छ। त्यस्तो परिस्थितिमा चिनियाँ बुद्धिजीवीको धारणानै सबैभन्दा प्रभावकारी र सशक्त हुने गर्दछ। चीनले अगाडि सारेको बीआरआई र अमेरिकाले अगाडि सारेको एमसीसीबारे पनि अध्ययन हुनेगरेको देखिएको छ। चीनको सनचन विश्वबिद्यालयअन्तर्गत चीनको विदेशी स्वार्थसम्बन्धी संस्थाले पनि नेपालबारे धेरै अध्ययन, अनुसन्धान र बिश्लेषण गरेको पाइएको छ। जसले चीनको दक्षिण एशिया तथा तथा दक्षिण पूर्वीएशियाली मुलुकसँग चीनको सम्बन्धमा पनि अध्ययन र विश्लेषण गर्नेगरेको पाइएको छ। दक्षिण एशिया अध्ययन केन्द्र खोलेर चीन र दक्षिण एशियाली मुलुकबीचको सम्बन्धकाबारेमा पनि धेरै अध्ययनहरु भएको पाइन्छ। उनीहरुले कतिपय अध्ययन प्रतिवेदनमा चीन र भारतजस्ता विशाल मुलुक र विशाल अर्थतन्त्रका बीचमा हुनुनै नेपालका लागि सुनौलो अवसर भएको उल्लेख गर्नेगरेका छन्। चीनले अगाडि सारेको बीआरआई अभियानमा सहभागी भइसकेको नेपालले यसबाट अनगिन्ति फाइदा लिने कुरा बेलाबखत औल्याउने गरिएको छ। नेपालमा विदेशी लगानीलाई आकर्षितगर्ने विविध क्षेत्र रहेको कुरा पनि ति अध्ययनहरुले खुट्याएका छन्। जसमा जलविद्युत, पर्यटन, पूर्वाधार विकास, लगानी, कृषि, उद्योग, साहसिक खेललगायत क्षेत्रबाट नेपालले व्यापक फाइदा लिनसक्ने उनीहरुको निष्कर्ष रहेको पाइएको छ। नेपालमा ठूला आयोजनामा सहजै लगानी भित्र्याउने एकमात्र विकल्प बीआरआई रहेको कुरामा पनि चिनियाँ बिद्वानहरुले जोड दिनेगरेको पाइएको छ। चीनले सधैं नेपालको विकास चाहने र यसमा चीनको पनि स्वार्थ रहेको कुरालाई पनि चिनियाँ बिद्वानहरुले बेलाबखत उल्लेख गर्नेगरेको पाइन्छ। नेपालको विकासले चीनको स्वायत्त प्रदेश तिब्बतको विकासलाई सहयोग पुग्ने र सीमा क्षेत्रका बासिन्दाको जीवनस्तर उकासिने भएकाले चीनले नेपालसँग सहकार्यलाई प्राथमिकता दिनुपर्छभन्ने कुरा पनि उपरोक्त प्रतिवेदनहरुमा उल्लेख गर्नेगरेको पाइएको छ। कतिपय फोरमहरुमा नेपालले चीन र भारतलाई सांस्कृतिक पर्यटनबाट जोड्नुपर्ने कुराहरु पनि उठ्ने गरेका छन्। चीनमा ३५ करोडभन्दा बढी मानिसले बौद्ध धर्म मान्ने भएकाले बौद्धमार्गीका लागि नेपालको लुम्बिनी जीवनमा एकपटक पुग्नैपर्ने स्थलकारुपमा रहेको छ। त्यसैगरी चीनको स्वायत्त प्रदेश तिब्बतमा रहेका मानसरोबर र कैलाश पर्वतलाई जोडेर बनाइने सांस्कृतिक कोरिडरले पनि तीनवटा मुलुकलाई जोड्दा विश्वकै चर्चित सांस्कृतिक कोरिडर हुने कुराहरु पनि उठ्ने गरेका छन्। नेपालमा गठन भएको नयाँ सरकारले चीन र भारतसँग सहकार्य गरेर कसरी लाभ लिन सकिन्छ भन्नेबारे नयाँ शोच राख्नु र कदम चाल्नु आजको प्रमुख आवश्यकता भएको छ।**

# सन्दर्भ बृहत् बाम एकताको, संझना भरत लामिछानेको

**देश/परिवेश** — डा. केशव देवकोटा

मेरा अनन्य मित्र पुराना वामपन्थी नेता तथा कानून व्यवसायी डा. भरत लामिछानेको गत साता अर्थात बैशाख दुईगते निधन भएको खबरले म ज्यादै स्तब्ध भएँ। लामिछानेले तत्कालीन नेकपा (चौम), संयुक्त जनमोर्चा नेपाल, नेकपा (एकीकृत), नेकपा (एकीकृत क्रान्तिकारी) हुँदै नेकपा ( माओवादी केन्द्र) मा आबद्धभई कामगर्नु भएको थियो। त्यसक्रमा उहाँसँग धेरै अन्तर्क्रियाहरु भएका थिए। त्यतिमात्र नभएर उहाँ लेखक पनि भएका कारण देशका कतिपय राजनीतिक बिषयमा गहन छलफलहरु पनि हुनेगर्थे। जसमा मुख्यत उहाँले नेपालका बामपन्थी पार्टीहरुलाई कसरी गोलबन्धगर्ने भन्ने बिषयलाई बढी प्राथमिकता दिएर छलफलगर्ने गर्नुहुन्थ्यो। जतिबेला उहाँको निधनको खबर आयो, त्यतिबेला बृहत बाम एकताका लागि बिभिन्न कोणबाट प्रयासहरु भएका समाचारहरु पनि आएका थिए। डा. लामिछानेको भौतिक शरीर अब हामी माझ रहेन। जसलेगर्दा उहाँसँग नेपालको राजनीतिकाबारेमा छलफलगर्न पाइएन। तर उहाँले बिभिन्न सञ्चार माध्यममार्फत छोडेर जानुभएका बिचारहरु हामी माझमा रहेका छन्। जसकाबारेमा भाबि पुस्ताले अन्वेषण गर्नेनै छ।

उहाँका रचनाकाबारेमा भाबि दिनमा यो लेखकले पनि संस्लेषण गर्नेनै छ। सर्बप्रथम म दिबंगत मित्र डा. लामिछानेको मृतआत्माको चीर शान्ति र शोकसन्तप्त परिवार तथा मित्रजनहरुप्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु। अब बाँकी चर्चाको बिषय रह्यो बाम एकताको। नेपालमा करिव २० वटा कम्युनिष्ट पार्टी रहेको मानिन्थ्यो। गत भदौ देखि फागुनसम्ममा नेपाली कम्युनिष्ट पार्टीमा मात्र २६ वटा बामपन्थी समूहहरु एकताबद्ध भएको भनियो। तर गत निर्वाचनमा उहाँहरुले २६ नभएर १७ वटामात्र सिटमा बिजय पाउन सक्नुभयो। त्यसो त सो निर्वाचनपछि नेपाली कम्युनिष्ट पार्टीका केही नेताहरुले एमालेका अध्यक्ष केपी ओली लगायतसँग फेरी पार्टी एकताका लागि पहल गरेकोभन्ने लगायतका कुराहरु आएका छन्। त्यो भनाई र समाचार कति सत्य हो र त्यो कसरी अगाडि बढ्छ ? हेर्न बाँकी छ। यसैक्रममा केही नेताहरुले प्रदर्शनी मार्गस्थित नेपाल ल क्याम्पसको हालमा बृहत् बाम एकताका लागि एक गोष्ठिको आयोजना गरेको समाचार पनि बाहिर आएको छ। हुन त सो गोष्ठिमा मलाईसमेत निमन्त्रणा आएको थियो। तर कार्य ब्यस्तताले म जान सकिँन। हाल सो कार्यक्रम गराउनेहरुबाट थप के कस्ता प्रयासहरु भैरहेका छन् ? त्यसबारे म अनभिज्ञ छु। त्यसै मेसोमा मैले पनि लचिलो खालको बृहत् बाममोर्चा बन्नुपर्छ भनेर केही लेखहरु लेखेको थिएँ। जसमा सकारात्मक कृया/प्रतिक्रियाहरु आएका छन्। मैले नेपालमा बृहत् कम्युनिष्ट एकताकैबारेमा केही नेताहरुसँग सम्पर्क गरेर सामान्य छलफलसमेत गरेँ। त्यसमा नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंसँगको छलफल महत्वपूर्ण रहेको छ। उहाँले पनि नेपालमा केही दृश्य र अदृश्य शक्तिहरुले यहाँका कम्युनिष्ट पार्टी र तिन्का नेताहरुलाई जुधाएर कसरी फाइदा लिइरहेका छन् भन्नेबारे टिप्पणी गर्नुभएको थियो। उनीहरुले फुटाउने काम गरेकाले हामीले जुटाउने काम गर्नुपर्छभन्ने पनि उहाँको धारणा थियो। यसै मेसोमा गत शुक्रबार केही सञ्चार माध्यममा एमालेका नेता प्रदीप ज्ञवालीले संस्थागत निर्णयबीनै वामपन्थी एकताको चर्चा शुरु भएकोभन्दै टिप्पणी गर्नुभएका समाचार बिवरणहरु बाहिर आए। उहाँको भनाईमा अहिलेको मुख्य आवश्यकता भनेको दलहरुले आफैभित्र नियाल्ने, मन्थनगर्ने र सुधारगर्ने होभन्ने रहेछ। खासगरी त्रिबि शिक्षण अस्पतालमा उपचाररत एमालेका अध्यक्ष केपी ओली र नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालबीच हालै भेट भएको र सो भेटपछि वाम एकताको चर्चा चुलिएकोभन्ने कुराको प्रतिक्रियामा ज्ञवालीले सामाजिक सञ्जालमार्फत उपरोक्त प्रतिक्रिया दिनुभएको रहेछ। उहाँले वर्तमान चुनौती वामपन्थी वा कम्युनिष्ट आन्दोलनको सीमाभित्रमात्र नरहेको उल्लेखगर्दै नेपालले लामो संघर्षपछि हाशिल गरेको प्रगतिशील लोकतान्त्रिक स्पेस साँघुरिँदै गएको बताउनु भएको पाइएको छ। उहाँले नेपालमा पछिल्लो समयमा सर्वसत्तावादी शासनशैलीतर्फ झुकाव बढ्दैगएको, सामाजिक सुरक्षा र न्यायसहितको लोककल्याणकारी अर्थतन्त्रको सट्टा नवउदारवादी बजारमुखी प्रवृत्ति हाबी हुँदैगएको भनाइ पनि अगाडि सार्नुभएको छ। ज्ञवालीले स्थापित विधि, कानूनी प्रणाली र लोकतान्त्रिक संस्थाको स्थानमा तिलश्मी नायकहरुले चमत्कारिकरुपमा सुनौलो दिन ल्याइदिने भ्रमले समाजको ठूलो हिस्सा प्रभावित भइरहेको टिप्पणी पनि गर्नुभएको पाइन्छ। उहाँले अहिलेको संकटलाई फराकिलो दृष्टिकोणबाट हेरेर सोहीअनुसार नीति अवलम्बन गर्नुपर्ने बिचारमा जोड दिनुभएको पाइएको छ। उहाँले एमालेसहितका सबै राजनीतिक दल समीक्षा प्रक्रियामा रहेको उल्लेखगर्दै एमालेले पनि धक्का खाएको, बिभिन्न समूह एकीकृत गरेर बनेको नेकपाले पनि चुनौती भोगेको र विद्रोहबाट बनेका अन्य शक्तिहरुलेसमेत समस्या झेलेको कुरालाईसमेत स्मरण गर्नुभएको छ। ज्ञवालीको बिचारमा अहिलेको पहिलो कदम संकटको गाम्भीर्य बोध, निर्मम आत्मसमीक्षा, व्यापक सुधार र पुनर्गठनको विधिवत् प्रक्रिया अघिढाउनु होभन्ने रहेको छ। उहाँले पहिले आफू सुदृढ भएपछिमात्रै सार्थक विमर्श र विषयगत सहकार्यको अर्थ हुन्छभन्ने टिप्पणी पनि गर्नुभएको छ। उहाँले अहिलेको खाँचो वाम एकताको चर्चा होइन, आफ्नै कमजोरी नियाल्ने, मन्थनगर्ने र सुधारगर्ने भएको निष्कर्ष निकाल्नुभएको छ। यसै मेसोमा केही वर्षअघि विभाजित भएका नेपालका दुई ठूला कम्युनिष्ट पार्टी एमाले र पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिष्ट पार्टीका बीचमा फेरी एकता हुनलागेको चर्चाले नेपाली राजनीति बजारमा बिशेष स्थान पाएको देखिएको छ। पछिल्लो राजनीतिक संकट र नयाँ शक्तिहरुको उदयसँगै रक्षात्मक अवस्थामा पुगेका उक्त दुई पार्टीका शीर्ष नेताहरुबीच सम्वाद बाक्लिँदै जाँदा वाम एकताको नयाँ अध्याय शुरु हुनलागेको कतिपयले अनुमान गरेका रहेछन्। भनिन्छ त्रिबि शिक्षण अस्पतालमा उपचाररत एमालेका अध्यक्ष केपी ओलीलाई भेट्न पुष्पकमल दाहाल हालै अस्पतालमै पुग्नुभएको थियो। पित्तथैलीको शल्यक्रियापछि सामान्य वार्डमा सारिनुभएका ओलीसँग दाहालले झण्डै ४० मिनेट एक्लाएक्लै कुराकानी गर्नुभएको थियो। सो भेटलाई केवल स्वास्थ्य लाभको कामनामामात्र सीमित नराखी नेताद्वयले पार्टी एकताको प्रारम्भिक छलफलकारुपमा प्रयोग गरेको हुनसक्ने कतिपय राजनीतिक विश्लेषकहरुको भनाई रहेको देखिएको छ। तर एमाले र नेपाली कम्युनिष्ट पार्टीजस्ता ठूला र चर्चित पार्टीहरुले उपरोक्त आंकलनलाई औपचारिकता नदिएसम्म अन्य चर्चागर्नु केवल कोरा कल्पनामात्र हुन्छ। किनकी एमाले र तत्कालीन माओवादी केन्द्रका बीचमा ०७५ जेठमा पार्टी एकता भएर नेकपामात्र बनेको थिएन, ०७७ मा पुग्दा नपुग्दै दुखद फुटसमेत भएको थियो। त्यसक्रममा कतिपय तिता टर्रा घटनाहरु पनि भएका थिए। त्यसैले उक्त दुई पार्टीकाबीचमा तत्काल पार्टी एकता हुने संभावना पनि छैन र एकताको प्रयास पनि गर्नुहुँदैन। हालको अवस्थामा जबरजस्त एकता गर्ने/गराउने प्रयास गरियोभने त्यसले बृहत बाम भएकताको प्रयासलाई नकारात्मक असरगर्ने संभावना पनि रहन्छ। बरु एमाले र नेकपाले अन्य कम्युनिष्ट पार्टीहरु समेतलाई समेटेर लचिलो मोर्चा बनाउनेतिर लाग्नु बढी उपयुक्त हुन्छ। त्यस्तो मोर्चा कुनै आन्दोलनका लागि अथवा निर्वाचनमा बिजय हाँशिल गर्न/गराउनका लागि नभएर केवल बाम पार्टीहरुका **बाँकी ४ पेजमा**

# अमेरिका ईरान युद्ध विरामलाई केलाएर हेर्दा

**प्रेमचन्द्र झा**

इतिहास मरुभूमिको तातो हावामा पनि कहिल्यै पूर्णरुपमा सुक्दैन; त्यहाँ सधैं केही न केही चिसोपन बाँकी रहन्छ–यादहरुको, पीडाको, प्रतिरोधको। ईरान त्यही चिसोपन बोकेको एउटा भूगोलमात्र होइन, बरु एउटा जीवित अनुभव हो, जहाँ समयले बारम्बार परीक्षा लिएको छ र मानिसहरुले बारम्बार आफूलाई पुनःपरिभाषित गरेका छन्। संसारका शक्तिशाली राष्ट्रहरुको गर्जनवीच, धम्की र दबाबहरुको छायामा पनि, त्यहाँको माटोले एउटा अनौठो प्रतिज्ञा बोकेको देखिन्छ–झुक्नुभन्दा टुक्रिनु ठीक। तर यथार्थ सधैं कविताजस्तो सरल हुँदैन। इतिहासका पानाहरु पल्टाउँदा स्पष्ट हुन्छकि इरान र संयुक्त राष्ट्र संघबीचको सम्बन्ध कुनै एक क्षणको टकराव होइन; यो त दशकौँदेखि बुनिँदै आएको अविश्वासको जाल हो। सन् १९५३ को राजनीतिक उथलपुथलदेखि शुरुभएको कथा, जसले एउटा निर्वाचित नेतृत्वलाई हटाएर बाह्य प्रभावलाई गहिरो बनायो।

आज पनि इरानी सामूहिक चेतनामा जिउँदो छ। त्यसपछि आएको ईरानी क्रान्तिले केवल शासन परिवर्तनमात्र गरेन, उसले एउटा नयाँ पहिचानको घोषणा गऱ्यो–आत्मनिर्णयको, बाह्य हस्तक्षेपविरुद्धको, र आफ्नै मार्ग रोज्ने साहसको। यस क्रान्तिपछि संसारले ईरान होस्टेज विद्रोह जस्तो घटना देख्यो, जसले दुई देशबीचको दूरीलाई केवल कूटनीतिक होइन, भावनात्मक रुपमा पनि गहिरो बनायो। त्यहाँबाट शुरु भएको टकरावले कहिल्यै पूर्ण विश्राम पाएन; बरु बिभिन्न रुपहरुमा, कहिले आर्थिक प्रतिबन्ध, कहिले वैचारिक संघर्ष, कहिले परोक्ष युद्धका रुपमा निरन्तर बहिरह्यो। समय फेरियो, पात्र फेरिए, तर कथाको मूल द्वन्द उस्तै रह्यो। जब अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प विश्व राजनीतिक मञ्चमा उभिए, उनले आफ्नो भाषाशैलीसँगै एउटा कठोर नीति पनि अघि सारे–दबाबको चरम प्रयोग। उनको शब्दहरुमा आक्रामकता थियो, उनका निर्णयहरुमा कठोरता। इरानसँग भएको आणविक सम्झौता तोड्ने निर्णय केवल एउटा कूटनीतिक कदम मात्र थिएन; त्यो एउटा संकेत थियो–विश्व व्यवस्थामा पुनः शक्ति प्रदर्शनको। त्यसपछि शुरु भयो आर्थिक नाकाबन्दीको कठोर अध्याय। प्रतिबन्धहरु केवल सरकारी संरचनामाथि मात्र सीमित रहेनन्; तिनीहरुले सामान्य नागरिकको दैनिक जीवनमा पनि गहिरो प्रभाव पारे। मुद्रास्फीति बढ्यो, रोजगारीका अवसरहरु घटे, र जीवनको सहजता क्रमशः कठीन बन्दै गयो। यस्तो अवस्थामा प्रश्न उठ्छ–राष्ट्रभक्ति के हो? के त्यो केवल बाह्य शत्रुविरुद्ध उभिनु हो, वा आफ्नै भित्री संघर्षसँग जुध्नु पनि हो? यही प्रश्नको उत्तर खोज्दै इरानका सडकहरु कहिलेकाहीँ भरिन्छन्–मानिसहरुले, नाराहरुले, आशा र आक्रोशले। ती भीडहरुलाई बाहिरबाट हेर्दा एउटा विशाल एकताको चित्र देखिन्छ, तर नजिकबाट नियाँल्दा त्यहाँ अनेक भावनाहरु मिसिएका हुन्छन्। कोही बाह्य हस्तक्षेपका विरुद्ध उभिएका हुन्छन्, कोही आफ्नै शासनप्रति असन्तुष्टि बोकेका हुन्छन्, र धेरैजसो दुवैको बीचमा अल्झिएका हुन्छन्। यही द्वन्दले इरानलाई केवल एउटा राष्ट्र होइन, एउटा जटिल अनुभव बनाउँछ। जब अमेरिकी प्रशासनले कठोर शब्दहरु प्रयोग गऱ्यो, धम्कीहरु दियो, तब त्यसको प्रतिक्रिया केवल सरकारी तहमा सीमित रहेन। जनस्तरमा पनि एउटा भावनात्मक तरंग उठ्यो–आत्म सम्मानको, पहिचानको, अस्तित्वको। मानिसहरु सडकमा उत्रिए, केवल विरोधगर्न होइन, आफ्नो उपस्थिति दर्ज गर्न। उनीहरुको हात खाली हुनसक्छ, तर उनीहरुको आवाज भरिएको थियो–इतिहासले सिकाएको जिद्दले। तर यहाँ एउटा महत्वपूर्ण प्रश्न उठ्छ–के यो सबैले वास्तवमै शक्ति सन्तुलन परिवर्तन गऱ्यो? के एउटा महाशक्ति वास्तवमै झुक्यो ? वा यो केवल एउटा क्षणिक रोकावट थियो, जहाँ दुवै पक्षले आफ्ना कदमहरु मापन गरे?यथार्थको धरातलमा उभिएर हेर्दा देखिन्छ कि दुवै पक्षले एउटा साझा निर्णय गरे–प्रत्यक्ष युद्धबाट टाढा रहने। यो निर्णय कमजोरीको परिणाम होइन; बरु लागत र परिणामको गहिरो विश्लेषणको नतिजा हो। युद्ध केवल सीमामा लडिँदैन; त्यसले अर्थतन्त्र, समाज, र भविष्य सबैलाई प्रभावित गर्छ। अमेरिकाका लागि इरानसँगको युद्ध मध्यपूर्वमा अझ ठूलो अस्थिरता निम्त्याउन सक्थ्यो, र इरानका लागि त्यो अस्तित्वको संकट बन्न सक्थ्यो। त्यसैले दुवै पक्षले एउटा अदृश्य रेखा कोरे–जहाँसम्म जान सकिन्छ, तर पारगर्न हुँदैन। कहिलेकाहीँ त्यो रेखा नजिक पुगिन्छ, कहिलेकाहीँ त्यसबाट टाढा हटिन्छ, तर त्यो रेखा अस्तित्वमा रहिरहन्छ। यही रेखाले आजको विश्व राजनीतिमा न त पूर्ण युद्ध, न त पूर्णशान्तिको अवस्था सिर्जना गरेको छ। यस सन्दर्भमा अमेरिका घुँडा टेक्यो भन्ने अभिव्यक्ति भावनात्मक रुपमा आकर्षक लाग्न सक्छ, तर विश्लेषणात्मकरुपमा अधुरो छ। अमेरिका अझै विश्वको प्रमुख शक्ति हो–आर्थिक, सैनिक र कूटनीतिक रुपमा। तर त्यही समयमा इरानले पनि देखाएको छ कि सबै दबाबहरु प्रभावकारी हुँदैनन्। प्रतिबन्धहरुले चोट पुऱ्याउँछन्, तर तिनीहरुले सधैं नियन्त्रण सुनिश्चित गर्दैनन्। धम्कीहरुले डर पैदा गर्न सक्छन्, तर तिनीहरुले सधैं आत्मसमर्पण गराउँदैनन्। यसैले यो कथा विजय र पराजयको होइन, सन्तुलनको हो। एउटा यस्तो सन्तुलन, जहाँ दुवै पक्षले आफूलाई बलियो देखाउन खोज्छन्, तर पूर्ण टकरावबाट जोगिन पनि उत्तिकै सचेत छन्। यो सन्तुलन कहिलेकाहीँ अस्थिर देखिन्छ, तर यही अस्थिरताले नै ठूलो युद्धलाई रोकिरहेको हुन्छ। अन्तर्राष्ट्रिय समुदायको भूमिका पनि यहाँ महत्वपूर्ण छ। केही राष्ट्रहरु कूटनीतिक समाधानको पक्षमा उभिन्छन्, केही रणनीतिक स्वार्थका आधारमा पक्ष लिन्छन्, र केही तटस्थ रहन खोज्छन्। यसले स्पष्ट पार्छ कि विश्व कुनै एकल धारमा बग्दैन; यहाँ अनेक धाराहरु छन्, जो कहिलेकाहीँ आपसमा ठोक्किन्छन्, कहिलेकाहीँ समानान्तर **बाँकी ७ पेजमा**

# नेपालका पछिल्ला घटनाक्रमहरुलाई हेर्ने दृष्टिकोणबारे केही कुरा

**यो साताको बिशेष**

**नारायण शर्मा**



**मूल्यांकनका बिभिन्न तरिकाबारे :** कुनैपनि वस्तुको, व्यक्तिको, घटनाको वा कार्यको मूल्यांकनगर्ने आआफ्नै अध्ययन, आस्था र विचारमा आधारित दृष्टिकोण, तरिका वा विधि हुन्छन्। त्यसरी गरिएका मूल्यांकनमध्ये केही मनोगत, केही सतही, केही छिपछिपे, केही अर्धसत्य, केही अल्पकालीन सत्य र केही लोकपृय सत्य हुन्छन् त केही कटु र अपृय लागे पनि पूर्ण सत्य, दीर्घकालीन सत्य र शाश्वत सत्य पनि हुन्छन्। जे होस् सही पद्धतिले मूल्यांकन गरेर सही निष्कर्षमा पुग्नको लागि केही निश्चित आधार, विधि, दृष्टिकोण र मान्यता हुन्छन्। तीमध्ये माओले भनेझैं तथ्यमा आधारित भएर सत्य पत्तालगाउने विधिझ प्रमुख विधि हो। यसरी नै दार्शनिक भाषामा एकलाई दुईमा विभाजन गरेर अर्थात् विश्लेषण गरेर संश्लेषणमा पुग्नेझ अर्को सही विधि हो। यस्तै, लेनिनले भनेझैं ठोस वस्तु (देश, काल र परिस्थिति) को ठोस विश्लेषण गरेरझ गरिने मूल्यांकन पनि सही हुन्छ। यसैगरी रुप र सार, अंश र समग्र, आन्तरिक र बाह्य दुवैपक्षलाई हेरेर मूल्यांकन गर्ने अनि आगमनात्मक र निगमनात्मक तरिकाले वस्तु वा घटनालाई यससँग अन्तर्सम्बन्धित विविध पाटापक्षको आधारमा बहुआयामिक ढंगले अवलोकन गरेर गरिएका मूल्यांकन वस्तुवादी, वैज्ञानिक र सही हुन्छन्। तर हचुवा, होहल्ला र हवादारी रुपमा हल्काफुल्का तरिकाले एकपक्षीय वा एकाङ्गी ढंगले गरिएका मूल्यांकन गलत हुन्छन्। यसरीनै गुण, सार र समग्रमा आधारित नभएर रुपमा, अंशमा र संख्यामा मात्र आधारित भएर गरिएका मूल्यांकन तत्काललाई सही देखिएपनि अन्ततः ती असत्य मात्र नभएर घातक समेत हुनसक्छन्। हामीकहाँ यो एउटा विडम्बना छकि शुरुशुरुमा गलत अथवा अर्ध, अपूर्ण वा अस्थायी सत्यमात्र भएका मूल्यांकन र निष्कर्षहरु पनि सहजै, छिटै र धेरै पत्याइने तर जो पूर्ण सत्य वा चिरस्थायी सत्य साबित हुने मूल्यांकन र निष्कर्षहरु जतिसुकै सही, सुन्दर र समाजोपयोगी भए पनि सबैले, सजिलै र छिटै नपत्याउने गरिन्छ। त्यसो हुनाले ती गलत निष्कर्षलाई गलत सावित गर्न र सही निष्कर्षलाई सही सावित, प्रमाणित वा स्थापितगर्न अर्थात् राज्य र समाजको दिल-दिमागमा तीबारेको यथार्थ मूल्यांकन बोध गराउन वा सबैलाई मान्य हुने गराउन धेरैथोरै समय, श्रम, शक्ति, साहस, समर्पण, पुँजी र बुद्धि आदि चाहिन्छ। तथापि, हामी गलतलाई गलत र सहीलाई सही सावित गर्न निरन्तर लागिरहनु पर्दछ।

**तथ्य, कारण र आधारको पहिचानवारे :** सामान्यतया माथि भनिएझैं तथ्यमा आधारित भएर गरिएका मूल्यांकन सही हुन्छन्। तर ती तथ्यहरु, कारणहरु र आधारहरु के हुन् र कस्ता हुन् भनेर छुट्टाउनु मुख्य र कठीन कार्य पनि हो। नेपालको विशिष्ट स्थितिमा आन्तरिक र बाह्य घात र प्रतिघात, राष्ट्रिय र अन्तर्राष्ट्रिय चलखेल र हस्तक्षेप, भूराजनीतिक र हवाई (गैरभौगोलिक) राजनीतिक प्रभाव र दवाव, छिमेकी र विश्वशक्तिका रिजनल र ग्लोबल इन्ट्रेष्ट र ग्रान्ड डिजाइन र रणनीति, देशका दलाल र नोकरशाहहरुको भूमिका र गतिविधि अनि राजनीतिक पार्टी र नेताहरुको चिन्तन र चरित्र आदिसँग ती घटनाको इतिहासदेखी वर्तमानसम्म रहेको अन्तर्सम्बन्ध र अन्तरविरोध नै नेपालका राजनीतिक घटना र उथलपुथललाई मूल्यांकन र निष्कर्ष निकाल्नको लागि लिइने उपयुक्त र आवश्यक तथ्य, कारण र आधारहरु हुन्। यिनको समग्र अध्ययन, अनुसन्धान, विश्लेषण र संश्लेषण नगरी आजको नेपालका राष्ट्रिय राजनीतिक घटनाक्रमहरुबारे धारणा बनाउने, निष्कर्ष निकाल्ने र कार्यान्वयन गर्ने गरिएमा भूलमात्र होइन महाभूल पनि हुन सक्छ। त्यसैले बडो वस्तुनिष्ठ र विज्ञानसम्मत भएर उपरोक्त तथ्य, कारण, प्रमाण र आधारहरुमा टेक्दै गरिने आजको नेपालका मुख्य,मुख्य घटनाक्रम (जेनजी विद्रोहदेखि बालेन सरकार निर्माण र यस्ले गरेका शुरुवातका केही गम्भीर र संवेदनशील कामहरुसम्म)को मूल्यांकन वा निष्कर्ष सही, वस्तुवादी र दूरदर्शितापूर्ण हुनेछ। त्यसैले सामाजिक सञ्जाल, संचारमाध्यम र प्रायोजित व्यक्ति, समूह र संघसंस्था आदिका केही समयदेखिका आकर्षक, आक्रामक र उत्तेजक कामकुरालाई हचुवा, हल्का र हावादारीरुपमा लिने र पूरै विश्वास गरिहाल्ने शोच, शैली, संस्कार र संस्कृति गलत हुनसक्ने कुराप्रति सचेत रहनु जरुरी छ। यसरी नै कतिपय विचार, शक्ति, व्यक्ति र प्रवृत्तिविशेषप्रति आग्रह-पूर्वाग्रह राख्ने र प्रतिशोध-निषेध गर्ने चिन्तन-प्रवृत्ति र सोअनुसारका मूल्यांकन र निष्कर्षहरु पनि अन्ततः र परिणामतः आत्मघाती नै हुनसक्ने खतराप्रति पनि एउटा सचेत, शिक्षित, दीक्षित र अनुभवी मानिसमात्र होइन, सिंगो समाज र राज्यव्यवस्था नै सतर्क रहनु पर्दछ।

**विचित्र र विडम्बनापूर्ण मूल्यांकन र निष्कर्षबारे :** उल्लेख्य छकि नेपालका वर्तमानका घटनाबारे बडो स्वतन्त्र भएर वा देशविदेशका पढेलेखे भनिएका आफ्ना वा अरुका मानिसहरुका सुझाव-दवाव वा आधुनिक-अत्याधुनिक प्रविधि, पैसा र पावरको प्रभावमा परेर मूल्यांकनगर्ने वा निष्कर्ष निकालेर कामकार्वाही गरिएका छन्। यसरी मूल्यांकन गरी निष्कर्षमा पुगेर अत्यधिक मानिसहरुले आफ्नो जिन्दगीभरिको आस्थाविपरीत, आफू प्रतिबद्ध संघसंस्थाका नायक, नीति, निर्णय र निर्देशनविपरीत, आफ्ना सहयोद्धा-सहकर्मीहरुका सल्लाह-सुझाव र साझा कार्यका विपरीत र आफैले अवलम्बन गर्दै आएको नैतिकता, आचारसंहिता र अनुशासनको खुला वा गुप्तरुपमा उल्लंघनसमेत गरेका छन्। नेपालमा भएका पछिल्ला विद्युतीय गतिका रहस्यमय र तिलश्मी घटनाक्रम हरुलाई कसैले आफ्नो स्वतन्त्र विचार, इच्छा र आत्ममूल्यांकनको नाममा एकपक्षीय रुपमा अन्धभक्त बनेर अन्धविश्वास जस्तो गरी हेर्नु, मूल्यांकन गर्नु, निष्कर्ष निकाल्नु र सो निष्कर्षअनुसार कामकुरा गरेर आत्मरती लिनु हदैसम्मको विचित्रतममात्र होइन दुखदतम विडम्बना हो, जो सकेसम्म त केही समयपछि तुरुन्तै देखिने छ, नभएपनि केही लामो समयपछि त अवश्य नै देखिने छ र त्यसको दुष्परिणाम भोग्नसमेत पर्ने हुनसक्छ। यस्तो कुरा नेपालको इतिहासमा बारम्बारहुँदै आएको अनुभवसिद्ध निष्कर्ष पनि हो। त्यसैले हतारमा निर्णय गरेर फुर्सदमा पछुताउनुभन्दा राम्रोसँग शोचेर, नापेर, तौलेर बोल्दा वा गर्दा राम्रो हुन्छ। त्यसैले त क. माओले भन्नुभएको छ- सातपटक नाप एकपटक काट। यस्तो गरेर गरिएको कामकुराको परिणाम गलत, पश्चातापपूर्ण र दुखद हुँदैन।

**उमेरसमूहले क्रान्तिगर्ने भाष्यबारे :** विचार र वर्गबिना अनि लक्ष-उद्देश्य र एजेन्डा-कार्यक्रमबिना भावनालाई पक्रेर कुनै एक विशिष्ट उमेरसमूहले वा उमेरले नै क्रान्ति गर्नेजस्तो आज जुन भाष्य निर्माण गरिएको छ, त्यो आंशिक र तात्कालिक सत्य भए वा देखिए पनि पूर्ण र दीर्घकालीन सत्य होइन र हुन सक्तैन। यहाँनेर आफ्नो विशाल जनसंख्या र भूगोल भएको देशमा परिवर्तन ल्याउनको निम्ति गरिएको क्रान्तिकारी पार्टी निर्माण र भीषण युद्धमय लामो क्रान्तिकारी आन्दोलन संचालनका क्रममा क. माओले भन्नुभएको र लागूगरी सत्य साबित गर्नुभएको एकमा तीनको सिद्धान्त अर्थात् कुनै एक पार्टी, संगठन, संयन्त्र वा कमिटीमा युवा, प्रौढ र बृद्ध यी तीन उमेर समूहलाई आवश्यकता र सम्भाव्यताका आधारमा सन्तुलित रुपमा राखेर संयोजन र परिचालनगर्नु सही, वस्तुसम्मत, विज्ञानसम्मत, न्याँयसम्मत र क्रान्तिसम्मत भएको कुरा स्मरणीय हुन आउँछ। त्यसैले उमेरगत वर्गीकरण गरी कुनै एक निश्चित उमेर समूहका मानिसबाट मात्र वा निश्चित उमेरले मात्र क्रान्ति वा परिवर्तन हुने र गर्ने तर अन्य उमेरसमूहले नगर्ने भाष्य सिद्धान्ततः गलतै हो। युवा उमेरका सबै सही र परिवर्तनकारी हुने तर प्रौढ र पाका उमेरका सबै गलत र परिवर्तन विरोधी हुनेभन्ने यसप्रकारको भाष्य सही नहुने मात्र होइन कि हास्यास्पदसम्म पनि हुन सक्छ। हो, युवा उमेरका मानिसमा हुने सिर्जनशीलता, साहस, सकृयता र शक्ति तुलनात्मकरुपमा पाको उमेरका मानिसमा कम हुन्छ तर सही र गलत, असल र खराबभन्ने कुरा उमेरले होइन अध्ययन, अनुभव, विचार र व्यवहारले निर्धारणगर्ने कुरा हो। आज दर्शन र सिद्धान्तको अनि विधि र व्यवस्थाकोसमेत कुनै अर्थ छैन भन्नेजस्तो गरी जुन खालका तर्कवितर्क र कुतर्कहरुमात्र होइन गालीगलौज र धम्कीघुर्कीहरु सामाजिक सञ्जालहरुमा आएका छन्, ती अरुका लागि तत्काललाई भ्रम दिन सफल भएर आत्मरती भएपनि अन्ततः दीर्घकालमा आफ्नैलागि समेत घातक हुन्छन्। यो कुरा व्यापक जेनजी युवा समूह र तिनको लहलहैमा लागेको जनमत लगायत बिभिन्न अवयवहरुद्वारा बने-बनाइएको हालको बालेन नेतृत्वको रास्वपाको सरकारका प्रारम्भकै केही गम्भीर र संवेदनशील कामकार्वाहीहरुले संकेत गरेको प्रमाणित पनि भैसकेका छन्। फेरिपनि कामना गरौं जानअन्जानमा दुर्घटनावस ती कामहरु भएका होऊन् र अब ती सच्चिउन् र थप गल्तीहरु नहोउन्। यसतर्फ पनि झिनो संकेत देखिँदै छ।

**उमेरको आधारमा विभाजन र पछिल्लो जेनजी समूहबारे :** मानिसलाई उसको उमेरको आधारमा वर्गीकरणगर्न सकिन्छ। माथि भनिएझैं युवा, प्रौढ र बृद्ध पनि उमेरकै आधारमा गरिएको वर्गीकरण हो। निर्णायक र दूरगामी महत्वका दृष्टिले यी तीन समूह उल्लेख्य भए पनि कामकाजी, कामयावी र शीघ्र परिणामदायी दृष्टिले त युवा उमेर नै महत्वपूर्ण मानिन्छ। तथापि मानिस त अन्य उमेरसमूहका पनि हुन्छन्। बालक, किशोर वा बयोबृद्ध पनि अरु समूह नै हुन्। यी उमेरसमूहका मानिसको मान्छेको रुपमा कुनै अर्थ, औचित्य र महत्व नै छैन र हुनुहुँदैनभन्ने शोच मूर्खतापूर्ण शोच हो। कतिपय बेला त बिभिन्न कामकाजका सन्दर्भमा यी उपेक्षित र नगन्य समूहका मानिसको पनि विशिष्ट महत्वको भूमिका नै हुन्छ। जस्तो कि सुप्रसिद्ध कथा वादशाहको नयाँ कपडा कथामा एक अबोध बालकले खेलेको भूमिका अर्थात् वादशाह नाङ्गै छनभन्ने उद्घोष निर्णायक महत्वको नै छ। त्यस्तै हाम्रो एउटा प्रसिद्ध लोककथा पनि छ जसमा सयजना युवामात्र जन्ती आउने भनिएको हुन्छ र ती सयजनाले सयपाथी चामलको भात र सयवटा खसी खाएमात्र दुलही लिएर जान पाइनेभन्ने हुन्छ। तर त्यो बिहेमा एकजना बृद्धलाई मेकअप गरेर युवा बनाई लुकाएर लगिएकोले त्यहाँ ती बृद्धले उपाय निकालेर त्यो शर्त पूरागरेकोले विवाह सफल भएको भन्ने छ। यसरी यसकथामा पनि ती बृद्ध मानिसको विशिष्ट र निर्णायक नै भूमिका देखिन्छ। त्यसैले सबै समयमा सबै काममा निरपेक्षरुपले युवालेमात्रै सफलता दिलाउँछन्, तर बूढाले सक्तै सक्तैनन् भन्नु गलत हो। यही भाष्य चीनमा पनि व्याप्त हुन थालेपछी क माओले आफ्नो बृद्धावस्थामा विशाल ह्वाङ हो नदी पौडेर देखाइदिनुभएको थियो। अहिले पनि भारत, चीन, रुस र अमेरिकाजस्ता ठूला, शक्तिशाली र विकसित देशहरुमा पटकपटक दोहोरिई-तेहरिई बूढाहरु नै आइरहेका छन्। उनीहरुको उपादेयता सिद्धिएको भए त्यस्तो नहुनुपर्ने हो। अझ विचित्र त के छ भने अमेरिका-भारत्ले आफ्ना देशमा बूढाहरुलाई बारबार जिताउने तर तिनैले नेपालमा युवाहरु नै सबकुछ हुन् भन्ने भ्रम छरेर आफ्नो कुत्सित स्वार्थ पूर्तिगर्ने षड्यन्त्र रच्ने गरेका छन्, त्यो निन्दनीय छ। अर्को कुरा, अहिले त युवा उमेरको अन्तर्राष्ट्रिय मापदण्डलाई खन्डित गरिएको छ र १३ बर्षदेखि २८ बर्षसम्मका उमेरसमूहलाई अर्थात सन् १९९७ देखि २०१३ सम्म जन्मिएका स्मार्ट फोन चलाउने, डिजिटल युगका युवापुस्तालाई जेन-जी नाम दिइएको छ। जेन जी को अर्थ हो जेनेरेसन जेड अर्थात् यो अन्तिम युवा पुस्ता हो किनकि जेड अंग्रेजी भाषाको अन्तिम अक्षर भएकाले यो अन्तिम पुस्ता हो भन्ने हुन्छ। त्यसो भए के अब यसपछि अर्को पुस्ता छैन, आउन्न र हुन्न ? यस्तो अबैज्ञानिक, अप्राकृतिक र लज्जास्पद झुटको रुपमा यो उमेरसमूहलाई प्रस्तुत गर्ने गरिएको छ। अझ त्यस समूहको नाम पनि नेपाल र विश्वमै आधिकारिकता दिइएको बेलायती अंग्रेजीको अन्तिम अक्षर जेड (श) लाई अमेरिकीहरुले उच्चारण गर्ने जी को आधारमा जेनरेशन-जी (जेन-जी) नामाकरण गरेर पनि आफ्नो नाम र काममा अमेरिकी प्रभावलाई प्रस्तुत गर्दै अमेरिकी साम्राज्यवादको पक्षधरतालाई संकेत गरिएको छ। यो कुरालाई पुष्टि गर्ने आधारहरु बालेन लगायतका कैयौं मन्त्री, सांसद र नेताहरु नै अमेरिकी फण्डबाट संचालित अमेरिकी युथ काउन्सिल, बारबरा फाउन्डेसन, त्इद्य ( तिब्बेतियन ओरिजिनल ब्लड), हामी नेपाल लगायतका संस्थापक र सदस्य भएको खुल्न आएको छ तर पनि यो नाम र यसको कामलाई यत्तिकै ठीक ठोकुवा गरिदिनु कति तर्कसंगत, तथ्यसंगत र सत्यसम्मत होला ? गम्भीररुपले विचारणीय छ। यसैगरी स्मार्ट फोन प्रयोग गर्न जान्ने प्राविधिक रुपले उन्नत डिजिटल युगका मानिसहरु नै जेन-जी समूह भन्ने कुरा छ, के यो नै अन्तिम विकास हो र विज्ञान र प्रविधिको ? होइन, पक्कै हुनै सक्तैन, विज्ञान र प्रविधिको निरन्तर विकासहुँदै जानेछ। त्यसैले यो उमेर समूहलाई यसरी मान्यता दिनु कसैले तेरो कान कागले लग्योझ भनिदिँदैमा आफ्नो कान आफैसँग भएको यथार्थ नबुझी लहलहैमा कागका पछि-पछि दौडेजस्तो हास्यास्पद हुँदैन र ? अर्काले भनेकै भरमा सही ठान्ने तर आफूले अध्ययन र अनुभव गरेर बुझेको कुरामा भर नगरी गलत भन्ने यो शैली, शोच र सिद्धान्त भ्रमपूर्ण छ र षड्यन्त्रपूर्ण पनि छ। त्यसैले विदेशीहरुको यस किसिमको भ्रम र षड्यन्त्रमा फस्नु अन्ततः आफूलाई मात्र होइन नेपाल र नेपालीको हितलाई पनि घात हुनसक्नेप्रति सचेत हुनुपर्छ।

**विदेशी प्रभाव, दवाव र षड्यन्त्रबारे :** सन् १८१६ को सुगौलीसन्धिको वरिपरिदेखि नेपाललाई सताउन शुरु गरेको विदेशी वायुको मात्रा बढ्दैआएको छ। अहिले बिभिन्न देशहरुमा समेत यो हवाहुरी यस्तरी आएको देखियो कि सामाजिक सञ्जाल, एल्गोरिदम, सफ्ट पावर, डिजीटल प्रविधिलगायतका पछिल्ला प्रविधि, प्राविधिकहरु र तिनका मालिकहरुको माध्यमबाट साम्राज्यवादले चाहेको आधारमा जनमत बनाउने वृत्ति र प्रवृत्ति शीघ्र र पूर्ण सफल हुनेगरेको छ। यससन्दर्भमा हाम्रो देशमा पनि उसले सफलता पाएको सहजै अनुमान गर्न सकिन्छ। छर्लङ्ग छकि उसले मानिसहरुका दिल-दिमाग, बानी-बेहोरा, शोच-संस्कार, विचार-आचार र शैली-संस्कृति नै उल्टाउने गरी परिणाम ल्याइदियो। यस्लेगर्दा स्वअध्ययन, स्वबुद्धि, स्वविवेक, स्वदृष्टि, स्वसिद्धान्त र सुसंवाद आदिको आधारमा अध्ययन, चिन्तन, मनन र मन्थन गरेर मत बनाउने कार्यलाई पछि पार्दै निस्काम जस्तै बनाइदियो। गत भाद्र २३ मा जेन-जीहरुको अत्यन्तै सान्दर्भिक, सही र सामान्य समस्या सम्बोधनको लागि शुरुभएको स्वाभाविक, सरल र शान्तिपूर्ण संघर्ष शुरुमा आवरणमा ठीक ठान्नु सहज ज्ञानको कुरा हो तर त्यसका आधारमा त्यसभित्र रहेको षड्यन्त्रलाई बुझ्न तर्कसंगत र तथ्यसंगत ज्ञान आवश्यक पर्छ। त्यसैदिन सुनियोँजित तवरले टिओबी लेखिएका ज्याकेट लगाएका हरिमुस्ले बन्दुकधारी प्रवेश गरेर आन्दोलनलाई हाईज्याकगरी गलत दिशा दिएर आन्दोलनको शान्तिपूर्ण स्वरुपलाई हिंसात्मक रुप दिए। नितान्त शान्तिपूर्ण आन्दोलनको फूलसम्म पनि न चुंड्ने र गमला पनि नफोड्नेझ स्वरुपलाई १२-१ बजेतिरबाट अस्वाभाविक र अवांछित तरिकाले विकृत पारिएको त्यो बीभत्स स्वरुप र भाद्र २४ को महाविध्वंशलाई समेत जे पायो सो खायोझ गरेझैं अथवा नेपाली उखान भगवान जे गर्छन् असलै गर्छन भनेझैं गरेर ठीक ठहराउनु के विवेकसम्मत होला र ? आफ्नै अगाडि यस्ता ताण्डव नृत्य र राष्ट्रिय महाविध्वंसहुँदा पनि तिनको रक्षार्थ बसेको नेपाली नामको सेनालगायतका सुरक्षा निकाय र कर्मचारीतन्त्रका नेतृत्वहरुका गैरजिम्मेवारी र गडबडी पनि एकदमै ठीक ठहराउनेहरु हावी हुनु र अझैपनि ती हावी-प्रभावी नै हुनु के स्वाभाविक नै हुन्छ र ?

वास्तवमा यी सबै हुनु-गराउनुका पछाडि एउटै वैदेशिक शक्तिकेन्द्रको सुनियोँजित षड्यन्त्र रहेको छ। जुन शक्तिले एकातिर सरकारलाई 'सामाजिक सञ्जाल दर्ता नगरी संचालन गर्न दिनुभनेको आफ्नो देशको अस्तित्व, स्वाधीनता र सार्वभौमिकता माथि आँच आउने भएकाले रोक लगाउनुनै उचित हुनेझ भन्दै सामाजिक सञ्जाल बन्द गर्न उक्सायो उसैले अर्कोतिर सामाजिक सञ्जालका संचालकहरुलाई चलिआएका यस्ता सूचना सञ्जाल रोक्ने संवैधानिक अधिकार सरकारमा नभएको र भ्रष्टाचारको भयावह स्वरुप भएको यस्तो देशमा भ्रष्टाचार गर्नको लागि कर तिर्नुभनेको भ्रस्टाचारलाई प्रोत्साहन दिनु हुनेभएकोले दर्ता नविकरण नगर्नझ सुझाव-दवाव दिएर उक्सायो। यसरी सरकार र सामाजिक सञ्जाल संचालकहरु बीचमा द्वन्द बढाएर धमिलो पानीमा माछा मार्ने खेल भएको छर्लङ्ग छ। अन्यथा पढ्न स्कूल गएका बालबालिकालाई स्कूल समयमै, स्कूल ड्रेसमै, स्कूले ब्यागसहित आन्दोलनमा जान दिने विद्यालय (पृन्सिपल) र लिएर जाने र हिंसात्मक आन्दोलनमा प्रयोग गर्ने सुधन गुरुङ लगायतका जुलुसको रुट-परमिट लिने जेनजी आन्दोलनका आयोजकहरुले मात्र कसरी आँट गर्नसक्थे र ? त्यसैले यसप्रकारको शान्तिपूर्ण आन्दोलनको बहानामा हत्या, आगजनी र विध्वंश मच्चिनुबाट नेपालमा साम्राज्यवादीहरुद्वारा लामोसमयदेखि बढाउँदै लगिएको प्रभाव र दवावकाबीच रचिएको हाल यो षड्यन्त्र सफल गरिएको स्वतः स्पष्ट छ। भन्ने नै हो भने भाद्र २३-२४ को यस महाअपराधका लागि विदेशी शक्तिकेन्द्रको पैसा, पावर र प्रोत्साहन पाई प्यादा बनेर विध्वंसकारी जत्था तयार पारी प्रशिक्षण-तालिम दिएर प्रत्यक्षरुपमा विध्वंसको नेतृत्व गरेकाहरुलाई पहिलो कार्वाही हुनुपर्छ। आफ्नो स्वार्थको रोटी सेक्ने त्यस्तो जालसाजीपूर्ण र अराजक राजनीतिक आन्दोलनमा १३ बर्षे स्कूले बालबालिकालाई'हिंसात्मक होइन, फूल चुँड्ने र गमला फोड्नेसम्म पनि गरिंदैनझ भन्दै लगेर अन्ततः महाहिंसात्मक अग्निकुण्डमा होमिदिने जघन्य अपराध पनि त्यसै इन्डो-अमेरिकी शक्तिकेन्द्रका पालन-पोषण र डिजाइन-निर्देशनमा रविहरुका अन्धभक्तहरु, दलाई लामाका सन्तती-अनुयायीहरु, नेपालका गुम्बामा अमेरिकी र भारतीय पैसामा हुर्केका तालिमप्राप्त त्इद्य वालाहरु, अमेरिकी युथ काउन्सिलका सदस्यहरु र बारबरा फाउन्डेसनजस्ता अमेरिकी साम्राज्यवादी लगायतमा कार्यरत हरुबाट भएकोमा के शंका छ र ? स्मरणीय छ कि यो शक्तिकेन्द्रले आफ्नो मुख्य प्रतिस्पर्धी-दुश्मन विचार र राष्ट्र नेपालको अनन्य मित्रराष्ट्र चीन र कम्युनिज्मलाई बताउँदै टार्गेट बनाएर षड्यन्त्रमूलक गतिविधिहरु गर्दै आएको छ। त्यसैक्रममा यस्ले नेपालमा निरन्तर अस्थिरता र अराजकताको खेती गरी नेपाललाई असफल राष्ट्र नै बनाएर आफ्नो स्वार्थ पूर्ति गर्ने दाउ गर्दै आएको थियो। यससन्दर्भमा कुख्यात खम्पा विद्रोह पनि यसै शक्तिकेन्द्रद्वारा गराइएको स्मरणीय छ। आज पनि त्यही शक्तिकेन्द्रको नै यी सब घटनाहरु घटाउनुमा सुनियोँजित षड्यन्त्र रहेको कुरा उपरोक्त तथ्यहरुले पुष्टि गर्दछन्।

**वातावरण बनाउने संसदवादी दल र मुख्य नेताहरु :** यो कुरा निश्चितै रुपमा सत्य हो कि वैदेशिक शक्तिकेन्द्र र तिनका दलालहरुलाई यसप्रकारको गतिविधि गर्ने सहज वातावरण बनाइदिने नेपालकै संसदवादी दल र तिनका मुख्य नेताहरु नै हुन्। उनीहरुले एकातिर देशमा जनविरोधी र राष्ट्रहितविरोधी कामहरु गरी आमजनतामा व्यापक असन्तुष्टि बढाउने गरेका थिए भने अर्कातिर ती विदेशी शक्तिहरुलाई दलाली, गुलामी र सलामीगर्दै आफ्ना सत्ता र भत्तादातालाई मातापिताका रुपमा भक्ति-स्तुति समेत गरेका थिए। यसक्रममा उनीहरुले नवउदारवादी अर्थनीति अवलम्बन **बाँकी ७ पेजमा**

# संविधान संशोधन र गणतन्त्रका लागि मसालले गरेको संघर्ष

**मोहनबिक्रम सिंह**



नेपालमा गत फागुन २१ को निर्वाचनपछि बनेको सरकारले संविधान संशोधनका लागि एउटा कार्यदलसमेत गठन गरेको छ र त्यो कार्यदलको पहिलो बैठकसमेत बसेर संविधानमा संशोधनसम्बन्धी प्रारम्भिक छलफलसमेत शुरु भइसकेको छ। यस्तो अवस्थामा नेपाल कम्युनिष्ट पार्टी (मसाल) ले पनि छलफलबाट आफ्ना धारणाहरु तय गरेको छ। नेपालको ०७२ को संविधानको निर्माणसित हाम्रो पार्टीको ऐतिहासिक भूमिका रहेको छ। हाम्रो पार्टीले संविधानसभाको चुनाव र त्यसरी सार्वभौमसत्ता जनतामा हस्तान्तरण गर्नको लागि करिब छ दशक लामो संघर्ष गरेको छ। संविधानसभाद्वारा संविधान निर्माणका बेलामा पनि हाम्रो पार्टीको वैधानिक मोर्चा राष्ट्रिय जनमोर्चाको महत्वपूर्ण भूमिका रहेको छ। त्यसैले अहिले संविधान संशोधनको सन्दर्भमा पनि त्यसलाई गलत प्रकारले संशोधनगर्ने कुनै प्रयत्न नगरियोस् भन्नका लागि उच्च सतर्कता अपनाउनुपर्ने आवश्यकता छ।

नयाँ सरकारले संविधानमा संशोधनका लागि जुन कार्यदल बनाएको छ, त्यसको संरचना नै गम्भीर प्रकारले आपत्तिजनक छ। त्यसको संयोजकमा पहिले राजा आऊ, देश बचाऊ भन्नेजस्ता प्रतिगामी वा आपत्तिजनक स्टाटस लेख्ने व्यक्तिलाई मनोनित गरिएको छ। त्यसलेगर्दा प्रारम्भमा नै संविधानको संशोधनलाई प्रतिगामी दिशामा लैजाने गम्भीर आशंका उत्पन्न भएको छ। त्यसकारण त्यस प्रकारका घोषितरुपले नै राजावादी भएको व्यक्तिलाई त्यसको संयोजकबाट हटाएर संविधानको स्प्रिटअनुसार कामगर्न सक्ने तथा संवैधानिक विषयमा उच्च ज्ञान र क्षमता राख्ने राष्ट्रवादी र निर्विवाद व्यक्तिको संयोजकत्वमा त्यो कार्यदल गठनगर्ने आवश्यकता छ। ०७२ को संविधानका धारा २७४ को उपधारा (१) मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुनेगरी यो संविधान संशोधनगर्न सकिने छैनभनी लेखिएको छ। सर्वप्रथम त्यो संवैधानिक व्यवस्थामा गणतन्त्र, धर्मनिरपेक्षता र बहुदलीय व्यवस्थामा समेत कुनै परिवर्तनगर्न सकिने छैनभन्ने कुरा लेखिनुपर्दछ। अहिले देशमा जनताद्वारा प्रत्यक्षरुपले निर्वाचित कार्यकारी प्रमुखको निर्वाचनको व्यवस्था गरिनुपर्दछभन्ने आवाज निकै उठ्नेगरेको छ। त्यसरी जनताद्वारा प्रत्यक्ष रुपले निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था विश्वस्तरमा नै अस्वीकृत र त्यस प्रकारको प्रणाली भएका देशमा पनि त्यो असफलहुँदै गइरहेको छ र त्यसलाई हटाउनुपर्ने माग बढ्दै गइरहेको छ। त्यस प्रकारको प्रणालीले सम्पूर्ण शासनसत्ता एक व्यक्तिको हातमा केन्द्रित गर्दछ र त्यसले देशलाई प्रत्यक्ष रुपले नै तानाशाही वा फासिवादी दिशातिर लैजान्छ। त्यसैले त्यस प्रकारको प्रणालीलाई दृढतापूर्वक अस्वीकार गर्नुपर्दछ र संविधानमा त्यस प्रकारको व्यवस्था राखिनुहुँदैन। अहिले देशमा मिश्रित प्रकारको निर्वाचन प्रणाली छ। त्यसका ठाउँमा पूरा समानुपातिक वा पूरै प्रत्यक्ष प्रणाली कायमगर्ने कुरा पनि उठिरहेको छ। उक्त दुवै प्रकारका विचारलाई हामीले गलत मान्दछौं। पूरै समानुपातिक प्रणाली अपनाउँदा जनप्रतिनिधि चुन्ने अधिकारबाट जनता पूरै वञ्चित हुनेछन् र सांसदलाई चुन्ने अधिकार पार्टी नेतृत्वमामात्र सीमित हुनेछ र त्यसरी निर्वाचनको प्रणालीले पूरै निरंकुश र नोकरशाहीरुप लिनेछ। त्यही प्रकारले पूरैनै प्रत्यक्ष प्रणाली अपनाउँदा पनि प्रत्यक्ष चुनावद्वारा प्रतिनिधित्व हुन नसकेका बिभिन्न जनसमूह प्रतिनिधित्व र समावेशिताबाट वञ्चित हुनेछन्। त्यसैले हाम्रो पार्टीले देशमा कायम रहेको मिश्रित प्रकारको निर्वाचन प्रणालीलाई नै कायम राख्नुपर्ने आवश्यकतामा जोड दिन्छ। संसदमा महिला र दलितको प्रतिनिधित्वलाई सुरक्षित राख्नका लागि महिला वा दलित मात्रले चुनावमा भाग लिन सक्ने केही सुरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गरिनुपर्दछ। त्यसका लागि देशका बिभिन्न निर्वाचन क्षेत्र आलोपालो गरेर बदल्ने प्रणाली अपनाउनुपर्दछ। अहिले देशमा केही राजनीतिक शक्तिले गणतन्त्रलाई समाप्त गरेर राजतन्त्रको पुनर्स्थापनागर्ने र धर्मनिरपेक्षतालाई समाप्त गरेर नेपाललाई हिन्दु राष्ट्र बनाउने आवाज पनि उठाएको पाइन्छ। नेपालले करिब २५० वर्षसम्म राजतन्त्रको अनुभव गरिसकेको छ र त्यसलाई पुनर्स्थापित गर्ने कार्यले देशलाई प्रतिगमनतिर लैजानेछ। राजतन्त्र, विश्वको इतिहासमा नै अस्वीकृत भइसकेको व्यवस्था हो र नेपालले पनि जनताको लामो संघर्ष तथा त्याग र बलिदानद्वारा त्यसलाई विस्थापित गरिसकेको छ। त्यसकारण त्यसलाई पुनःस्थापित गर्ने कार्य एउटा प्रतिगामी कार्य हुनेछ र त्यसले देशलाई प्रतिगामी दिशामा नै लैजानेछ।

नेपाल बहुधार्मिक देश हो र हामीले ती सबै धर्मका बिचमा सहिष्णुता र सद्भावना कायम राख्नुपर्ने कुरामा जोड दिनुपर्छ। त्यस प्रकारको पृष्ठभूमिमा कुनै एउटा धर्मलाई मात्र राज्यको धर्म बनाउने कार्यबाट देशमा धार्मिक असहिष्णुता र साम्प्रदायिकता बढ्ने सम्भावना हुनेछ। निश्चय नै त्यसका साथै सबै धर्मका लागि धार्मिक स्वतन्त्रता पनि सुरक्षित राखिनुपर्दछ। त्यसका साथै बिभिन्न देशी वा विदेशी प्रतिक्रियावादी शक्तिले धर्मलाई हतियार बनाएर आफ्ना निहित स्वार्थ पूरागर्न जुन षड्यन्त्रगर्ने गरेका छन्। त्यसलाई रोक्न संविधानमा आवश्यक प्रबन्ध गर्नुपर्ने आवश्यकता रहेको छ। संविधानमा संघीयताको जुन व्यवस्था गरिएको छ, त्यो नेपाली जनताको माग, राजनीतिक आवश्यकता वा नेपालका राजनीतिक पार्टीको आन्दोलनका आधारमा गरिएको होइन। संविधानमा त्यसलाई समावेशगर्ने कार्य पनि संविधानसभाले गरेको होइन। संविधानसभाको चुनावभन्दा पहिलेनै विदेशी शक्तिको दबावमानै त्यसलाई अपनाइएको हो। त्यसरी नेपालमा संघीयतालाई नेपालको राष्ट्रिय हित वा आवश्यकतामाथि ध्यान दिएरभन्दा विदेशी स्वार्थअनुसार नै नेपालमा अपनाइएको हो र त्यो व्यवस्थाबाट नेपालमा राष्ट्रिय विघटन र क्षेत्रीय र जातीय वैमनस्यता कायम हुने कुरा निश्चित छ। त्योबाहेक त्यसबाट नेपालमा अनावश्यक रुपमा बढी आर्थिक बोझ परिरहेको छ।

त्यसकारण संघीयतालाई खारेज गर्नुपर्दछ र त्यसको ठाउँमा पुरानो प्रकारको सामन्ती, केन्द्रीकृत र नोकरशाही प्रकारको होइन, प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनमाथि आधारित एकात्मक प्रणाली रहने संवैधानिक व्यवस्था गरिनुपर्दछ। अहिले संघीय शासन प्रणालीअन्तर्गत रहेको प्रादेशिक संरचनालाई पनि खारेज गर्नुपर्दछ। संघीय प्रणालीलाई खारेजगर्नुको अर्थ स्थानीय निकायलाई खारेजगर्नु अवश्य पनि होइन। तिनीहरुलाई अरु अधिकार सम्पन्न बनाउनुपर्ने आवश्यकता छ। स्थानीय स्वायत्त शासनलाई मौलिक अधिकारको सूचीमा राखिनुपर्दछ। त्यसो भएमा सरकार वा प्रशासनले तिनीहरुमाथिको स्वेच्छाचारी प्रकारको हस्तक्षेपलाई पूरै रोक्न सकिनेछ र रोक्नु पनि पर्दछ। प्रादेशिक संरचना समाप्त भएपछि तिनीहरुमा खर्च हुने अनावश्यक रकम स्थानीय निकायमा र विकास कार्यक्रममा बढी खर्च हुन सक्नेछ र स्थानीय निकायमाथि प्रदेशबाट हुने हस्तक्षेप वा नियन्त्रण पनि समाप्त हुनेछ। नेपालमा विदेशस्थित प्रवासी नेपालीलाई आफू बसेको देशबाट नै नेपालको चुनावमा मतदानगर्न पाउने अधिकारबारे बारम्बार आवाज उठ्ने गरेको छ। सर्वोच्च अदालत र निर्वाचन आयोगले समेत प्रवासी नेपालीको मतदानको अधिकारको पक्षमा आफ्नो मत प्रकट गरिसकेका छन्। जेनजी आन्दोलनको बेलामा पनि त्यसका लागि व्यापक रुपले आवाज उठेको थियो तर त्यसबारे अहिलेसम्म कुनै कानून बनेको छैन र प्रवासी नेपाली सधैं त्यो अधिकारबाट बञ्चितहुँदै आउनुपरेको छ। त्यसकारण प्रवासी नेपालीको त्यो अधिकार सुनिश्चित हुनेगरी संविधानमा नै संशोधन हुनुपर्दछ र त्यसलाई कार्यान्वयन गर्नका लागि आवश्यक कानून पनि बन्नुपर्दछ। ०७२ को संविधानको धारा २७९ को उपधारा २ मा शान्ति र मैत्री, सुरक्षा एबं सामरिक सम्बन्ध, नेपालको सिमाना र प्राकृतिक श्रोत तथा त्यसको उपयोगको बाँडफाँडबारे कुनै सन्धि वा सम्झौतागर्दा त्यसलाई संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमतले स्वीकृत वा अनुमोदन गर्नुपर्ने व्यवस्था गरिएको छ तर ती विषयमा सन्धि वा सम्झौतागर्दा राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधिसभाको बैठकमा उपस्थित सदस्यको साधारण बहुमतबाट हुन सक्नेछभन्ने लेखेर राष्ट्रिय महत्वका यी महत्वपूर्ण विषयसम्बन्धी सन्धि वा सम्झौतालाई प्रतिनिधिसभाको साधारण बहुमतद्वारा पनि स्वीकृत वा अनुमोदनगर्नका लागि ढोका खुला राखिएको छ। त्यसकारण त्यो उपधारामा उल्लेख गरिएको पछिल्लो वाक्यांश पूरै हटाउनुपर्दछ। संविधानको धारा २७५ को उपधारा १ मा लेखिएको छ- राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णयगर्न आवश्यक छभनी संघीय संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ सदस्यको बहुमतबाट निर्णय भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ। तर त्यस प्रकारको जनमत संग्रह गर्दा संविधानको धारा २७४ को उपधारा १ मा संविधानमा संशोधन गर्न नमिल्ने विषय तथा गणतन्त्र, धर्मनिरपेक्षता र बहुदलीय व्यवस्थाबारे समेत कुनै जनमत संग्रह नहुने कुरा संविधानमा स्पष्टरुपले उल्लेख हुनुपर्दछ। नागरिकताबारे भन्नुपर्दा खास नेपालीका सन्तानलाई वंशजको आधारमा नागरिकता दिनुपर्दछ। जन्मको आधारमा नागरिकताप्राप्त व्यक्तिका सन्तानलाई अंगीकृत नागरिकता दिनुपर्दछ। विदेशबाट विवाह गरेर आएकी महिलालाई सातवर्ष पुगेपछि मात्र र अंगीकृत नागरिकतासम्बन्धी अन्य शर्त पूरा गरेपनि नै अंगीकृत नागरिकता दिनुपर्दछ। नेपाली महिलासँग विवाहगर्ने विदेशी पुरुषका हकमा पनि अंगीकृतनागरिकताका शर्त पूरागरेपछि नै उसलाई अंगीकृतनागरिकता दिने व्यवस्था गरिनुपर्दछ। द्वैध नागरिकता अस्वीकार गरिनु **बाँकी ७ पेजमा**

## कमरेड....

बीचमा समझदारी बढाउन र सामान्य एकता निरन्तर कायम राखिराख्न उपयोगी बनोस। जसका लागि केही कार्यबिधि र अवधारणाहरु बनाउन सकिने अवस्था छ। गत फागुन २१ मा सम्पन्न आम निर्वाचनमा कम्युनिष्ट पार्टीहरुले इतिहासकै खराब पराजय बेहोर्नुपरेको तथ्य हाम्रा सामु ताजै छ। कुनै समय ४६ प्रतिशतभन्दा बढी लोकप्रिय मत ल्याउने गरेका वामपन्थी दलहरुको मत हाल घटेर २१ प्रतिशतमा खुम्चिनुको कारण पनि खोज्नुपर्ने टड्कारो आवश्यकता छ। प्रत्यक्षतर्फ एमालेले जम्मा नौ सिट र दाहाल नेतृत्वको नेकपाले सातसिटमात्रै जित्न सफल भएको तथ्यांकलाई पनि बाम शुभचिन्तकहरुले स्मरणगर्न सक्नुपर्ने अवस्था रहेको छ। उक्त परिणामले कम्युनिष्ट मत विभाजितहुँदा त्यसको प्रत्यक्ष लाभ नयाँ शक्तिहरुलाई पुगेको देखाएको छ। एमालेको गढ मानिएको झापा र नेकपाको गढ मानिएको गोरखाजस्ता क्षेत्रमासमेत हार व्यहोर्नु परेपछि ओली र दाहाल दुवैलाई अबका दिनमा मिलेर नगए अस्तित्वनै संकटमा पर्ने शोच आएको पनि हुनसक्छ। तर अब हुने पार्टी एकता वा मोर्चाबन्दी गर्दा यसअघिका दुखद घटनाहरु फेरी नदोहोरियुन भनेर पहिले नै बिचार गरिनु उपयुक्त हुन्छ।

## बिद्यालयले सरकारी निर्देशन मानेनन्

काठमाडौं। तनहुँका बिद्यालयले केन्द्रीय निर्देशन उल्लंघन गरेका छन्। केन्द्र सरकारले शैक्षिक सत्र ०८३ सालको पठनपाठन आगामी २१ गतेबाट शुरुगर्न निर्देशन दिएपनि तनहुँका दुई स्थानीय तहले त्यसअघिनै पठनपाठन शुरुगर्ने भएका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्रले गत चैत २६ गते देशभरका सबै स्थानीय तहलाई पत्र पठाउँदै शैक्षिक सत्र ०८३ को भर्ना अभियान वैशाख १५ र पठनपाठन २१ गतेबाट मात्र शुरु गर्नेलगायतका निर्देशन दिएको थियो। तर आबुँखैरेनी गाउँपालिकाले गतसाता बुधबारदेखि नै पठनपाठन थालेको छभने बन्दीपुर गाउँपालिकाले आगामी नौगतेदेखि पठनपाठन शुरुगर्ने भएको छ। दुवै पालिकाले सूचना प्रकाशित गरी पठनपाठन शुरु हुने मिति तोकेका हुन्। आबुँखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले केन्द्र सरकारले वैशाख २१ देखि पठनपाठन शुरुगर्ने निर्णय गरेपनि नेपालको संविधान तथा प्रचलित कानुनअनुसार आधारभूत तथा माध्यमिक तहसम्म शिक्षाको व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहको भएबमोजिम स्थानीय आबश्यकतालाई मध्यनजरगरी सो निर्णग गरिएको बताउनु भएको छ। उहाँले गाउँ कार्यपालिकाको चैत ३० गतेको निर्णयअनुसार गाउँपालिकाको शैक्षिक क्यालेन्डरबमोजिम अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत बिद्यालयले वैशाख दुईगतेदेखि बिद्यार्थी भर्ना अभियान तथा पठनपाठनगर्न गराउन सूचना प्रकाशित गरिएको बताउनुभएको छ।

# अन्तराष्ट्रिय

## इरान र अमेरिकाबीच दोश्रो चरणको वार्ताका लागि भएको तयारी र संभावनाहरु

**कर्तव्य**

काठमाडौं। इरान र अमेरिकाबीच दोश्रो चरणको वार्ताका लागि भएको तयारी र संभावनाहरुबारे यतिबेला एकातिर बिश्वमै सर्बाधिक चर्चा भैरहेको छभने अर्कातिर युद्ध बिरामले खासै अर्थ राख्न पनि सकिरहेको छैन। अन्तराष्ट्रिय समाचार संस्थाहरुले जनाएअनुसार इरान र अमेरिकाले दोश्रो चरणको वार्ताका लागि तयार रहेको बताएका छन्। गतसाता पाकिस्तानका सेना प्रमुख फिल्ड मार्सल अशिम मुनिर इरानसँग छलफलका लागि तेहरान पुग्नुभएको थियो। उहाँले अमेरिकाको वार्ता प्रस्ताव इरान सरकारलाई सुनाउनुभएको भनिएको छ। त्यसक्रममा इरानी विदेशमन्त्री अब्बास अराग्चीले शान्ति र स्थायित्वका लागि आफ्नो देश तयार रहेको बताउनुभएको छ। पाकिस्तानका सेनापति मुनिरले वार्ता सफल गराउनका लागि लामो समयदेखि भूमिका खेल्दै आउनुभएको छ। यसअघि पहिलो चरणको वार्ता पाकिस्तानको इस्लामावादमै आयोजना भएको थियो। तर सफल हुनसकेन। अराग्चीले पाकिस्तानको प्रयासको प्रशंसा गर्नुभएको छ। उक्त प्रयासले दुई देशबीचको गहिरो र सुदृढ सम्बन्ध उजागर गरेको पनि उहाँले बताउनुभएको छ। उहाँले क्षेत्रीय शान्ति र स्थिरता प्रवर्द्धनगर्न हामी प्रतिवद्ध छौं। यो प्रतिबद्धता हामी (पाकिस्तान र इरान) को साझा हो भन्नुभएको छ। अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइटहाउसकी प्रेस सेक्रेटरी कारोलिन लेभिट्टले वार्ताको सकारात्मक वातावरण बनेको बताउनुभएको छ। उहाँले दोश्रो चरणको वार्ताका लागि पनि पाकिस्ताननै राम्रो गन्तव्य हुने पनि बताइसक्नुभएको छ। यसअघि पहिलो चरणको वार्ता आणविक सम्वर्द्धनको मुद्धामा पुगेर टुंगिएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताउनुभएको थियो। इस्लामावादमा उक्त वार्तामा अमेरिकाको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले गर्नुभएको थियो। अप्रिल आठमा दुईसाता लामो युद्धविराम भएयता अमेरिका-इरानले एकअर्कामाथि प्रत्यक्ष आक्रमण गरेका छैनन्। तर इरानले पहिल्यै बन्द गरिसकेको हर्मुजको जलघाँटीमा अमेरिकाले आफ्नो जलसेना तैनाथ गरेको छ। यस जलघाँटी नाकाबन्दी गरिएको अमेरिकाले जनाएको छ। इरानले यस कार्यलाई डकैतीको आरोप लगाएको छ। त्यसैगरी पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफ अमेरिका-इरान शान्ति वार्ताको सम्भावित दोश्रो चरणको सम्भावनाअघि चारदिने भ्रमणका लागि गतसाता साउदी अरब पुग्नुभएको थियो। गत साता इस्लामावादमा वाशिटन र तेहरानबीच दशकौंपछि भएको उच्चस्तरीय वार्तापछि सरिफले साउदी अरबका उच्च पदस्थ अधिकारीसँग भेटवार्तागर्ने प्रयास गर्नुभएको हो। उहाँले साउदी अरबपछि कतार र टर्कीको भ्रमणगर्ने कार्यक्रम पनि रहेको छ। साउदी अरब र कतारपछि सरिफले अन्टाल्या कूटनीति मञ्चमा भाग लिनुहुने पनि बताइएको छ। शरीफले अन्टाल्या फोरमको छेउछाउमा राष्ट्रपति रेसेप तैयप एर्दोगान र अन्य नेताहरुसँग द्विपक्षीय बैठकहरु गर्ने कार्यक्रम रहेको छ। गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि शुरुभएको युद्ध अन्त्यगर्ने प्रयासमा इस्लामाबाद वार्ता एककदम अगाडिको प्रगति हो।

वार्ताबाट कुनै उपलब्धी नभएपनि दुई पक्षलाई संवादमा ल्याउन वार्ता पहल सफल भएको छ। इरानले अमेरिका-इजरायलले इरानमा गरेको आक्रमणको बदलामा साउदी अरब र कतारलगायत खाडीमा रहेका अमेरिकी सहयोगीलाई निशाना बनायो र उक्त क्षेत्रबाट ऊर्जा निर्यातमा अवरोध गर्‍यो, जसका कारण बिश्वमै तेलको मूल्य अत्यधिक बढेको छ। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले द्वन्द अन्त्यका लागि कुनै सहमति नभए पनि वार्ता पाकिस्तानको राजधानीमा स्लामावादमा पुनः शुरु हुनसक्ने बताउनुभएको छ। संयुक्त राज्य अमेरिकाले इरानको नौसैनिक नाकाबन्दीको आदेश दिए पनि यसैहप्ता समाप्त हुने युद्धविराम जारी छ। सरिफसँगै अमेरिका-इरान वार्ताकाक्रममा मध्यस्थकर्ता रहेका विदेशमन्त्री इशाक दार र अन्य वरिष्ठ अधिकारीहरु पनि छलफलमा सहभागी हुने उहाँको कार्यालयले जनाएको छ। पाकिस्तान र साउदी अरबबीच घनिष्ठ सम्बन्ध छ र इस्लामाबादको अर्थमन्त्रालयले रियादले पाकिस्तानलाई आफ्नो विदेशी मुद्रा भण्डार बढाउन तीनअर्ब डलर उपलब्ध गराउने घोषणा गरेको छ। पाकिस्तानले रियादको सहयोगी बनेको संयुक्त अरब इमिरेट्सलाई अर्बौं ऋण फिर्तागर्ने बताएको केही दिनपछि सो सहयोग आएको हो। साउदी अरबको बिद्यमान पाँचअर्ब अमेरिकी डलर बराबरको निक्षेप पनि अनिर्दिष्ट अवधिका लागि विस्तार गरिने अर्थमन्त्रालयले जनाएको छ। अमेरिकी उपराष्ट्रपति जेडी भान्सले हालै इरानसँगको वार्तामा केही प्रगति भएको बताउनुभएको छ। त्यसैगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि अर्को पक्ष वार्ताका लागि इच्छुक रहेको प्रतिक्रिया दिनुभएको छ। यही पृष्ठभूमिमा पाकिस्तानले इस्लामाबादमै अर्को चरणको वार्ता आयोजनागर्ने प्रस्ताव अघि सारेको हो। कतिपय पाकिस्तानी अधिकारीहरुले सो प्रस्ताव दुवै पक्षको सहमतिमा मात्र अघिबढ्ने बताएका छन्। उनीहरुले एकपटकको वार्ताभन्दा निरन्तर कूटनीतिक प्रक्रियामार्फत समाधान खोज्नुपर्नेमा जोडदिएका छन्। यसैबीच मध्यपूर्वमा तनाव थप चर्किने संकेत पनि देखिएका छन्। लेबनानस्थित सशस्त्र समूह हिज्बुल्लाहका एक वरिष्ठ अधिकारीले अमेरिका-लेबनान-इजरायलबीच शुरु हुनलागेको वार्ताबाट हुने कुनैपनि सम्झौता नमान्ने चेतावनी दिएका छन्। जसले वाशिंटनमा शुरु हुने प्रत्यक्ष लेबनान-इजरायल वार्तालाई चुनौतीपूर्ण बनाएको छ। लेबनानका अधिकारीहरुभने इजरायलसँगको युद्धविराम सम्भव बनाउन आशावादी देखिएका छन्। हालसम्म उक्त द्वन्दमा कम्तीमा दुईहजार ८९ जनाको ज्यान गएको बताइएको छ। तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले तत्काल युद्धविरामभन्दा हिजबुल्लाहको निशस्त्रीकरण र दीर्घकालीन शान्ति सम्झौतामा जोड दिनुभएको छ। यता अमेरिकाद्वारा इरानी बन्दरगाहहरुमा गरिएको नाकाबन्दी र त्यसप्रति इरानको कडा प्रतिक्रिया दिने चेतावनीले विश्व अर्थतन्त्रमासमेत प्रभाव पार्नथालेको छ। यसले तेल आपूर्ति र समुद्री मार्गहरु, विशेषगरी होर्मुज जलडमरुमध्य, जोखिममा पर्ने चिन्ता बढाएको छ। अन्तर्राष्ट्रियस्तरमा पनि कूटनीतिक पहल तीव्र भएका छन्। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले चीनलाई विश्वस्तरीय वार्ताकारको भूमिकामा अझ सक्रिय हुन आग्रह गर्नुभएको छ। चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको भेटपछि उहाँले इरान र युक्रेनजस्ता द्वन्द समाधानमा चीनको भूमिका निर्णायक हुन सक्ने धारणा व्यक्त गर्नुभयो। जर्मनीका चान्सलर फेडरिक मर्जले पनि इजरायल-लेबनान प्रत्यक्ष वार्तालाई समर्थनगर्दै दक्षिण लेबनानमा शत्रुता अन्त्यगर्न आह्वान **बाँकी ७ पेजमा**

# कमरेड पुष्पलालको अर्थतन्त्रबारेको अवधारणा एक चर्चा

**लोकनारायण सुवेदी**



हाल विश्वभर नै अर्थतन्त्रकाबारेमा बिभिन्न किसिमका बहसहरु भैरहेका छन्। नेपालमा त झन त्यस्तो बहस चर्को छ। कुनै पनि देशको अर्थतन्त्रमा प्रगतिवाद बर्गीय दृष्टिकोणका आधारमा बिद्यमान बर्गीय शोषण र सामाजिक उत्पीडनमा आधारित बर्ग सम्बन्धलाई फेर्ने बिषयसँग सम्बन्धित हुन्छ। यस सन्दर्भमा हाम्रो देशको कुरागर्दा अर्थतन्त्रमा मूलतः मुख्य उत्पादक शक्ति वास्तबिक किसानलाई भूस्वामित्व प्रदानगर्ने क्रान्तिकारी भूमिसुधार र बिदेशी पूँजीको राष्ट्रियकरण यी दुई महत्वपूर्ण कुरालाई नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालले प्रष्टसँग अघि सार्नु भएको छ। यी दुइ महत्वपूर्ण कुराले राष्ट्रिय पूँजीको प्रादुर्भाबगरी देशलाई राष्ट्रिय औद्योगिकरणको दिशामा लैजाने र रोजगारी पैदा गर्ने बाटो लिन्छ।

यसरी किसानलाई जग्गाको मालिक बनाई प्रतिइकाई जमिनवाट अधिकतम उत्पादन बृद्धिगर्ने किसिमले अर्थतन्त्रलाई सही दिशामा अभिमुख गराउँदै र यसलाई आत्मनिर्भर तुल्याउदै परनिर्भरताको पासोबाट देश र जनतालाई मुक्त गराउने र यसरी राष्ट्रियता, जनतन्त्र र जनजीबिकाका समस्याहरु समाधान गर्न ठोस आधार तयारगर्ने नीतिनै देशको बर्तमान परिप्रेक्षमा प्रगतिवादी चिन्तनधाराको आर्थिक नीति हो। यस नीतिले देशलाई नव तथा अर्ध उपनिवेशबाट मुक्तगर्न राष्ट्रिय पूँजीलाई नियन्त्रित र नियोजित दायरामा विकासगर्न मद्दत गर्दछ। बर्तमान सन्दर्भमा क्रान्तिकारी भूमिसुधार, राष्ट्रिय औद्योगिकरण र आम बिद्यूतिकरणको एकमुष्ठ(प्याकेज प्रोग्राम)परियोजनाकारुमा यसलाई परिचालनगर्ने दिशा लिनु प्रगतिवादी दिशामा अग्रसर हुने बाटोमा लाग्नु ठहर्छ। किनभने क्रान्तिकारी भूमिसुधार - जस अन्तरगत किसानलाई जमिनको स्वामित्व प्रदान गरेर कृषिको आधुनिकीरण गर्न सामुहीक र सहकारी खेतीलाई प्रोत्साहनदिइ प्रतिइकाई जमिनवाट अधिकतम बालीनालीको उत्पादन लिन बैज्ञानिक किसिमले जल, जमिन, मल, बिऊ र कृषि औजार किसानलाई प्रदानगर्ने बजारको सुनश्चितागर्ने र प्रगतिशील न्यूनतम समर्थन मूल्य प्रदानगर्ने कुरा पर्दछ। अनि कृषि र उद्योगलाई सुचारुरुपले परिचालनगर्न बिद्युतको उपयोग आवश्यक पर्दछ। अनि यसरी औद्योकिरणको ठोस आधार बन्दछ र रोजगारी पैदा भएर श्रमिकरुको बाहय पलायन हुने अबस्थाको अन्त्य हुन्छ। त्यसैले राज्यले यी तीन कुरा (क्रान्तिकारी भूमिसुधार, राष्ट्रिय औद्योगिकरण र आम बिद्यूतिकरण)लाई परस्पर जोडिएका एउटै एकीकृत प्याकेजको रुपमा लैजाने नीति लिनुपर्दछ भनिएको हो र यसका लागि किसानलाई जल, जमिन, जंगल, जडीबुटी र जनशक्ति र प्रबिधिले सुसज्जित गरिनु अति आवशयक छ भनिएको हो।

यसरी मात्र अर्थतन्त्रलाई प्रगतिवादी चिन्तनधाराका आधारमा परिचालनगर्दै जनताको हितमा प्राकृतिक श्रोत साधन र प्रबिधिको सही परिचालन हुने बातावरण बन्छ र समाजवादको निर्माणगर्ने पूर्बाधार नयाँ जनवादी क्रान्ति सम्पन्नभइ देश सामन्तवाद र साम्राज्यवादवादको चंगुलबाट मुक्त हुन्छभन्ने कुरा कमरेड पुष्पलालले औंल्याउनु भएको हो। यीनै आधारमा नयाँ जनवादी कार्यक्रमा किासनलाई प्रदान गरिनुपर्ने सेवा सुबिधाकाबारेमा पनि उहाँले भन्नुभएको छ : सामन्ती उत्पादन व्यवस्था र शोषणका सम्पूर्णरुपलाई समूल नष्टगरेर जमिनमा किसानको स्वामित्व कायमगरी कृषिमा समाजवादको पृष्ठभूमि तयारगर्न सामन्ती शोषक बर्गको सम्पूर्ण जग्गा जमिन र कृषि औजार बिना मुआवजा जफतगरी बिना मूल्य सुकुम्बासी तथा गरीब किसानहरलाई निःशुल्क बितरण गरिने, सरकारी जंगी तथा निजामतिका न्युन बैतनिक जवान तथा कर्मचारी, मध्यमबर्ग, नाबालक,बिधुवा, बुढा-बुढी, अपांग,असकत(लुला-लंगडा), आदिको जमिन हदबन्दीगरी तराईमा ५ बिगाह, पहाडमा १६ रोपनी, उपत्यकामा १० रोपनीका अतिरिक्त अन्य सम्पूर्ण जमिन जफत गरिने, जनिदारी बिनामुआवजा खतमगरी जिरायत बिना मूल्य जोताहाको नाममा दर्तागरिने, मठ,मन्दिर, मस्जिद, गुम्बा आदिको गुठी खारेजगरी जोताहाको नाममा जमिन बिना मूल्य दर्ता गरिने र धार्मिक कार्यको निमित आवश्यक श्रोत साधन सरकारद्वारा प्रदान गरिने, कालीगढ र किसानका तमसुक जायज नाजायज के हो छानबिन गर्न तमसुक जाँच कमिशन गठनगर्ने नाजायज तमसुक जलाइदिने, धनि किसानलाई पनि रक्षागर्ने, कृषि मजदुरलाई जिउनयोँग्य ज्यलाको सुनिश्चिततागर्ने, किसानलाई आवश्यक ऋण सस्तो ब्याजदरमा प्रदानगर्ने, कृषि उपकरणहरु सबै सस्तो मूल्यमा उपलब्ध गराउने, किपट प्रथा अन्त्यगरी जमिन रैकरसरह ब्यवहार गर्ने,पर्ति कृषियोग्य जमिन गरीब र सुकुम्बासीलाई निःशुल्क उपलब्ध गराउने,ठूला गोठहरु बिनामुआबजा गोठालाहरुको साझा संस्थाकोरुपमा सञ्चालनगर्ने र उन्नत जातका पशु नश्ल केन्द्रहरु राख्ने र किसानलाई आवश्यक परेको बेला प्रदानगर्ने महत्वपूर्ण र आवश्यक कदम चालिने कुराहरु छन्। त्यसैगरी बाणिज्य तथा ब्यापार क्षेत्रमा पनि देशगत र बस्तुगत ब्यापार बिबिधिकरण,समान अन्तर निर्भरता,तुलनात्मक लाभको सम्बन्ध कायमगर्ने किसिमले जन समानतका अन्तराष्ट्रिय नियमहरु पालना गर्ने, जनता र राष्ट्रको मुक्तिका निम्ति लडिरहेका शक्तिहरुबीच परस्पर सहयोगात्मक सम्बन्ध कायम राख्ने कमद उठाउने आदि कुरा औंल्याउँदै राष्ट्रिय पूँजीलाई नियन्त्रित तथा नियोँजितरुपमा राष्ट्रिय औद्योगिकरणमा परिचालनगर्न दिइ बिदेशी पूँजीको राष्ट्रियकरणगर्ने, आधारभूत उद्योगहरु यातायात, सञ्चार, ऋणप्रदायक संस्था,बैंक आदि राजकीय क्षेत्रमा राज्य वा सरकारले नै सञ्चालन गर्ने र तिनको प्रभूत्व कायम गर्ने,बिदेशमा लगानी गरिएको पूँजी स्वदेशमा फर्काउने नीति लिने,जमिनदारीबाट बञ्चित गरिएका भूमिपतिलाई राष्ट्रिय उद्योगधन्धमा लाग्न प्रोत्साहितगर्ने र आवश्यक परेका कच्चा माल, पूँजी र बजारको ब्यवस्था सरकारलेगर्ने, शहरी र ग्रामीण क्षेत्रमा कुटीर उद्योग, राष्ट्रिय कला, शिल्पकला, दस्तकारी आदिको विकासको लागि प्रभावकारी प्रोत्साहन र आवश्यक सुबिधा दिने तथा उत्पादनको खपतका लागि बजारको व्यवस्थागर्ने आदि कदम चालिने प्रष्टकुरा रहेका छन्। त्यसरीनै प्रगतिवादी यस्तो अर्थब्यवस्थामा मजदुर बर्गको नै प्रमुख भूमिका हुनेहुँदा श्रमिकहरुलाई बिना लिंगभेद समान कामको समान जिउन योग्य प्रगतिशील ज्याला, कामको घण्टा घटाउदै जाने ब्यवस्था, काम गर्दा अंगभंग भएकाहरुलाई बिशेष सहयोग र जीवन बृत्तिको निम्ति ठोस प्रबन्ध, मजदुरहरुको बसोबास, प्रबिधि प्रशिक्षण, स्वास्थ्योपचारको सुबिधा र बाल बालिकाको शिक्षा तथा नाबालकलाई काममा लगाउन बन्दगर्ने, महिला मजदुरहरुलाई सुत्केरी हुनुभन्दा एक महिना अघिदेखि सुत्केरी भएको दुइमहिना पछिसम्मको बेतनसहीतको बिदाको ब्यवस्था तथा औद्योगिक क्षेत्रमा मजदुर बाल बालिकाका लाग शिशु गृहको ब्यवस्थासमेत गर्ने कुरा छ। यस प्रकार प्रगतिवादी आर्थिक ब्यवस्थाले शोषित पीडित जनता र राष्ट्रिय हितलाई सर्बोपरी प्राथमिकतामा **बाँकी ७ पेजमा**

# नयाँबर्ष २०८३ को स्वागत र २०८२ को बिदाईमा केही शब्द

काठमाडौं। गतसाता मात्र नयाँ बर्ष २०८३ को स्वागत र २०८२ को बिदाई भएको छ। बितेका बर्षका अनेक बोझहरुको भारी नयाँ बर्षले पनि बोकेर हिड्नु पर्ने बाध्यता बन्दै घस्रिरहेको छ। विश्वमा अबाञ्छित युद्धका डरलाग्दा काला वादलहरु मडारिदैछन्। त्यसका बाछिटाहरुले हामीलाई पनि भेटिसकेको छ। हाम्रो अबस्थिति र आवश्यकताहरुका बीच उचित सन्तुलन मिलाउन नसक्ने र अबाञ्छित आत्मसमर्पणको कारण हाम्रो स्थिति झनपछि झन नाजुक बन्दो छ। ऋणै ऋणमा डबेको परनिर्भर अर्थतन्त्र डामाडोल छ।

राजनीतिमा शासक बर्ग फेर्ने उनीहरुले देश र जनतमाथि गर्ने खेलबाड हेर्नेभन्दा बाहेक अरु कुनै भरोषागर्न सकिने स्थिति बने बनाइएको छैन । यी सब कुराले कति परसम्म पिर्ने हो कुनै यकिन छैन। देशको राजनीतिले देश र जनताको सेवा होइन तिनको दोहन गरेर हामी नेपालीहरुलाई निरन्तरजसो जिल्लाराम र खिन्न पारिहरेको छ। मानिसहरुमा यसप्रति ठूलो बितृष्णा र बिमोह छ। तर यसबाट निस्कने बाटोको पनि खोजी हुँदो छ। हुनुनै पर्छ। सही र गलत बीचको संघर्ष वास्तवमा समयकै संघर्ष हो। त्यसैले पनि समय बलवान छभन्ने कथन परापूर्ब कालदेखिनै निरन्तर सुनिदै आएको पनि हो। यसै परिप्रेक्षमा गतसाता मंगलबारबाट नयाँ बर्ष २०८३ शुरुभएको छ। तर यो पनि बितेका 'बर्ष नयाँ तर बोझ पुरानै' बाहेक अरु केही नहुने नठहरिने लक्षणहरुकै बीचबाट गुज्रिरहेको छ। हुनपनि बिगतले नै बर्तमानलाई दिशा निर्देश गर्दछ। यद्यपि पुराना समस्याहरुको बोझ बोकी बोकी नै किन नहोस यसको स्वागत गर्ने पनि आफ्ना आफ्नै प्रचलनहरु छन्। कतिपय मानिसले भन्छन् प्रत्येक पल उत्सवका रुपमा बाच्नु नै नव बर्षको स्वागत हो। यस बिचार अनुसार कुनैपनि उत्सवले मानिस भित्रको प्रसन्नतालाई प्रकट गरिदिन्छ। अनि नव बर्षोत्सवले पनि आ-आफ्नो धर्तीको सुगन्धसँग मानिसहरुलाई जोडिदिन्छ। वास्तवमा सत्यनिष्ठ मानिसको हृदय यति उदार हुन्छ कि बसुधैव कुटुम्बकमलाई आत्मसातगर्दै आफ्नो स्थानीय पात्रोकासाथसाथै विश्व-पात्रोसँग हरेकले आफुलाई कुनै द्विबिधाबिना सम्वन्धित तुल्याउन र जोड्न पुग्दछन्। अनि बितेको बर्षको बिदाई र नव बर्षको पदचापको अमूर्तनताले एउटा यस्तो मौन सञ्जाल खडा गरिदिन्छ त्यसले मानिसको सोचको सिर्जनालाई अझ बढी पुष्पित पल्लबित तुल्याउन मद्दत गर्दछ।

फलतः मानिसका स्वरहरु आत्म झंकृतिको यो समयको संरचनामै निर्माण हुन थाल्दछन् र यसरी नयाँ अनुभूति गराउँदछन्। यसैमा रमाएर नयाँको अनुभूति गर्ने परम्परा धान्ने गरिन्छ।.यद्यपि भन्नै पर्दा वास्तवमा बाहिरका सारा दृष्यहरु भित्रको अँध्यारोमा सूर्य समान जलिरहेका हुन्छन्। पटक पटक हामी बिगत समय या बर्षलाई सानो या सरल किसिमले बुझने गर्दछौं। तर पछिबाट थाहा हुन्छकि त्यो हाम्रो अज्ञानता थियो। बितेको बर्षपनि आफ्नो अस्तित्वमा सम्पूर्ण नै थियो, सम्पूर्णनै हुन्छ र त्यसलाई त्यही समुच्चयमा नै बुझनुपर्दछ। नव बर्षएक किसिमको सुन्दर फूल मान्ने होभने जसमा भबिष्यको बीज देख्न सकिन्छ। हाम्रो समय अनुहारको ज्योति, आँखाको आभा रेखाचित्र हरुको सरलताको प्रकाशलाई नव बर्षको द्वारमा देखिन्छ जतिबेला मनिसले त्यसलाई हेर्न चाहन्छ र सम्भावना पनि हुन्छ। समय सिढीको रेखाचित्र वास्तवमा सरलतामा जटीलताको अर्को नाम र रुप पनि हो। अगाडिको जटीलता या सश्लिष्टतालाई बुझनका लागि सम कालको गठनको परिप्रेक्षलाई बुझनुपर्ने हुन्छ। मानुषिक दीप्तिको तटबन्ध भएर समय या परम्पराको नदी नव बर्षका रुपमा अबिराम गतिले बगेर गइरहेको हुन्छ।

बस, गोधुलीको सघन छाँयाबाट बढ्दै गएको अन्धकार तथा बितेको समयको गति पथलाई पहिचान गर्नु आवश्यक हुन्छ। त्यसैले, अवश्य पनि विश्वका नयाँ शताब्दीका चूनौतिहरुको सामनागर्न सकिन्छ। किनभने मानिस प्रति प्रवाहमा पनि त्यही खडा भएर रहन सक्तछ पुनर्परीक्षण गर्न सक्तछ र भबिष्यको भाव भंगीमालाई रुपाकार दिन सक्तछ। यो खडा रहने र हिड्ने बीचको द्वन्द हो। यो द्वन्द अबिरल चलिरहन्छ। अर्थात यो द्वन्दत्मक छ। नयाँबर्ष मानिसको कला-स्मृतिलाई उत्कीर्णगर्ने साधन पनि हो। जडता तोड्नु नै नयाँ समयको अर्को नाम पनि हो। जसमा दमित, निष्प्रेषित, अत्याचारित, हाहाकार भरिएका आर्तनाद र बन्दी स्थितिलाई चूनौतिहरु दिनसक्ने शक्ति हुन्छ त्यो नै सही अर्थमा नव बर्ष हो। नवबर्षको ब्यक्तिनिष्ठ सामाजिकता भबिष्य हो - ब्यक्ति र देशको भबिष्य। समाज र विश्वको भबिष्य। वास्तवमा आजको समयका यिनै तानाबानाबाट मानिसको जीवन निर्मित छ। एक, एक क्षण महत्वपूर्ण छ। प्रत्येक क्षण हाम्रो गतिको क्षण होस्, स्थितिको क्षण होस्। यसैले हामी मानिसलाई समूहबाची बनाउँदछ। सबैसँग हामीलाई जोडिदिन्छ।

आजको विश्वको इतिहास सबै हामी बन्नका लागि हो। हुनुपर्दछ। विश्वका मजदुर एक होऔंभन्ने कुराको गुढार्थभनौ या बसुधैब कुटुम्बकम्भनेर विश्वलाई नै सबैको साझा र एउटै मान्ने असल परम्पराले एउटै कुरा दर्शाउँदछन् र निर्देशन पनि गर्दछन्कि सबै असमानताहरुको अन्त्य, समुन्नतिको साझा आधार खडागर्ने निरन्तरको प्रयत्न यही नै जीवन समयको धारक भएर गतिमान हुने संघर्षमय प्रकृया हो। वास्तवमा यो निर्दिष्टीकासाथ प्रत्येक पलपल उत्सवजस्तै जीवन बाच्नुनै नव बर्षको स्वागत होभन्ने गरिएको हो। हुन पनि उत्सव साँच्चै उत्सव हो भने त्यसले हामीलाई भित्रैदेखि प्रफुल्लित बनाउँदछ, जगाउँदछ। नव बर्षले पनि हामीलाई आफ्नो धरतीको सुगन्धसँग जोडिदिन्छ। हाम्रो हृदय यत्तिको उदार छकि हामी आफ्नो पात्रोलाई विश्वको पात्रोलाई जोड्छौ र विश्वलाई हामी आफ्नो माटोसँग सम्वन्धन गर्दछौं। त्यसैले कोही पराई छैन किनकि हामी पृथ्वीलाई नै घर मान्दछौं। बितेको बर्षको बिदाई तथा नवबर्षको पदचापको अमूर्तनताले एउटा यस्तो शुनशान मौनता खडा गरिदिन्छ त्यसमा **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## पत्रकार महासंघ आन्दोलनमा

काठमाडौं। बर्तमान सरकारका प्रेस सम्बन्धी पछिल्ला नीतिहरुलाई लिएर नेपाल पत्रकार महासंघ आन्दोलनमा उत्रिएको छ। महासंघले सरकारलाई आफ्नो बिज्ञापन सम्बन्धी निर्णय फिर्ता लिन आग्रह पनि गरेको छ। महासंघको गतसाता सम्पन्न केन्द्रीय समितिको बैठकले सो आग्रह गरेको थियो। गत चैत २८ र २९ गते मकवानपुरको हेटौंडामा बसेको महासंघको केन्द्रीय समितिको चौथो पूर्णबैठकले बिभिन्न निर्णयगरेको छ। जसमा संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता तथा पूर्ण प्रेस स्वतन्त्रताको अधिकारको रक्षा, प्रवर्द्धन र पालनागर्न महासंघ प्रतिबद्ध छ। श्रमजीवी



पत्रकारको हितलाई आफ्नो मूल लक्ष्य मानेर क्रियाशील महासंघ लोकतन्त्र, स्वतन्त्र न्यायपालिका र जवाफदेही शासन प्रणाली र प्रेस स्वतन्त्रताको पक्षमा प्रतिबद्ध छ भनिएको छ। त्यसैगरी जेनजी विद्रोहपछि उत्पन्न विषम परिस्थितिका बीच गत फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्नभई नयाँ जनमत प्राप्त प्रतिनिधि सभाका सदस्य तथा राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका नेता बालेन्द्र शाह नेतृत्वको नवगठित सरकारलाई महासंघ बधाई ज्ञापन गर्दछ। सञ्चार क्षेत्रको नियमन, सञ्चालन एवं दिगो व्यवस्थापनका लागि कानूनी तथा नीतिगत व्यवस्था सुधारमा सहजीकरण र सहकार्यगर्न महासंघ तत्पर छ। साथै, संविधान संशोधन, सञ्चारसम्बन्धी नीति र कानूनहरु निर्माणगर्दा संविधानका व्यवस्था, अन्तर्राष्ट्रिय सन्धि-सम्झौता र लोकतान्त्रिक मूल्यमान्यतामा आधारित रहेर मिडियामैत्री बन्न खबरदारी गर्दछ भनिएको छ। त्यसैगरी विज्ञापनमा देखिएको बेथिति अन्त्यगर्दै सुशासन कायमगर्नेभन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरीय निर्णय र गत चैत १८ गते सबै संघीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरुलाई सरकारी सञ्चारमाध्यममा मात्रै विज्ञापन प्रकासन, प्रसारण गर्नेभनी गरिएको परिपत्रबारे बैठकमा गम्भीरतापूर्वक छलफल भएको भनेको छ। महासंघले विज्ञापनमा अप्रत्यक्षरुपमा हुँदैआएको बेथिति नियन्त्रणगर्ने सरकारी प्रयास सकारात्मक छ। तर, यही नाममा सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा सीमित गर्नेजस्तो संविधान, कानून, अन्तर्राष्ट्रिय मूल्यमान्यता, खुलाबजार अर्थनीति र संघीयताको मर्मविपरीतको कार्य आपत्तिजनक र अस्वीकार्य छ। यो नीति प्रेस स्वतन्त्रतामाथि अप्रत्यक्ष नियन्त्रणगर्ने सरकारी प्रयास भएको महासंघको ठहर छ। यसले निजी सञ्चारमाध्यमलाई आर्थिक रुपमा कमजोर बनाउँदै स्वतन्त्र पत्रकारितामाथि अप्रत्यक्ष दबाब र सेल्फ सेन्सरसीप सिर्जना गराएको छ। यो नीतिले हाल देशभर सञ्चालनमा रहेका ४०० भन्दा बढी रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइन मिडियाहरुको आर्थिक आधार कमजोर बनाउँदै ती संस्थाहरुको अस्तित्वमात्रै होइन, हजारौं पत्रकार, सञ्चारकमीर्, मजदुर र कर्मचारीको रोजगारी संकटमा पारेको छ। दुर्गम गाउँगाउँसम्म पहुँचमा रहेका हजारौं सञ्चारमाध्यम बन्दहुँदा स्थानीय तहसम्म सूचना प्रवाह कमजोरभई नागरिकको सूचनाको हक कुण्ठित हुने देखिन्छ भनेको छ। महासंघले उक्त परिपत्र तत्काल खारेजगरी सरकारी विज्ञापनमा भइरहेको बेथितिको अन्त्य गर्नेगरी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउँदै निजी, सामुदायिक तथा सरकारी सबै सञ्चारमाध्यममा न्यायोचितरुपमा वितरणगर्न, संकटग्रस्त सञ्चार क्षेत्रलाई संरक्षण तथा प्रवर्द्धनगर्ने दीर्घकालीन नीतिगत व्यवस्थाका लागि समानुपालिका विज्ञापन प्रणाली लागूगर्न महासंघ सरकारसँग माग गर्दछ भनेको छ।

## बढ्दो अस्थिरताप्रति श्रष्टाहरु चिन्तित

काठमाडौं,१ बैशाख। मुलुकमा बढ्दो अस्थिरताप्रति श्रष्टाहरु चिन्तित देखिनुभएको छ। यसैक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति साहित्यकार बैरागी काइँलालगायतका लोकतान्त्रिक जनआन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेका श्रष्टाहरुले मुलुकमा फेरि आन्दोलन नहुनेगरी काम गरिनुपर्नेमा जोड दिनुभएको छ। श्रष्टा चैत ३० द्वारा गतसाता आयोजित आन्दोलन, रुपान्तरण र सिर्जनात्मक हस्ताक्षेप विषयक बिचारविमर्श कार्यक्रममा उहाँहरुले राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनदेखि पछिल्लो आन्दोलनसम्म साहित्यकारहरुको कुनै न कुनैरुपमा भूमिका रहेको उल्लेखगर्दै अब मुलुकले स्थिरता र विकास हासिल गर्नुपर्नेमा जोड दिनुभएको थियो। त्यसक्रममा पूर्वकुलपति काइँलाले परिवर्तनका लागि आन्दोलित हुन सफल रहेपनि परिवर्तनपछि श्रष्टाहरुको दुरावस्था भएको उल्लेखगर्दै मुलुकले पनि सोचेजस्तो काँचुली फेर्न नसकेकाले पछिल्लो जेनजी आन्दोलन भएको टिप्पणी गर्नुभएको थियो। उहाँले राजनीतिक परिवर्तन भएपनि समाजको सांस्कृतिक र आन्तरिक संरचनामा परिवर्तनभई जनता समृद्ध हुनुपर्ने बताउनुभएको थियो। वरिष्ठ साहित्यकार डा तुल्सीप्रसाद भट्टराईले आम नागरिकमा समस्या पहिचान गरेर सृजनामा लाग्न श्रष्टाहरुले उत्तिकै सक्रियता देखाउनुपर्ने बताउनुभएको थियो। कार्यक्रममा प्रा डा रमेशप्रसाद भट्टराई, कृष्ण धरावासी र हंसावती कुर्मीले साहित्यिक आन्दोलनको ऐतिहासिक पक्ष केलाउँदै राजनीतिक दल र सत्तामा पुग्ने शक्तिले जनताका मुद्धालाई छाडेमा साहित्यिक क्षेत्रले निरन्तर खबरदारी गर्नुपर्ने बताउनुभएको थियो। आयोजक श्रष्टा चैत्र ३० अध्यक्ष मनोज न्यौपानेले नागरिक स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताका लागि श्रष्टाहरुले निरन्तर खबरदारीगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। लोकतान्त्रिक जनआन्दोलनका क्रममा ०६२ चैत ३० गते गुरुकुल (आरोहण) बाट श्रष्टाहरुले कर्फ्यु तोडेर निकालेको जुलुस पुरानो बानेश्वर चोक पुगी साहित्यिक कार्यक्रम गरिरहेको अवस्थामा तत्कालीन सरकारले दमन गरेको दिनको स्मरणगर्दै श्रष्टा सम्मान, आन्दोलनको अभिलेखीकरण, बौद्धिक बहसलगायत विविध कार्यक्रमगर्दै आइएको हो।

# सूचनाको हक कानूनको कार्यान्वयन सरकारको प्राथमिकता

उमिद बागचन्द

साझा मञ्च

नेपालको अधिराज्यको संविधान-०४७ मा सूचनाको हकको व्यवस्था गरिएको थियो तर प्राथमिकतामा पर्नसकेन। संविधान कार्यान्वयनको १६ वर्ष बितिसक्दा पनि कतैबाट सूचनाको हकले स्थान पाएन। देशमा ०६२/६३ सालको जनआन्दोलनपछि जारीगरिएको अन्तरिम संविधानमा उल्लेखित प्रावधानअनुसार ०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन-०६४ आयो र राष्ट्रिय सूचना आयोगको गठन भयो। २०६५ सालमा सूचनाको हकसम्बन्धी नियमावली पनि बन्यो। यति मात्र होइन, संविधानसभाबाट निर्मित नेपालको संविधान ०७२ को धारा, २७ मा सूचनाको हकलाई मौलिक हककारुपमा व्यवस्था गरियो। यो कानून खासगरी राज्यका कामकारवाहीलाई जवाफदेही र जिम्मेवार बनाउने तथा जनतालाई सुशासनको अनुभूति गराउने कानून हो। देश भ्रष्टाचारले चुर्लुम्मै डुब्दा पनि यो सूचनाको हकसम्बन्धी कानूनको व्यावहारिक रुपमा कार्यान्वयनमा विगतदेखि नै राज्यको सक्रियता देखिएन।

यो कानूनको व्यावहारिक प्रयोगले भ्रष्टाचार कम हुन्छभन्ने कुरासम्म बुझ्न सरकार तयार हुन सकेन। यो कानूनअन्तर्गत बनेको राष्ट्रिय सूचना आयोग अन्य आयोगभन्दा शक्तिशाली भएकै कारण यो आयोगको भूमिका स्थायी सरकारमा रहेकाहरुले न्यून गर्दै आएको देखिन्छ। यो आयोगमा शुरुमा सचिवको दरबन्दी रहेकामा अहिले सहसचिवको दरबन्दी कायमा गरिएको छ। सचेतनामूलक कार्यक्रमलाई व्यापकता दिनुपर्नेमा हरेक वर्ष बजेट घटाउँदै जाँदा यसको भूमिका सीमित बन्न थालेको अनुभव हुन थालेको छ। पछिल्लो समयमा राष्ट्रिय सूचना आयोग पनि अनुगमन गर्नेभन्दा पनि आफूलाई सरकारी कार्यालय मात्र सम्फिन थालेको टिप्पणी हुनथालेको छ। अहिले सूचनाको हकसम्बन्धी कानूनको उद्देश्यअनुसार सूचना दिलाउनेतर्फ भन्दा पनि सूचना मागकर्तालाई हतोत्साही बनाउनेतर्फ लागेको देखिन्छ। नेपालमा भ्रष्टाचार न्यूनीकरण गर्न सूचनाको हक राजनीतिक दलको एजेन्डा बन्नुपर्ने बन्न सकेन। विगतमा सूचना मागकर्ताको सङ्ख्या बढाउने र सूचना माग्ने कार्यलाई व्यावहारिक बनाउनेतर्फ आयोग र अभियानकर्ता केन्द्रित भएका थिए। यो कानून आएको अहिले १८ वर्ष पार हुँदै गर्दा पनि आमनागरिकले सूचना माग्न खासै तत्परता देखाएको पाइँदैन। पहुँच नभएका जनताका लागि बढी महत्व हुने यो कानून उनीहरुसम्म पुग्न अझै सकेको छैन। यसो हुनुको मुख्य कारण राज्यका संयन्त्रमा रहेका जिम्मेवार व्यक्तिहरुको बुझाइमा स्पष्ट नहुनु, थाहा हुँदाहुँदै पनि सूचना दिन नपरोस् भन्ने मानसिकता रहनु, सूचना मागकर्तालाई दुःख दिने, कानूनका रुपमा मात्र बुझ्ने गरेका यो कानूनको कार्यान्वयनमा तीव्रता आउन सकेको छैन। मान्छेले जन्मिएदेखि मरेर अन्तिम संस्कार गदासम्म कर तिरेकै हुन्छ, आफूले तिरेको कर कहाँ र कसरी खर्च भइरहेको छ भन्ने जान्ने अधिकार प्रत्येक जनतालाई छ।

यही कुरालाई सहज बुझाइका साथ अघि बढाउन आवश्यक छ। यसका साथै सरकारी स्तरमा अनुगमन र समन्वयका लागि बनेका सबै संयन्त्रको सक्रियता उत्तिकै आवश्यक छ। साँच्चै देशलाई भ्रष्टाचारमुक्त बनाउने हो भने राजनीतिक दल, दलका नेता, कार्यकर्तालाई सूचनाको हकको महत्व, आवश्यकता र यसको प्रयोगबाट हुने फाइदाबारे बुझाउन र बुझ्न जरुरी देखिन्छ। प्रधानमन्त्रीको कार्यालयमा मुख्यसचिवको संयोजकत्वमा रहेको वर्गीकरण समिति छ, सञ्चार मन्त्रालयमा सचिवको संयोजकत्वमा अनुगमन इकाइ छ, प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा रहेको अनुगमन समिति र जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला अनुगमन समितिलाई सक्रिय बनाउनुपर्ने देखिन्छ। सूचनाको हकसम्बन्धी कानून के हो भनेर बुझाउनुपर्ने अवस्था छ। राष्ट्रिय सूचना आयोगको अनुगमनमा जोड र सूचना माग्नेलाई सहज रुपमा दिलाउनेमा सक्रिय बनाउनुपर्ने देखिन्छ। स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म नागरिक स्तरबाट हुने सूचनाको हकसम्बन्धी अभियानहरुमा साझेदारी गर्नुपर्ने हुन्छ। अहिले आयोगबाट आफू पनि नगर्ने अरुलाई पनि गर्न नदिने जस्तो अवस्था देखिएको छ। विगतमा राष्ट्रिय सूचना आयोग र स्वयंसेवी संस्थाहरु, सूचनाको हकका लागि राष्ट्रिय महासंघसँग मिलेर काम गर्नेगरेको धेरै उदाहरण छन्। अहिले आफ्नै किसिमले श्रोत नहुँदाहुँदै पनि देशभर संगठन बनाएर महासंघ अघि बढिरहेको देखिन्छ। समुदायस्तरमा समुदाय जागरण अभियान र काठमाडौं उपत्यकाभित्र विद्यालय तथा कलेजस्तरीय जागरण अभियान सञ्चालन गरिरहेको छभने सूचना माग्ने अभियानलाई पनि तीव्रता दिएको छ। श्रोत नभएका कारण जसरी गर्नुपर्ने हो, त्यसरी व्यापकता पाउन सकेको छैन। यसका लागि सरकारी स्तरबाट हातेमालो हुन आवश्यक छ। भ्रष्टाचार अन्त्यको अभियानमा सूचनाको हक महत्वपूर्ण औजार हुनसक्छ। राज्यका निकाय वा सार्वजनिक निकायको लगानीमा हुने योजनाहरुको बिल भर्पाई सार्वजनिक गर्नुपर्छभन्ने सबैलाई बुझाउन जरुरी छ। गलत भएको छ भने कारवाहीमा परिन्छ भन्ने पनि वातावरण सिर्जना हुनुपर्छ।

यस्तो भए स्वतः गलत काम रोकिन्छ। यो कुरा सरकार र नागरिकस्तरबाट बुझ्न र बुझाउन जरुरी छ। नागरिक स्तरबाट पनि बुझाउने गरिएको प्रयासलाई सहजरुपमा लिने गरिएको पाइँदैन। यसका केही चुनौतीहरुको समाधानका लागि केही उपायहरुको आवश्यकता छ। पहिलो, सरकार र सार्वजनिक निकायहरुले सूचनाको हकलाई गम्भीररुपमा लिई समयमै सूचना उपलब्ध गराउने संस्कारको विकास गर्नुपर्छ। दोस्रो, पत्रकारहरुको क्षमता अभिवृद्धि गर्न तालिम, श्रोत साधन र प्रविधिको पहुँच बढाउन आवश्यक छ। तेस्रो, पत्रकारहरुको सुरक्षा सुनिश्चित गर्न कडा कानूनी व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्छ। साथै, सञ्चारमाध्यमले पनि आफ्नो पेसागत आचारसंहिता पालना गर्दै निष्पक्ष र सत्यतथ्यमा आधारित समाचार प्रस्तुत गर्न सूचनाको हक प्रयोग गर्नुपर्छ। सूचनाको हकको प्रभावकारी कार्यान्वयन बिना लोकतन्त्र सुदृढ हुन सक्दैन। यसमा सूचनाको हकको भूमिका अत्यन्त महत्वपूर्ण र अपरिहार्य छ। नागरिकलाई सशक्त बनाउने, सरकारलाई जवाफदेही गराउने र समाजमा पारदर्शिता ल्याउने कामलाई सञ्चारमाध्यमले प्राथमिकता दिनुपर्ने हुन्छ। त्यसैले सूचनाको हकलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने कार्यलाई सफल बनाउन राज्य, नागरिक समाज र पत्रकारिता क्षेत्रको समन्वयात्मक भूमिका आवश्यक छ। सुशासन, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै समृद्ध र लोकतान्त्रिक समाज निर्माण गर्न सकिन्छ। यो कानून जनताका पक्षमा रहेको महत्वपूर्ण कानून हो। यो कानून ल्याउन नेपाल पत्रकार महासंघको महत्वपूर्ण भूमिका थियो। सूचनाको हक र सञ्चारसँग सम्बन्धित कुनै पनि काम कारवाहीका लागि अहिले पनि पत्रकार महासंघलाई सरकारले समितिमै राखेर सुझाव दिने अवसर प्रदान गरेको छ। यति मात्र होइन, राष्ट्रिय सूचना आयोगको गठनमा निर्णय गर्ने भूमिका दिइएको छ। सूचना आधुनिक लोकतान्त्रिक समाजको मेरुदण्ड हो। नागरिकले राज्यका गतिविधि, निर्णय र खर्चबारे जानकारी पाउने अधिकार नै सूचनाको हक हो। नेपालमा सूचनाको हकलाई संविधानमा मौलिक हकका रुपमा सुनिश्चित गर्नाकासाथै अलग्गै कानूनमार्फत यसको कार्यान्वयनको कानूनी आधार तयार गरिएको छ। तर, कानून बनेरमात्र यसको प्रभावकारी कार्यान्वयन स्वतः हुँदैन। यसलाई व्यवहारमा लागूगराउन विभिन्न पक्षको सक्रिय भूमिका आवश्यक पर्छ। यसमा सूचनाको हकका अभियानकर्ता र पत्रकारिता क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण हुनसक्छ। भ्रष्टाचार अन्त्य र सुशासनको मुद्दा लिएर जेन-जी विद्रोहको आडमा भएको संघीय संसद्को निर्वाचनमा सुशासन कायम गर्ने र भ्रष्टाचारको अन्त्यगर्ने उद्घोषकासाथ राष्ट्रिय स्वतन्त्र पार्टीले करिब दुई तिहाईको जनमत पाएको थियो। त्यही जनमतबाट गठित वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने पार्टीको उद्घोषलाई अझ परिणाममुखी बनाउन पनि सूचनाको हकसम्बन्धी ऐन-०६४ कानूनको व्यावहारिक कार्यान्वयनमा जोड दिनुपर्छ। यसका लागि सरकारी निकायलाई जवाफदेही र जिम्मेवार बनाउन कडा निर्देशन दिने र सूचना नदिनेलाई कारबाही गर्ने प्रावधान कडाइका साथ लागूगर्न सकेको अवस्थामा सरकारको प्रभावकारिता बढ्न जानेमात्र होइन, मुलुकमा सुशासन कायम भई नागरिकले लोकतन्त्रको अनुभूति गर्न पाउनेछन्। रासस (**लेखक सूचनाको हकका लागि राष्ट्रिय महासंघका केन्द्रीय अध्यक्ष तथा नेपाल पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ।**)

# समाचार विविध

## निर्माण उद्योगमा तत्कालका लागि आपत्काल घोषणाको माग

काठमाडौं। मूल्य वृद्धिले ठूला विकास आयोजनामा असर गरेको थाहा भएको छ। यसैक्रममा प्राप्त एक समाचारअनुसार पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र आपूर्तिमा देखिएको समस्याका कारण सुदूरपश्चिमा ठूला विकास आयोजनाको काम प्रभावित भएको छ। निर्माण व्यवसायीहरुले आफूसित मौज्दात रहेको इन्धनबाट काम गरिरहेको भएपनि इन्धनमा भएको मूल्य वृद्धि र अभावका कारण आयोजनालाई अगाडिबढाउन समस्यामा परेका बताएका छन्। त्यस क्षेत्रको सेती राजमार्ग दक्षिण खण्ड (टीकापुर-लोडे-चैनपुर-ताक्लाकोट सडक आयोजना)को काम बन्द हुने अवस्थामा पुगेको बताइन्छ। जानकारहरुले निर्माण व्यवसायीसित भएको मौज्दात इन्धन सकियो अब काम रोकिने अवस्थामा गइसक्यो भनेका छन्। ट्रयाक खोल्न प्रयोग भएका ठूला उपकरण पनि रोकिइसकेका छन्। २०४ किलोमिटरका उक्त आयोजना ०७४ सालदेखि शुरुभएका थिए। आयोजनाअन्तर्गत ३५ किलोमिटर ट्रयाक खोल्न बाँकी छ। हालसम्म कूल १० किलोमिटर खण्ड कालोपत्रे भएको छ। आयोजनाअन्तर्गत डोटी, अछाम र कैलालीमा बिभिन्न प्याकेजमा काम भइरहेको अधिकारीहरुले जानकारी दिएका छन्। उनीहरुकाअनुसार चालु आर्थिक वर्षमा सात किमी कालोपत्रे भयो। कालोपत्रेगर्न बिटुमिनको अभाव छ। चालु आवमा उक्त आयोजनाका लागि सरकारले २५ करोड रकम विनियोजन गरेको छ। काम सुस्त भयो। बन्दहुने अवस्था छ। मेशिनरी बन्द हुने अवस्थामा छन्। पेट्रोलियम पदार्थ मूल्य वृद्धिपछि निर्माण व्यवसायीहरुले कामगर्न नसकिने जनाउँदै कार्यालयमा निवेदन दिनथालेका छन्। सुदूरपश्चिमकै गौरवको महाकाली सिंचाइ तेस्रो चरण आयोजनासमेत यसको प्रभाव परेको छ। सिँचाइको मूल नहर निर्माणका लागि सात प्याकेजमा ठेक्का सम्झौता भएर काम भइरहेको भएपनि अहिले निर्माण व्यवसायीहरुले कार्यालयमा मूल्यवृद्धिले कामगर्न नसकिने जनाउँदै कार्यालयमा निवेदन दिएको महाकाली सिँचाइ तेस्रो चरण आयोजना कार्यालयका सूचना अधिकारी यादव बरालले जानकारी दिनुभएको छ। उहाँका अनुसार कार्यालयले नदी नियन्त्रणका लागि ठेक्का लगाए पनि तारजालीको मूल्य वृद्धिका कारण काम हुनसकेको छैन। सूचना अधिकारी बरालले मूल्यवृद्धिका कारण नदी नियन्त्रणका लागि ठेक्का भएको काम हुनसकेको छैन, यसले बर्सातमा समस्या पार्छकि भन्ने डर छ। पेट्रोलिय पदार्थमा मूल्यवृद्धि भएपछि निर्माण व्यवसायीहरुले पनि कार्यालयमा निवेदन दिएका छन भन्नुभएको छ। त्यसैगरी महाकाली करिडोरको काम पनि मूल्य वृद्धिको असरको चपेटामा छ। १३ वटा प्याकेजमा ठेक्काभई कञ्चनपुरदेखि दार्चुलाको तिंकरसम्मको करिडोरको निर्माण भइरहेको भए पनि पछिल्लो समय निर्माण व्यवसायीले महँगी बढेको जनाउँदै कामगर्न छाडेका छन्। महकाली करिडोर (ब्रम्हदेव-झुलाघाट-दार्चुला-तिंकर) सडक योजना कार्यालयका सूचना अधिकारी दिनेश रैखोलाले इन्धन, बिटुविनलगायतका सामग्रीको भएको मूल्यवृद्धिका कारण करिडोरको काम प्रभावित बनेको बताउनुभएको छ। ४२५ किलोमिटर खण्डको उक्त करिडोरअन्तर्गत कञ्चनपुरमा ११ किलोमिटर, डडेल्धुरामा ५६, बैतडीमा १४४ र दार्चुलामा १२० किलोमिटर सडक पर्छ। दार्चुलामा ७९ किलोमिटर सडकको ट्रयाक खोल्ने काम नेपाली सेनाले गरिरहेको छ। निर्माण व्यवसायीले मूल्यवृद्धि समायोजन नहुँदासम्म काम गर्न नसकिने बताउँदै सरकारलाई मूल्यवृद्धि समायोजनको माग गरेका छन्। निर्माण व्यवसायी कञ्चनपुरका अध्यक्ष पुष्पराज अवस्थीले निर्माण व्यवसायीहरुले निर्माण उद्योगमा आपत्काल घोषणाको माग गरिएको बताउनुभएको छ।

## घरजग्गा कारोबार अझै अन्योलमा

काठमाडौं। घरजग्गा कारोबार अझै अन्योलमा रहेको चर्चाका बीच नेपाल राष्ट्रबैंकले रियलस्टेट (घरजग्गा) कारोबारको वर्तमान अवस्था तथा प्रवृत्तिसम्बन्धी विस्तृत तथ्यांक सार्वजनिक गरेको छ। बैंकले आब ०७९/८० लाई आधार वर्ष मानेर सो तथ्यांक प्रकाशन गरेको जनाइएको छ। बैंककाअनुसार भूमि व्यवस्थापन तथा अभिलेख विभाग, आन्तरिक राजस्व विभाग र आफ्नै श्रोतबाट संकलित तथ्यांकका आधारमा घरजग्गा कारोबारसम्बन्धी विवरण अब त्रैमासिकरुपमा सार्वजनिक गरिनेछ। राष्ट्र बैंकले लिखत पारितअन्तर्गत राजीनामा कारोबारका आधारमा प्रवृत्तिको विश्लेषण गरेको छ। कारोबार संख्या, कारोबार मूल्य, कारोबार भएको क्षेत्रफल, राजस्व संकलन तथा घरजग्गा क्षेत्रमा प्रवाहित बैंक कर्जाजस्ता सूचकहरुलाई आधार मानेर विश्लेषण गरिएको बैंकले जनाएको छ। तथ्यांकअनुसार घरजग्गा कारोबारमा मौसमी प्रवृत्ति देखिएको छ। पहिलो त्रैमासमा कारोबार न्यून रहने र तेस्रो तथा चौथो त्रैमासमा उच्च हुने प्रवृत्ति देखिएको छ। प्रदेशगत रुपमा हेर्दा कारोबार संख्याका आधारमा मधेस प्रदेश अग्रस्थानमा रहेको छ भने त्यसपछि लुम्बिनी र कोशी प्रदेश रहेका छन्। कर्णाली र सुदूरपश्चिम प्रदेशमाभने कारोबार सबैभन्दा कम देखिएको छ। कारोबार भएको जग्गाको क्षेत्रफलका आधारमा पनि मधेस प्रदेशकै हिस्सा सबैभन्दा बढी रहेको छ। जग्गाको प्लट साइजका आधारमा मधेस प्रदेशबाहेक अन्य प्रदेशहरुमा २.५ देखि १० आना क्षेत्रफलका प्लटहरु बढी किनबेच हुनेगरेको पाइएको छ। तर मधेस प्रदेशमा भने २० आनाभन्दा माथिका ठूला प्लटहरुमा बढी कारोबार हुने देखिएको छ। घोषित मूल्यका आधारमा बागमती प्रदेश अग्रस्थानमा रहेको छ भने महानगर तथा उपमहानगरपालिकामा पाँचदेखि १० आना क्षेत्रफलका प्लटहरु बढी कारोबार भएको देखिएको छ। बैंकका अनुसार आब ०७७/७८ देखि ०८१/८२ सम्म घरजग्गा कर्जा ७२.४१ प्रतिशतले वृद्धिभएको छभने आवासीय कर्जा ६१.५५ प्रतिशतले बढेको छ। घरजग्गा क्षेत्रबाट प्राप्त सरकारी राजस्वमा पनि उतारचढाव देखिएको छ। आब ०७८/७९ को पहिलो त्रैमासमा करिब २३ अर्ब ७० करोड रुपैयाँ पुगेको राजस्व त्यसपछि घट्दै ०७९/८० को पहिलो त्रैमासमा आठ अर्ब २० करोड रुपैयाँमा झरेको थियो। पछिल्लो अवधिमाभने सुधारहुँदै २०८१/८२ मा करिब १५ अर्ब रुपैयाँसम्म पुगेको छ। राष्ट्रबैंकले यस्तो तथ्यांक प्रकाशनबाट रियलस्टेट क्षेत्रको गतिविधि आँकलनगर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ।

## चीन नेपालसँग सहकार्यगर्न सहमत

काठमाडौं। नेपाल र चीनबीच दुईदेशको सीमामा सहकार्य हुनेभएको छ। नेपालले पनि चीनसँग सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप नियन्त्रणका लागि सहकार्यको प्रस्ताव गरेको बताइन्छ। गृहमन्त्री सुधन गुरुङसँगको भेटमा नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङसँग गृहमन्त्रीले उक्त प्रस्ताव गर्नुभएको हो। त्यसक्रममा राजदूत माओमिङले सीमा अपराध रोकथामगर्ने नेपालको प्रस्तावप्रति **बाँकी ७ पेजमा**

# बिभिन्न किसान संगठनद्वारा समस्या समाधानगर्न माग

काठमाडौं। नेकपा मसाल निकट अखिल नेपाल किसान महासंघ (अफा) का अध्यक्ष भैरवराज रेग्मी, क्रान्तिकारी किसान महासंघका अध्यक्ष सीताराम तामाङ र अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष रामदुलार महतोले एक संयुक्त बक्तव्य जारीगरी आफूहरुका माग पूरागर्न सरकारको ध्यानाकर्षण गराउनु भएको छ। उहाँहरुले बक्तव्यमा भन्नुभएको छ-वर्तमान सरकारले प्रस्तुतगरेको १०० बुँदे कार्यक्रमअन्तर्गत जुन किसानका समस्या समाधानगर्ने भनेको छ, त्यसप्रति हामी देशका तीन जिम्मेवार किसान संगठनको गम्भीर ध्यानाकर्षण भएको छ। किसानका समस्या र यसको समाधानका लागि छवटाकिसान संगठनको संयुक्त संघर्ष समितिमार्फत ६५ बुँदे मागपत्र यसभन्दा पहिलेका सरकारलाई पनि बुझाउँदै आएका थियौं। ती सरकारले त्यसप्रति बेवास्ता गरिरहे अर्थात् सरकारसँग किसानका एजेन्डा प्राथमिकतामा परेनन्।

अहिलेको सरकारले किसानका समस्या समाधानगर्ने एजेन्डा प्राथमिकरुपमा राख्छ वा राख्दैन ? त्यो सरकारको नीति र कार्यक्रममार्फत बजेटबाट नै थाहाहुनेछ तर १०० बुँदे कार्यक्रमअन्तर्गत किसानका समस्यामध्ये किसानको उत्पादनको भुक्तानी २५ दिनभित्र तिर्नलगाउने भनिएको छ। कुनैपनि उत्पादनको भुक्तानी अहिलेको बजार प्रणालीअनुसार नगदमानै हुन्छ। २५ दिनको उधारो किसानले बेच्नुपर्ने व्यवस्था पहिलेका सरकारले गरेको उधारो दिने नीतिमा कुनै फेरबदल आएन। यसले के देखाउँछभने यो सरकारले पनि कृषि उत्पादनलाई उधारोमै बेच्ने नीति ल्याउने भयो। यस प्रकारको नीतिको विरोध पहिले पनि गरेका थियौं, अहिले पनि गर्दछौं। बजारीकरणसम्बन्धी व्यवस्थापनमा उत्पादन लागतको आधारमा मूल्य निर्धारणगरी वितरणको व्यवस्था स्वयं सरकारलेनै गर्नुपर्ने, यसबाट बिचौलिया आतंक न्यून हुनसक्छ भन्ने कुरा हामीले पहिलेदेखिनै दर्साउँदै आएका छौं। रासायनिक मलको संकट अहिले पनि जस्ताको तस्तै छ। यसबारेमा सरकारले कुनै कदम चालेको देखिँदैन।

मलको अभावको साथसाथै वितरण प्रणाली जुन सहकारी संस्थामार्फत गर्दैआएको छ। त्यसमा बिचौलियाको विगविगीले किसानसम्म पुग्दा उनीहरुले कालोबजारीको मूल्य तिरिरहनु परेको छ। सस्तो लोकप्रियताको नारा पहिलेका सरकारले पनि लगाएका थिए, अहिलेको सरकार त लोकप्रियताको आधारमानै बनेको छ। वास्तविक किसानको हितमा यो सरकारले काम गर्दैन भन्ने सङ्केत उधारोमै किसानले आफ्नो उत्पादन बेच्नुपर्ने नीतिले पनि दिएको छ। वास्तविक भूमिहीन सुकुम्बासी-किसानको पहिचान गरी उनीहरुलाई खेतीपातीगर्ने जग्गा दिलाउने र अव्यवस्थित किसानको जग्गा दर्ता गर्ने विषयमा सरकारको कुनै नीतिगत योजना १०० बुँदे कार्यक्रममा रहेको छैन। पहिलेका सरकार र कतिपय पालिकाले वास्तविक सुकुम्बासीको पहिचान नगरी डोजर लगाएर बस्ती उठाउने काम गरे। यो सरकारले पनि निरन्तर सुकुम्बासी बस्तीमा डोजर लगाइरहेको छ। डोजरले सुकुम्बासी बस्ती उजाड्नेभन्दा वास्तविक सुकुम्बासीको पहिचानगरी उनीहरुको वैकल्पिक व्यवस्थाको नीति अवलम्बन गर्न माग गर्दछौं भनिएको छ। बक्तव्यमा काठमाडौंको कालिमाटी तरकारी बजार माफियाको कब्जामा रहँदैआएको छ। यो बजारमा सम्पूर्ण किसानको उपयोगी बजार बनिरहेको छैन। सरकारी, कर्मचारी र बिचौलियाको एकतर्फी नियन्त्रणमा रहेको छ। यसको तुरुन्त समाधान गरिनुपर्दछ। कृषिक्षेत्रमा बहुराष्ट्रिय कम्पनीको प्रवेशलाई हामीले लामो समयदेखि विरोधगर्दै आएका छौं। विगतका सरकारले क्रमशः बहुराष्ट्रिय कम्पनीलाई कृषिक्षेत्रमा घुसाउँदै लगेको छ। तराई क्षेत्रमा चिनियाँ कम्पनी, जडीबुटी क्षेत्रमा डाबर कम्पनी, बिउबिजन क्षेत्रमा विश्वका बहुराष्ट्रिय कम्पनीहरु कार्यरत छन्। देशको कृषिक्षेत्रको उन्नति राष्ट्रिय र स्वतन्त्र अर्थनीतिको आधारमा मात्रै सम्भव हुन सक्छ। यस्तो नीतिले मात्र देशमा नै रोजगार उत्पन्न हुन्छ। युवा किसानहरु विदेश भौतारिनुपर्दैन र राज्यको आयश्रोत पनि बढ्दैजान्छ। यो नीति यो सरकारले अपनाउँछ कि अपनाउँदैन तर यस प्रकारको अर्थनीतिविना कृषिक्षेत्रमा सुधार आउन कदापि सक्दैन।

नेपाल विश्व गुणस्तरीय चिया उत्पादनका लागि उत्तम स्थल मानिन्छ तर विगतका सरकारले नेपालको इलाम र झापाको चियाबगान जुन त्रिवेणी समूह (जसलाई संघाई समूह पनि भनिन्छ) लाई जिम्मा लगाएका छन्। त्यस समूहले राज्यलाई बुझाउनुपर्ने सम्झौताअनुरुपको रकम वर्षौंदेखि नबुझाएको र सत्ताधारी दलसँगको मिलोमतोमा उनीहरुलाई नगद भेटिघाती गरेर अहिलेसम्म उम्किदै आएकाले राज्य घाटामा गएको व्यापक गुनासो छ। यसबारेमा सत्य तथ्य सार्वजनिकगरी राज्यलाई घाटा लगाउने तारतम्य (सेटिङ) मिलाइएको छभने त्यसमाथि कारवाही गरभन्ने पनि हामी जोडदार माग गर्दछौं। आयातित र नेपालमै उत्पादित **बाँकी ७ पेजमा**

## चीन...

चीन सरकार सकारात्मक रहेको बताउनुभएको थियो । उहाँले नेपालका सुरक्षा निकायको क्षमता विकासमा सहकार्यगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको गृहमन्त्रीको सचिवालयले जनाएको छ । गतसाता सिंहदरबारमा भएको भेटमा गृहमन्त्री गुरुङले नेपालमा चिनियाँ सहयोगमा सञ्चालित आयोजना समयमै सम्पन्न गर्नेतर्फ भूमिका निर्वाहगर्न आग्रह गर्नुभएको थियो । उहाँले नेपाल-चीन जोड्ने अन्तरदेशीय रेलमार्ग निर्माण र दुई देशबीच व्यापार सहजीकरणका लागि अनुरोध गर्नुभएको गृहमन्त्रीको सचिवालयद्वारा जारी प्रेस नोटमा उल्लेख छ । त्यसक्रममा गृहमन्त्री गुरुङले एक चीन सिद्धान्तप्रति नेपालको प्रतिबद्धता दोहोर्‍याउँदै नेपाली भूमिमा चीन विरोधी कुनै पनि गतिविधि हुन नदिने बताउनु भएको थियो ।

## बिभिन्न....

तरकारी विषादीयुक्त भएकाले जनस्वास्थ्यमा ठूलो असर पारिरहेको गुनासो आइरहेकाले यसको निराकरणगर्न कडा क्वारेन्टाइन परीक्षणको व्यवस्थागरी प्रमाणित तरकारीमात्र बेचबिखनगर्ने प्रबन्ध गर भन्नेसमेत हामी जोडदाररुपमा माग गर्दछौं भनिएको छ । सो बक्तब्यको अन्त्यमा आज विश्वमा अमेरिकी साम्राज्यवाद र इजरायली विस्तारवादले प्यालेष्टाइन र इरानमाथि युद्ध थोपरेको छ। अमेरिकी साम्राज्यवादले भेनेजुयलामाथि आक्रमण गरेर त्यहाँका राष्ट्रपति मदुरो र उनकी पत्नीलाई अमेरिकामा बन्दी बनाएको छ। अमेरिकी साम्राज्यवादले क्युबामाथि पनि सम्पूर्ण कैयौं दशकदेखि नाकाबन्दी लगाएको छ। चीनलाई भविष्यमा आक्रमणगर्न नेपालमा एमसिसी र एसपिपी खडागरी तिब्बती शरणार्थीमार्फत नेपालको भूमिबाटै युद्ध शुरुगर्ने योजनाअन्तर्गत हाम्रो देशलाई रणभूमि बनाउन आफ्नोअनुकूल सरकार बनाउन सफल भएको वर्तमान राजनीतिक घटनाले प्रष्टपारेका छन्। यसप्रकारको साम्राज्यवादी युद्धले सबैभन्दा पहिले किसानमाथि नै असर पर्दछ र अहिलेनै किसानमाथि बज्रपात पर्नथालेको प्रष्ट छ। अतः नेपाली कृषि र किसानमाथि थोपिरिएका समस्या समाधानगर्न र सबै प्रकारका विदेशी हस्तक्षेपका विरुद्ध खासगरी यतिबेला अमेरिकी साम्राज्यवाद विरुद्ध एकढिक्का भएर खडा हुन र आफ्नो देश, किसान र कृषिक्षेत्रलाई जोगाउनसमेत हामी सबै राष्ट्रप्रेमी जनसमुदाय तथा नेपाली कृषि र किसानको हितमा क्याशील सम्पूर्ण राष्ट्रप्रेमी सशक्त अपिल गरिएको छ।

## नया बर्ष....

हाम्रो सोचका सिर्जनाहरु पुष्पित पल्लबित भएर उठ्छन्। त्यसले हाम्रो स्वरको आत्मालाई झंकृत तुल्याइदिन्छ। आजको विश्वमा आएका सूचनाहरुको महाबाढीले निश्चय नै हामी कतै हराएका जस्तै भएका छौ। कथित खुल्लापनाको स्वागतमा कतिपय बेला वेभसाइटहरुको स्तरहीन भाषा, एक अर्काप्रति हिलो छ्यापाछ्याप, राजनीति . जन समुदायका अन्य बर्गको तुलनामा महाबलिष्ठ अथवा तानाशाही बन्दैजानु,सञ्चार माध्यहरु प्रायः कला, साहित्यरहीत बन्दैजानु, बिपन्नप्रति पनि असहाय र ऐकांकिक स्थिति आदि हाम्रो समकालीन कुरा बन्दै गइरहेको प्रतीत हुन्छ। आडम्बरी(मुखुण्डो)को बढदो महत्वले मानिसलाई दोहोर जीवन जिउन प्रेरित गरिरहेको देखिन्छ। यसले ब्यक्ति स्वयमलाई बिभाजित गरिदिएको छ। यसमा दृष्टि हराउँदछ र त्यहाँ सपना, जीवन, बेदना, मृत्यु सबै पराई हुन थाल्दछन्। अर्थात् समय पनि कपुर उडेजस्तै चिप्लिन्छ गत-बिगत र आगत बर्षका रुपमा। विश्वमा आज पनि समाजका अत्यधिक ठूला समुदायका मानिसहरुको तल्लो बर्गका बिभिन्न तप्काहरुमा ठूलो बिषादको छायापरेको छ। जसले असीम दुःख, निस्तरंगा सागर जस्तै जसले कति गहिरो, कति अँध्यारो, कति पर्वत गुफा अदिलाई आफ्नो पेटमा समेटेको हुन्छ। बाहिर त केवल समयको स्वप्न-आभाषमात्र देखिने गर्दछ। त्यसैले नव बर्षमा आफूलाई ल्याउनु र उभ्याउनु मर्म, आशा, भरोषा तथा सही प्रकाश दिनु पनि हो। आखिर कसैले पनि एउटा कालखण्डको गर्भको तितीर्षा देख्नु त हो। एउटा मानिसले कतिसम्म अन्धकार सहन सक्तछ? बितेका बर्षहरुमा यस्ता अन्धकारका प्रतीक मानिने, हत्याहरु, मानवद्वेषी अमानवीय र प्राकृतिका घटनाहरुले जुन हस्ताक्षर गरेका छन् र अहिले पनि गरिरहेका छन्, त्यो केवल एउटा पक्ष हो। भाविष्यको मागको रुपायन पनि बिचार तथा साहित्यको काम हो। नव बर्ष त्यसपछि मात्र बन्दछ। नव विश्व पनि तब मात्र बन्दछ। यो नव बर्ष मनाउनु नव विश्व निर्माणको एउटा खुट्किलो पनि हो। हुन त साच्चैको मानिस र एउटा संबेदनशील लेखक कसैलाई पनि थाहा हुन्छ कि मानिसहरुको दुःखको इतिहास तथा तिनको बिजयको इतिहास दुबै असीम हुन्छन्। बितेको समयको कथा लामो हुन्छ। त्यो समाप्त हुदैन तर नवबर्ष वा आगामी बर्षको फूल पनि ओइलाएर मर्ने छैन। किनभने त्यो दिन त्यो हामी भित्रको अजेय संकल्प र उन्मेषको सुगन्ध हो। मानिसका लागि बितेको बर्ष र नयाँ बर्षको सन्धि-बिन्दू प्रकाश र अन्धकारका हरेक क्षण बिपर्यहुदै गइरहन्छन् र क्षण भंगुरतामा अन्तःप्रज्ञाको अन्तःप्रयोजन। परम्पराले चलेको मनुष्यताको यात्रा नवबर्षका भाबातिरेकबाट संयुक्त ब्यक्तिको संम्यक, सुसंगत प्रथम चिन्तन पीठ हो - पार देख्नका लागि। जहाँ मानिसले आफ्नो मनको शाश्वत दिशा रचनागर्दै बिचलित हुने समयलाई राम्रोसँग पार गर्ने सामर्थ्य राख्दछ। यो शातत्य नै पृथ्वीको श्रेष्ठतम उद्दीप्त रंग पनि हो। यसैले यथार्थतः नवबर्ष आवेगको मनवीयकरणको मात्र सहज पक्षधर प्रस्तुति हो। सबै कुरालाई प्रासांगिक बनाउन सकिदैन। अभिर्यहरुको खोजी प्रकारान्तरले नव बर्षकै खोजी हो। यो अन्तहीन मेल पनि हो बिगत र आगतको। अर्थात समय र बिबेकको। जसरी धानको बोटका पातहरुले धानको महक या बासनलालाई एक तुल्याएर सराबरी गरिदिन्छन् त्यसरी नै नव बर्षले पनि नयाँ सपनाको आभासँग जोडेर हामीभित्र र बाहिर दुबैसँग सुचित्रित गरिदिन्छ। त्यो मानिसको लागि स्वप्नमय, कलामय, अन्नमय संसार तथा भविष्यको रचना हो। नवबर्षमा गहन आबेग र सिर्जनाशील, कल्पनाशीलता हुन्छ जसमा पुनर्निर्माणका आधारमा बिभिन्न प्रकारका यथार्थहरुको सिर्जना हुन्छ। जहा समृद्धि, मिठास, प्रकाशका रंगहरुको अकथनीय बिम्बावलीहरु हुन्छन्। यसर्थ पनि नयाँ समय बिकल्पहरुको अन्वेषण गर्ने समय मानिएको र असहाय हुनु बिरुद्धको एउटा उद्‌घोष पनि हो। आधारहीन हुनु, एक्लो हुनुका साटो एउटा नयाँ प्रत्याशा। एउटा यस्तो निष्ठालाई बदि्लनका लागि बिकल्पतर्फ अग्रसर। राजनीतिक, आर्थिक ब्यवस्थामा असन्तुष्ट तर सकारात्मक सोच भएका बिचारलाई नियन्त्रण नगर्ने दिशामा अग्रसर, बहुबिध सञ्चार माध्यम, जनमत, बिचार, सिद्धान्तमा बहुआयामिकता देख्ने कलाप्रिय, सिर्जनशील या सिर्जनाधर्मीहरुले नव बर्षलाई परिवर्तन तथा मनुष्यताको मंलद्वारको रुपमा लिएका हुन्छन्, लिनुपर्दछ। यहाँ आफुका अतिरिक्त अरुका लागि पनि सम्मानजक स्थान छ। यही बिभिन्न सयम पनि हो।

## कमरेड....

राखेर समुन्नत राष्ट्रको बस्तुनिष्ठ परिकल्पना गरेको छ। प्रगतिवादी अर्थतन्त्रको मूलकुरा नै आर्थिक श्रोत साधन र विकासको पणिाको स्वामित्व श्रमजीवी बर्गको हातमा हुने उपयुक्त ब्यवस्थागर्नु हो। यसले जनतामा विकासप्रति उत्साह बढ्ने र उत्पादन बढ्ने उपुक्त वातावरण बन्दछ। अनि उनीहरुको बढ्दो क्रय शक्तिले राष्ट्रिय बजारको अभिबृद्धि हुनगई औद्योगिकरण लाई थप बढावा मिल्ने स्थिति खडा हुन्छ। रोजगारी पैदाहुन्छ र श्रमजीवी जनताको शिक्षा, स्वास्थ्य, रोजगारी र जीवनस्तरमा पनि प्रगतिशील समुन्नति आउन थाल्दछ। यसरी जन उत्पादन र जन स्तरमा अभिबृद्धिले राष्ट्रिय जीवन नै समुन्नत दिशामा अग्रसर हुने आधार र अनुकूल बातावरण बन्नगई बस्तुगतरुपमा समाजवादको आधार तयार हुने र त्यसमा प्रस्थानगर्ने ढोका खुल्नजान्छ। यो संबिधानमा लेखिने उधारो कुरा मात्र नभएर समाजवाद यथार्थ धरातल खडाभएको बस्तुगत ऊर्जाकोरुपमा बिकसित समाजमा जीवन्त हुन्छ अनि निन्तर समुन्नयनको दिशामा अग्रसर भइरहन्छ। बित्तीय पूँजीवाद र सामन्ती अबशेषबाट मुक्त भएको यस्तो समाजले मात्र राष्ट्रियता र जनतन्त्रलाई पनि स्वाधीन, सुदृढ समुन्नत तुल्याउन सक्दछ। कमरेड पुष्पलालले गरेको बिश्लेषण हालको अवस्थामासमेत मननयोँग्य रहेको छ। **लेखक: नेकपाका संयोजक हुनुहुन्छ।**

## अमेरिका....

बग्छन्। इरानको सन्दर्भमा राष्ट्रभक्ति एउटा जटिल अवधारणा हो। त्यो केवल झण्डा र नारामा सीमित छैन; त्यो इतिहासको अनुभव, बाह्य दबाब, आन्तरिक चुनौती, र भविष्यप्रतिको आशाको मिश्रण हो। मानिसहरुले आफ्नो देशलाई माया गर्छन्, तर त्यसको अर्थ सधैं सरकारसँग सहमत हुनु होइन। कहिलेकाहीँ प्रेमनै आलोचनाकारुपमा प्रकट हुन्छ। यसैले, जब हामी इरानको कथा लेख्छौं, हामीले केवल एउटा कोणबाट हेर्नुहुँदैन। त्यहाँ प्रतिरोध छ, तर त्यहाँ थकान पनि छ। त्यहाँ साहस छ, तर त्यहाँ डर पनि छ। त्यहाँ एकता छ, तर त्यहाँ विभाजन पनि छ। यही बहुआयामिकता नै यथार्थ हो। अन्ततः, यो कथा एउटा ठूलो प्रश्नमा आएर टुँगिन्छ– राष्ट्रिय स्वाधीनता वास्तवमा के हो? के त्यो बाह्य शक्तिलाई चुनौती दिन सक्ने क्षमता मात्र हो? वा त्यो आफ्नै समाजलाई सन्तुलित, न्यायँपूर्ण र स्थिर बनाउन सक्ने क्षमता पनि हो? सायद उत्तर यी दुवैको बीचमा कतै छ। इरानले संसारलाई एउटा कुरा अवश्य देखाएको छ–दबाबका बीच पनि एउटा राष्ट्र आफ्नो अस्तित्व जोगाउन सक्छ। तर त्यही समयमा यसले अर्को कुरापनि सम्झाएको छ–अस्तित्व जोगाउनु मात्र पर्याप्त हुँदैन; त्यसलाई अर्थपूर्ण बनाउनु पनि आवश्यक हुन्छ। यसैले, साम्राज्यवादी अहंकार झुक्योभन्ने वाक्य एउटा शक्तिशाली प्रतीक हुन सक्छ, तर यथार्थ त्यसभन्दा धेरै जटिल छ। यहाँ न त पूर्ण विजय छ, न त पूर्ण पराजय। यहाँ केवल निरन्तर संघर्ष छ–शक्ति र प्रतिरोधबीच, दबाब र आत्मसम्मानवीच, यथार्थ र भावनाबीच। र सायद यही संघर्षनै इतिहासलाई अघिबढाउने वास्तविक शक्ति हो। आजका सन्दर्भमा यो महत्वपूर्ण प्रशंग बनेको छ। इरान अमेरिका र त्यस आधारमा भैरहेका अन्य मुलुकका युद्धहरुलाई इतिहासको कसीमा दाँजेर हेरिनु पर्दछ।

## इरान....

गर्नुभएको छ। उहाँले अमेरिका-इरानबीच कूटनीतिक सहमति कायम गर्नुमेमा जोड पनि दिनुभएको छ। यसैक्रममा चीनले मध्यपूर्वमा दीर्घकालीन शान्तिका लागि चारबुँदे प्रस्ताव अघिसारेको छ, जसमा सार्वभौमसत्ताको सम्मान, अन्तर्राष्ट्रिय कानूनको पालना र शान्तिपूर्ण सहअस्तित्वलाई प्राथमिकता दिइएको छ। कूटनीतिक प्रयासहरु बढेसँगै विश्व बजारमा पनि प्रभाव देखिएको छ। इरानले गतसाता असफल वार्ता भएपछि पाकिस्तानहुँदै अमेरिकासँगको आदानप्रदानलाई निरन्तरता दिइएको बताएको छ। इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बकाईले इरानी प्रतिनिधिमण्डल तेहरान फर्केपछि पाकिस्तानमार्फत कैयौंसन्देशहरु आदानप्रदान भएको खुलाशा पनि गर्नुभएको छ। केही दिनअघि घोषणा गरिएको दुई हप्ताको युद्धविरामको पृष्ठभूमिमा अमेरिका-इरान वार्ता भएको थियो तर उनीहरुले युद्ध अन्त्यका लागि कुनै सम्झौतागर्न असफल भएका थिए। करिब २१ घण्टा चलेको वार्तामा उपराष्ट्रपति जेडी भान्सको नेतृत्वमा रहेको अमेरिकी प्रतिनिधिमण्डल र संसदका सभामुख मोहम्मद बाघेर गालिबाफको नेतृत्वमा रहेको इरानी पक्ष सहभागी भएको थियो। त्यसबेला मुख्य मुख्य बिन्दुहरु आधिकारिकरुपमा खुलासा गरिएको छैन, तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पछि इरानलाई स्ट्रेट अफ हर्मुज नखोलेकोमा आलोचना गरिएको र इरानले आफ्नो परमाणु कार्यक्रमको विषयमा स्वीकारगर्न अस्वीकार गरेको बताउनुभएको छ। त्यसपछि वाशिंगटनले इरानको युरेनियम संवर्द्धनमा २० वर्षको लागि रोक्न माग गरेको थियोभने इरानले यसको बदलामा आफ्नो परमाणु गतिविधि पाँच वर्षका लागि स्थगितगर्ने प्रस्ताव गरेको थियो। जुन प्रस्ताव अमेरिकी अधिकारीहरुले अस्वीकार गरेका थिए। बकाईले वार्ताकाक्रममा अमेरिकाले गरेका केही मागहरु अनुचित र अव्यवहारिक भएको बताउनुभएको छ। उहाँले इरानको आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोगको अधिकारमा जोडर्दिदै यसलाई दबाब वा युद्धको माध्यमबाट खोस्न सकिँदैन भन्नुभएको छ। बकाईले गतसाता सोमबारदेखि इरानी बन्दरगाहमा अमेरिकी नौसेनाले लगाएको नाकाबन्दीको आलोचनागर्दै यो सफल नहुने बताउनुभएको छ। उहाँले इरानले अमेरिकी शर्त स्वीकारगर्न कुनै पनि वार्तामा प्रवेश नगर्ने बताउनुभएको छ। यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले इरानसँगको युद्धविराम लाई लम्ब्याउने सैद्धान्तिक सहमति जनाएको खबर आएपछि संयुक्तराज्य अमेरिका इरानसँगको युद्धविरामलाई दुईहप्ता लम्ब्याउने विषयमा औपचारिक रुपमा सहमत नभएको एक वरिष्ठ अधिकारीले बताएका छन्। अमेरिकी नेतृत्वले युद्ध अन्त्यतर्फ उन्मुख रहेको दाबी गरिरहेका बेला क्षेत्रीय र अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरु सक्रियरुपमा संलग्न भएका छन्। मध्य पूर्वमा जारी तनाव निर्णायक मोडतर्फ उन्मुख देखिएको छ। अमेरिका र इरानबीचको वार्ता असफल भएपछि सैन्य दबाब, तेल बजारको उछाल र क्षेत्रीय द्वन्दहरु एकसाथ तीव्र बन्दैगएका छन्, जसले युद्धको जोखिम थप बढाएको संकेत दिएको छ।

## नेपालका....

गर्ने र समाजवादी मित्रराष्ट्रहरुले अनुदानमा बनाइदिएका सरकारी उद्योगधन्दासमेत कौडीको भाउमा बिक्री गर्ने र कमिशन हसुर्ने गरेका थिए। यतिमात्र होइन, उपरोक्त अनावश्यक संस्थाहरुलाई दर्तागर्ने, चलखेल गर्नदिने र तिनवाट मिलेसम्म आफू र आफ्नालाई पालनपोषण र शिक्षित-दीक्षित गर्नेदेखि राष्ट्रघाती एमसीसी र खुकुलो नागरिकता नीति पास गर्नेजस्ता ब्लन्डरहरु गरेका थिए। सरकार र संसदमा पटकपटक रहने-खाने गरेका नेका, एमाले, माओवादी (प्रचण्ड ) र मधेशकेन्दृत राजनीतिक दल र तिनका शीर्षपंक्तिका नेताहरुका यसप्रकारका भ्रष्ट, दुष्ट र निकृष्ट क्रियाकलापले गर्दा देश र जनताको हालत दिनानुदिन बदतर बन्दै-बनाइँदै गरिएको थियो। आफूलाई समाजवादी र साम्यवादीभन्ने यी दल र यिनका नेताले दुई तिहाईसम्मको बलियो मत पाई सरकार बनाएर पनि सामान्य सुधार र राहतसम्मका काम गर्न नचाहनु बरु आफूहरुले जे गरे पनि हुने दम्भ गर्नाले आफ्नै पार्टीभित्रका र बाहिरका आम जनसमुदायहरु असन्तुष्ट र आक्रोशित बन्ने र विद्रोह र विष्फोट हुने अवस्थामा पुराएका थिए। फलस्वरुप जेनजी समूहका भ्रष्टाचारको अन्त्य र सुशासन, नेपोटिज्म (आफन्तवाद)को अन्त्य र सामाजिक सञ्जालमाथिको रोकको अन्त्य जस्ता जायज मागहरु लिएर सल्केको आगो भीषण, भयावह र भस्मासुरे डढेलोको रुपमा फैलियो र देशसँगै उनीहरु स्वयंलाई नै डढाउने हदसम्म विकसित भएको-गराइएको थियो।

**वर्तमान संविधान र व्यवस्थाका दुर्गुणहरु :** ०५२-६२ को महान् जनयुद्ध र ०६२-६३ को ऐतिहासिक संयुक्त जन आन्दोलनपछि सिमित सामयिक सुधारका बावजुद पनि वर्तमान संविधान र व्यवस्था मूलतः देशमा पटकपटक असफल र अफापसिद्ध भएको उही पुरानै प्रतिक्रियावादी संसदीय व्यवस्था नै हो। यसमा वास्तवमा पुराना सामन्तवर्गदेखि नयाँ दलाल तथा नोकरशाही पुँजीपति वर्ग र तिनका प्रतिनिधि दल तथा नेताहरुले नै राज्यसत्ताको बागडोर चलाउँछन्। त्यसमाथि लोकतान्त्रिक व्यवस्था र बहुमतीय शासनको नाममा अल्पजनमत प्राप्त व्यक्ति, दल वा दलहरुले शासन गर्ने यो वेस्ट मिनिस्टर शासन प्रणाली र पहिलो हुने निर्वाचित हुने प्रत्यक्ष निर्वाचन पद्धतिका कारणले गर्दा यो व्यवस्था स्वयंमा अलोकतान्त्रिक समेत छ। फेरि एकपटक चुनिएपछि जेजस्ता जनविरोधी र देशहितविरोधी कामहरु गरेपनि न त प्रत्याह्वान हुने प्रावधान छ न त मतदान गर्दा नै नो भोट भन्ने ठाउँ प्राप्त हुन्छ। फलस्वरुप यो व्यवस्थामा दल र नेताहरु पाँच बर्षसम्म गैरजिम्मेवार र स्वेच्छाचारी हुने गर्दछन्। त्यसैगरी मिश्रित निर्वाचन प्रणालीले एकातिर कुनै एउटा दलको मात्र बहुमत आउन कठीन हुनाले प्रायः तृशंकू संसद, अपवित्र गठबन्धनको सरकार र सत्ता स्वार्थका कारण सरकार, संसद र दलहरु नै दीर्घजीवी नभै बीचमै क्रमशः भंग, विघटन र टुटफुट भै राजनीतिक तरलता र अस्थिरता हदैसम्म हुने गर्दछ र गरेको छ। विडम्बना त केसम्म हुनेगरेको छभने जनताबाट प्रत्यक्ष निर्वाचितलाई मात्र शासन गर्ने अधिकार हुनुनै लोकतान्त्रिक मान्यताभ भनिनाले प्रत्यक्ष निर्वाचन गरीबले लड्नै नसक्ने, लडे रीणमा डुब्ने र जिते रीण तिर्न भ्रष्टाचार गर्नुपर्ने र कथंकदा हारेमा ठग वा जोगी हुनुपर्ने बाध्यता आइलाग्ने अवस्था छ। यस्तै समानुपातिक निर्वाचनमा पनि नेताहरुले आफ्ना मान्छेलाई माथिराख्ने र तल राखिएकालाई पनि नेताले चाहे पठाउन सक्ने धेरै लूप होल छन् एकातिरभने अर्कोतिर जातीय समानुपातिक हुनाले यसबाट वर्गीय रुपमा शोषित-उत्पीडितहरु पारिदैनन्, फलस्वरुप गरिब दुखीको न प्रतिनिधित्व हुन्छ न त समस्या नै समाधानमा बल पुग्छ। त्यसैले यो व्यवस्थाले न्यायँ, समानता र सम्मान दिन सक्तैन। जबसम्म गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार जस्ता आधारभूत अधिकारहरु अनि न्यायँ, समानता, स्वतन्त्रता र सम्मानको ग्यारेन्टी हुँदैन तबसम्म विरोध, विस्फोट र विद्रोह भैनैरहन्छ। यो पृष्ठभूमि यही नयाँ भनिएका संविधान र व्यवस्थाले नै तयार गरेकोले पनि जेनजी विद्रोह र यसका अघिपछिका कारण र परिणामहरु पैदा भएका हुन्। यो कुरालाई समेत गहिरो गरी मनन गरेर नेपालमा हुने हरेक राजनीतिक घटनाहरुको मूल्यांकन गरी निष्कर्षमा पुग्नु सही हुन्छ। हाल सरकार बन्दानवन्दै संविधान संशोधनगर्न यस्ले गरिरहेको प्रयासले पनि संविधान र व्यवस्थामा प्रशस्त त्रुटि रहेको प्रमाणित हुन्छ। जुन त्रुटिका कारण पुराना दल र नेताहरुले चाहेर पनि केही गर्न नसक्ने अवस्था हुन्थ्यो, यदि तिनलाई पहिचान गरेर संशोधन नगर्ने हो भने अहिलेको सरकारको पनि विगतकाहरुको जस्तै हालत हुन सक्छ। तर यो संविधान र व्यवस्थाका माथि उल्लिखित खोटलगायतका विद्यमान सबै कमीकमजोरीहरुलाई सच्याएर जनता र देशको हितका पक्षमा गराउन सक्ने अनि इमानदारी र साहसपूर्वक काम गर्ने-गराउने दम हुने हो भने पनि धेरै हदसम्म देशमा परिवर्तनको अनुभूति हुनसक्छ।

**विदेशी हस्तक्षेपको इतिहास :** कुनै पनि देशको कुनै एउटा राजनीतिक घटनाकोबारेमा निष्कर्षमा पुग्नको लागि त्यसदेशको राजनीतिक इतिहासको सापेक्षतामा अध्ययन गरिएमा सत्य अन्वेषणमा सघाउ पुग्छ। नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासमा ठूला विद्रोह र आन्दोलन भनेका मुख्यतः २००७, २०४६ र ०६२-६३ नै हुन्। यी तीनवटै ठूला आन्दोलनको ईतिहास अध्ययन गर्दा पनि यी परिवर्तनकारी आन्दोलनहरुमा शुरुमै, बिचमै वा अन्त्यमै पनि वैदेशिक हस्तक्षेप हुने गरेको ईतिहास छ। यहाँसम्म कि नेपाल औपनिवेशिक शोषण-उत्पीडनमा परेकोले साम्राज्यवाद-विस्तारवादबाट राष्ट्रिय मुक्तिको लागि समेत भनेर नयाँ जनवादी क्रान्तिगर्ने भन्दै हतियार उठाएको प्रचण्ड नेतृत्वको जनयुद्धकारी माओवादी विद्रोहमा समेत यसको पछिल्लो अवधितिरबाट प्रत्यक्ष-अप्रत्यक्ष रुपमा इन्डो-अमेरिकी हस्तक्षेप भएको जगजाहेरै छ। भारतीय डिजाइनमा प्रचण्ड-बाबुराम र गिरिजा-माधवको चाहना समेतमा दिल्लिमा सम्पन्न कुख्यात १२ बुँदे सहमती, विस्तृत शान्तिसम्झौता, अनमिनको प्रवेश र राजतन्त्र फाल्नमा भारतको दवाव आदिको निरन्तरतामा वर्तमानको जेनजी विद्रोहलाई हेर्नू वस्तुवादी हुन्छ। अझ यहाँनेर राष्ट्रवादी नेता मदन-आशृत हत्याकाण्ड र राजा वीरेन्द्रको वंशनासकारी दरबार हत्याकाण्डमा वैदेशिक शक्तिकेन्द्रकै हात रहेको पनि आम जनताले अझै बिर्सेका छैनन्। उपरोक्त घटनाक्रमका साथै नेपालमा प्रधानमन्त्री देखि तलतलसम्मका पदहरुमा भारतीय चासो हुनेगरेको र ꣵअअ पास गराउनमा अमेरिकी चलखेल र हस्तक्षेप पनि ताजै रहेको सन्दर्भमा अन्य केही प्रत्यक्ष प्रमाण र आधारहरु नदेखिएको अवस्थामा समेत जेनजी विद्रोह एकदमै स्वतन्त्र, स्वतस्फूर्त र मौलिक विद्रोह भन्न गाह्रो पर्थ्यो भने माथि उल्लिखित थुप्रै आधार र कारणहरुले समेत यसमा पनि विदेशी हस्तक्षेप भएकोमा शंका देखिदैन। फेरि पनि विदेशी हस्तक्षेपप्रति झुक्ने, बिक्ने र चुक्ने कि देशको हितमा वाद-विवाद-संवादगर्ने र आवश्यक परे प्रतिवाद-प्रतिरोध पनि गर्ने ? यो राज्यसंचालकहरुको छनोटको कुरा हो। फरक यत्ति छ, पहिलो बाटो छाने ईतिहास झन् निर्ममरुपमा दोहोरिन्छ; दोस्रो छाने देश, जनता र राज्य संचालककै शिर र स्वाभिमान उचो हुन्छ।

**आजको देशको प्रमुख आवश्यकता :** विदेशीहरुले आफ्नो स्वार्थको निम्ति नेपाल र नेपाली लाई प्रयोग गर्न खोज्छन्। यसमा प्रयोग हुने मुख्य कमजोरी हाम्रा नेता र शासकहरुको हो। हाम्रा शासकहरुकै गल्ती, कम्जोरीमै टेकेर उनीहरु यहाँ हालीमुहाली मच्चाउन, हुकुम-हैकम चलाउन र हस्तक्षेप समेत गर्न सफल हुन्छन्। यो पछिल्लो घटनाप्रकरणमा पनि यही भएको छ। तर आशा गरौं जनताको अपार विश्वासका कारण बनेको यो सरकारका नेताहरुलाई हिजो शक्तिकेन्द्रले प्रयोग गरेको भएपनि आज जनताको ठूलो बल मिलेकोले वैदेशिक शक्तिकेन्द्रको दवाव बमोजिम यिनले देशघाती र जनघाती काम नगर्न पनि सक्छन्। अब रवि-बालेनहरु जनताले आफूहरुमाथि गरेको यो अगाध मायालाई विदेशीहरुको हितमा होइन स्वदेशीहरुकै हितमा प्रयोग गर्न सक्नुपर्छ। यो नै उनीहरुको चलाकी, बुद्धिमानी, जिम्मेवारी, देशप्रेम र जनप्रेमको पहिचान पनि हुनेछ। हाल सरकार बन्दानवन्दै संविधान संशोधन गर्न यस्ले गरिरहेको प्रयास यसदिशाको एउटा संकेत पनि हो। यस संविधान र व्यवस्थामा प्रशस्त त्रुटि रहेको र केही हदसम्म यिनै त्रुटिका कारण पुराना दल र नेताहरुले चाहेर पनि केहीगर्न नसक्ने अवस्था हुन्थ्यो। यदि तिनलाई पहिचान गरेर संशोधन नगर्ने होभने अहिलेको सरकारको पनि विगतकाहरुको जस्तै हालत हुन सक्छ। तर यो संविधान र व्यवस्थाका यावत खोटहरुलाई पहिचान गरेर सच्चाउने अनि जनता र देशको हितका विपक्षमा हिजो भएगरेका तमाम सन्धिसम्झौता, नियमकानून र नीतिनिर्देशिका सच्चाउने अनि भ्रष्टाचारजन्य कामकार्वाहीहरुलाई विधिसम्मत, न्यायँसम्मत र देश-जनताहितसम्मत तरिकाले इमानदारी र साहसपूर्वक कार्वाही गर्ने-गराउने दम हुने होभने पनि धेरै हदसम्म देशमा परिवर्तनको अनुभूति हुनसक्छ। आशा गरौं यस्तै होस्। ːꣵꣵ र १९५० लगायतका सम्पूर्ण राष्घाती सन्धीसम्झौताहरु खारेज गरियून् ; लिम्पियाधुरासम्म नेपालको भूभाग कायम गरियोस्; कालापानी क्षेत्रबाट भारतीय सैनिक क्याम्प हटाइयोस, ꣵएए जस्ता घातक सन्धिसम्झौता नगरियून, संसद र पार्टीकाभन्दा सडक र दीनहीन जनताका आवाज सुनियून् ; मिटरब्याज, लघुवित्त र सहकारीलगायतका ठगहरुलाई गिर्फ्तार गरी तिनका नातागोताका सम्पत्तिबाट समेत पीडितहरुलाई क्षतिपूर्ति दिलाइयोस् ; गासबासकपास, शिक्षास्वास्थ्य र रोजगारको समुचित व्यवस्था होस्; देशीहरुका दवाव होइन सुझाव र स्वच्छ सहयोगलाई देशहितमा हुनेगरी मात्र लिइयून, संविधानप्रदत्त राष्ट्रियता, जनअधिकार र जनजीविकाहरु सुनिस्चित होउन, राष्ट्रिय स्वाधीता र असंलग्नता अक्षुण्ण रहोस, देशमा शान्ति, न्यायँ, समानता, स्वतन्त्रता, सुशासन र विकास होस्! यही आजको नेपाल र नेपालीको प्रमुख आवश्यकता हो, भनिरहन नपरोस् !! **(लेखक : हाल नेकपाका नेता हुनुहुन्छ। उहाँ अमेरिकाको ह्युष्टन टेक्सासमा रहनुभएको छ।)**